# सामाजिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन

आर्थिक वर्ष २०७६/७७

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

२०७६

सामाजिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन

सामाजिक विकास मन्त्रालय र मातहतका निर्देशनालय तथा सामाजिक विकास डिभिजन कार्यालयबाट आर्थिक वर्ष २०७६/७७ मा सञ्चालन हुने बजेट उप-शिर्षक नं ३५०००१३ बाल अधिकार तथा सामाजिक न्याय कार्यक्रम र बजेट उप शीर्षक नं ३५०००१५ लैंगिक सशक्तीकरण तथा मूल प्रवाहीकरण कार्यक्रमहरुको पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थितसञ्चालन तथा सहजीकरणका लागि यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरिएको छ।

सामाजिक विकास मन्त्रालयबाट स्वीकृत मितिः मार्ग २०७६


प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास महशाखा
बुटवल,
फोनः ०७१-५५०६५०
Email: dsdp5butwal@gmail.com
Website: www.mosd.p5.gov.np

# विषय-सुची


कार्यक्रमको अवधारणा पत्रको खाका....................i

कार्य शर्तको मोटमोटी खाका....................v

कार्यक्रम सञ्चालनका मार्गदर्शन....................vi

बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम....................1

साझेदारीमा प्रदेश स्तरीय सुविधा सम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माण....................1

साझेदारीमा प्रदेश स्तरीय अपाङ्गता नागरिक ग्राम निर्माण....................3

सार्वजनिक सेवा/सरकारी सेवामा कार्यरत कर्मचारीहरुका लागि प्रदेश स्तरीय शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन....................5

बाल सुधार गृहको सुदृढीकरण र व्यवस्थापनमा सहयोग....................7

प्रदेशमा सञ्चालित बाल संरक्षण गृहको व्यवस्थापन, सुदृढीकरण र सञ्चालन अनुदान....................8

प्रदेश बालअधिकार समिति गठन तथा व्यवस्थापन....................10

जिल्ला बाल अधिकार समिति गठन तथा व्यवस्थापन अनुदान....................11

बाल श्रम तथा बाल विवाह मुक्त अभियान....................13

बालबालिका सम्बन्धी अध्ययन विश्लेषण र प्रतिवेदन प्रकाशन....................13

बालश्रम तथा बालविवाह विरुद्धको सचेतना अभियान....................15

बालश्रम तथा बालविवाह अन्त्यका लागि प्रदेशस्तरीय रणनीति निर्माण तथा कार्यान्वयन....................16

प्रदेशस्तरीय बालश्रम तथा बालविवाह विरुद्धको सम्मेलन....................18

बाल अधिकार तथा संरक्षण....................21

बाल अधिकार सम्बन्धी अन्तरकृया, गोष्ठी, सुचना सञ्चार....................21

किशोर किशोरी माथी हुने शारीरिक तथा यौनजन्य दुर्व्यवहार विरुद्ध सचेतनामूलक कार्यक्रम....................23

जिल्ला/स्थानीय बाल अधिकार समितिको समन्वयमा बालबालिकाको उद्धार....................25

जिल्लास्तरीय बालक्लव सञ्जालको प्रादेशीक बालभेला तथा अन्तरकृया कार्यक्रम..........................26
बाल हेल्प लाइन स्थापना तथा सञ्चालन....................................................................28
ज्येष्ठ नागरिक लगतका साथै वर्तमान अवस्था अध्ययन..................................................30
ज्येष्ठ नागरिकहरुको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन.............................................30
ज्येष्ठ नागरिकको अधिकार संरक्षण र प्रवर्द्धन कार्यक्रम....................................................32
सडक मानवमुक्त प्रदेश निर्माणका लागि मानव सेवा आश्रम बुटवल, नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र लगायतका संस्थाहरुलाई चालु अनुदान..........................................32
स्थानीय तहसँग समन्वय गरी दिवा सेवा केन्द्र सञ्चालन, व्यवस्थापन र सुदृढीकरण अनुदान...........34
सडक मानवमुक्त प्रदेश निर्माणका लागि मानव सेवा आश्रम बुटवल, नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र लगायतका संस्थाहरुलाई पुँजीगत अनुदान....................................35
ज्येष्ठ नागरिकको अधिकार सम्बन्धी सशक्तिकरण कार्यक्रम...............................................38
ज्येष्ठ नागरिकहरुका संवैधानिक कानूनी लगायतका अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन.........................................................................................................38
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यक्रम...................................39
अपांगता भएका व्यक्तिहरुलाई स्वरोजगारमुलक सिप विकास तालिम.....................................39
अपाङ्गता अधिकार सम्वन्धी सशक्तीकरण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन......................41
अपाङ्गता भएका व्यक्तिहरुको लगत सङ्कलन, अवस्था अध्ययन, विश्लेषण तथा प्रतिवेदन...............43
अपाङ्गता भएका व्यक्तिहरुबाट उत्पादित वस्तु तथा सामग्रीको विक्री केन्द्र...............................44
स्थापना तथा सञ्चालन...........................................................................................44
सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि.वि.आर. संस्था अनुदान कार्यक्रम। ..........................46
अपाङ्गता पुनर्स्थापना केन्द्र सहयोग अनुदान। ..........................................................47
अपांगता भएका व्यक्तिहरुको लागि निःशुल्क सहायता सामाग्री वितरण......................................49
सामाजिक न्याय तथा सचेतना...................................................................................50

प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिम....................50
सचेतनामूलक कार्यक्रम....................51
जिल्ला प्रहरी कार्यालयसँगको सहकार्यमा साईवर अपराध सम्बन्धी १ दिने अन्तरक्रिया....................53
सन्देशमुलक रेडियो जिङ्गल, सुचनामूलक सन्देश उत्पादन, प्रकाशन र प्रशारण....................54
लोपोन्मुख, सिमान्तकृत, अल्पसंख्यकहरुको सूचीकरणका लागि अध्ययन र सशक्तिकरण कार्यक्रम..56
पत्थरकट्टा, नटुवा, कुसुण्डा, राउटे, चिडिमार, सोनाहा, राजी लगायतका समुदायका लागि संरक्षण तथा उत्थान कार्यक्रम....................58
कार्यक्रम अनुगमन....................59
लागु औषध तथा दुर्व्यसनी पुनर्स्थापना केन्द्रहरुलाई सहयोग अनुदान....................60
महिला विकास तथा सशक्तिकरण....................62
महिलाहरुको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन....................62
महिलाहरुको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम....................63
लैङ्गिक मैत्री कार्यालय व्यवस्थापन सम्बन्धी मार्गदर्शन निर्माण....................65
लैङ्गिक सम्पर्क विन्दुको कार्यविधि निर्माण तथा अन्तरकृया....................67
किशोर किशोरी लक्षित यौन र प्रजनन शिक्षा सम्वन्धी सचेतनामूलक कार्यक्रम....................69
प्रदेश स्तरीय एकल महिला सञ्जाल सँग अन्तरकृया कार्यक्रम....................71
महिला सहकारी संस्थागत अन्तरकृया कार्यक्रम....................73
अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण....................75
लैङ्गिक हिंसा निवारण, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण....................77
सामुदायीक मनोसामाजिक विमर्शकर्ता तालिम १० दिने....................77
लैगिक हिंसा विरुद्ध १६ दिने अभियान....................79
स्थानिय तहका महिला जनप्रतिनिधीहरुलाइ लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक तालिम कार्यक्रमको विवरण:....................81

मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियान ........ 83

मानव बेचविखन तथा ओसारपसार प्रभावितका लागि सञ्चालित पुनस्थापना केन्द्र सञ्चालन अनुदान... 85

स्थानीय तहमा महिला उद्यमशिलता विकास कार्यक्रम ........ 87

महिलाहरुका लागि सिप विकास तालिम (७ दिने, वस्तुगत टेवा सहित) ........ 87

विपन्न तथा द्वन्द प्रभावित महिलाका लागि सिप विकास तालिम सञ्चालन ( ३ महिने) ........ 89

महिला उद्यमशीलता प्रोत्साहन ........ 91

उत्कृष्ट महिला सहकारी संस्था पुरस्कार कार्यक्रम ........ 92

बैंक तथा वित्तीय संस्थाहरुसँग संस्थागत सामाजिक उत्तरदायीत्व सम्बन्धी कार्यक्रम ........ 94

लैङ्गिक हिंसा / घरेलु हिंसा प्रभावितका लागि सञ्चालित जिल्ला सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र सञ्चालन अनुदान ........ 96

दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम ........ 98

नीति तथा कानून निर्माण ........ 100

## कार्यक्रमको अवधारणा पत्रको खाका

१. आयोजनाको संक्षिप्त परिचय

| | |
|---|---|
| १. आयोजनाको नाम (Project Name) | |
| २. आयोजनाको खर्च सङ्केत (Project Expenditure Code) | |
| ३. आयोजनाको औचित्य (Project Rationale) | |
| ४. आयोजनाको कूल बजेट (Project Budget) | |
| ५. आयोजना रहने स्थान (Project Location) | |
| ६. आयोजनाको मुख्य उदेश्य (Project Objectives) | |
| ७. आयोजनाको अपेक्षित प्रतिफल (Project Outputs) | |
| ८. आयोजनाको अपेक्षित नतिजा (Project Outcomes) | |
| ९. आयोजनाका लाभग्राही (Project Beneficiaries) | |
| १०.आयोजना कार्यान्वयन गर्ने निकाय (Implementing Agencies) | |

२. आयोजनाको बजेट खर्चको बाँडफाँट

| जनशक्तिको खर्च (Expenditures on Human Resources) | | | |
|---|---|---|---|
| जनशक्ति विवरण (Description) | एकाई (Unit) संख्या | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| सामाग्री ( Expenditures onGoods) | | | |
| विवरण (Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |

| | | | |
|---|---|---|---|
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| निर्माण खर्च (Construction Cost) | | | |
| विवरण(Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| तालिम खर्च (Training Cost) | | | |
| विवरण (Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| परामर्श खर्च (Consultancy Cost) | | | |
| विवरण (Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| अनुगमन खर्च ( Monitoring Cost) | | | |

| विवरण (Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| कार्यक्रमसँग सम्बन्धीत खर्च मात्र समावेश गर्नु पर्दछ। जस्तै निर्माण कार्यमा तालिम खर्च नहुन सक्छ | | | |

३. आयोजनाको अनुगमन तथा मूल्याङ्कन तालिका

| विवरण | समय तालिका | पटक | अनुगमनमा संलग्न जनशक्ति | |
|---|---|---|---|---|
| | | | विवरण | संख्या |
| १. सम्भाव्यताको लागि स्थलगत भ्रमण | | १ | | |
| २. लागत अनुमान तयार पार्न स्थलगत अनुगमन | | १ | | |
| ३. प्रगति अनुगमन | | | | |
| ४. जाँचपासको लागि स्थलगत भ्रमण | | | | |
| ५. सार्वजनिक परीक्षणको स्थलगत भ्रमण | | १ | | |
| ६. आयोजना हस्तान्तरणमा भ्रमण | | १ | | |
| ७. प्रगति समीक्षा | | १ | | |

४. आयोजनाको कार्यान्वियन तालिका

| क्रियाकलाप | समय | जिम्मेवारी | प्रतिफल |
|---|---|---|---|
| १. अवधारणा पत्र तयार | | | अवधारणा पत्र |
| २. लागत अनुमान तयार पार्ने | | | लागत अनुमान |
| ३. परामर्श सेवा भए कार्य शर्त (ToR) र RFP | | | TOR and RFP |

| | | | |
|---|---|---|---|
| तयार गर्ने | | | |
| ४. तालिम कार्य भए तालिमा योजना तयार पार्ने | | | Training Plan |
| ५. सामग्री खरिद भए स्पेसिफिकेशन सहित बिड डकुमेन्ट तयार गर्ने | | | Specification and bid document |
| ६. निर्माण कार्य भए स्पेसिफिकेसन, Drawinng, design, Bid Document तयार गर्ने | | | Bid document with specification, drawing and design |
| ७. सूचना वा प्रस्ताव आव्हान | | | |
| ८. प्रस्तावको मूल्यांकन | | | Evaluation |
| ९. सम्झौता समय | | | Agreement |
| १०.कार्यान्वयन | | | Implementation |
| ११.जाँचपास | | | Technical Examination |
| १२.सार्वजनिक परीक्षण | | | Public Audit |
| १३.फरफारक | | | Clearance |

५. आयोजना जोखिमको लेखाजोखा

| सम्भावित जोखिम (Potential Risks) | जोखिमबाट आउन सक्ने परिणाम (Consequences) | जोखिम न्यूनीकरणको रणणनीति (Risks Reduction Strategy) |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

## कार्य शर्तको मोटमोटी खाका

१. परिचय (Introduction)
२. अध्ययनको उदेश्य (Study Objectives)
३. अध्यनको अपेक्षित नतिजा (Expected Outputs)
४. अध्ययनको कार्य क्षेत्र (Scope of Work)
५. अध्ययन विधि (Methodology)
६. अध्ययनमा संलग्न जनशक्तिको विवरण, संख्या र निजहरुको योग्यता
७. अध्ययन प्रतिवेदनको भाषा र संख्या (Language of work)
८. अध्ययनको व्यवस्थापनको जिम्मेवारी (Responsible Unit)
९. लागत अनुमान (Cost Breakdown)
१०. परामर्श दाता छनौटको मूल्यांकनको आधार (खरिद ऐन अनुसार)
११. परामर्शदाताले पेश गर्नु पर्ने दस्तावेजहरु (Documents to be submitted)
१२. अनुगमन तथा मूल्यांकन (Monitoring and Evaluation)
१३. परामर्शदाताको समय तालिका (Time Schedule)
१४. भुक्तानीको किस्ता तरिका (Payment and Instalment)
१५. प्रतिवेदनको पुनरावलोकन (Review of Report)
१६. परामर्शदाताले पालन गर्नु पर्ने अन्य शर्तहरु
१७. अनुसूचीहरु (Annexes)
   १. प्रतिवेदनको ढाँचा (Format of Report)
   २. आर्थिक प्रस्तावको ढाँचा (Financial Proposal Format)
   ३. प्राविधिक प्रस्तावको ढाँचा (Technical Proposal Format)
   ४. परामर्शदाताको विज्ञ टोलिको व्यक्तिगत विवरणको ढाँचा (Format of Bio-data)

## कार्यक्रम सञ्चालनका मार्गदर्शन

वार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा संस्था प्रमुख, लेखा प्रमुख,कार्यक्रम संयोजक लगायत कार्यक्रममा संलग्न कर्मचारी तथा निकायहरुले ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरु देहाय बमोजिम रहेका छन्-:

१. यो मार्गदर्शन सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०७६/७७ मा सञ्चालन गर्ने कार्यक्रमको कार्यान्वयन सहजीकरणका निमित्त तयार गरिएको छ ।

२. यो मार्गदर्शन र कार्यक्रम सञ्चालनसँग सम्बन्धी प्रचलित कानून बाझिएमा प्रचलित कानून अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ ।

३. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस मार्गदर्शनलाई राम्ररी अध्ययन गर्नुपर्दछ।

४. यसमार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सामाजिक विकास महाशाखाको हकमा महाशाखा प्रमुख, निर्देशनालयको हकमा शिक्षा तथा सामाजिक विकास निर्देशनालयका प्रमुख, र सामाजिक विकास डिभिजन कार्यालयको हकमा उक्त कार्यालयको प्रमुखको हुनेछ।

५. कार्यक्रम सञ्चालन गर्नु पूर्व प्रचलित कानूनको प्रावधान अनुकुल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रकृया, कार्यक्रममा लाग्ने अनुमानित खर्च बाँडफाँड, कार्यक्रमका सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति आदि उल्लेख गरिएको कार्यक्रमको रुपरेखा तथा अवधारणा (Detail Program Framework and Concept) संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट टिप्पणी आदेशबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गराउनु पर्दछ ।

६. स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रहीसार्वजानिक खरिद ऐन, २०६३; सार्वजानिक खरिद नियमावली (संशोधन २०७५ समेत) २०६४; प्रदेशनं ५ प्रदेश आर्थिक ऐन, २०७५; प्रदेश नं ५ को सार्वजनिक खर्चको मापदन्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५; प्रदेश सार्वजनिक खरिद सम्बन्धी खरिद नियमावली, २०७६; अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५; नेपाल सरकारको भ्रमण खर्च नियमावली २०६४; बमोजिम बाँडफाँड गरी स्वीकृत गराई मितव्ययी, पारदर्शी तथा दक्षतापूर्वक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

७. कार्यक्रम सञ्चालनको अवधिमा कार्यक्रम सञ्चालनसँग सम्बन्धीत कुनै ऐन,नियमावली, कार्यविधि, निर्देशिका संशोधन भएमा संशोधन भएको प्रावधान अनुसार गर्नुपर्दछ।

८. यस मार्गदर्शनमा उल्लेखित वार्षिक कार्यक्रमको सञ्चालन गर्दा प्रदेश सरकार, प्रदेश नं.५ को सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, कार्य सञ्चालन निर्देशिका, भ्रमण खर्च नियमावली, आर्थिक ऐन, आर्थिक कार्यविधि नियमावली र खर्च सम्बन्धी अन्य निर्देशिका वा कार्यविधि स्वीकृत भएपश्चात सोहि वमोजिम खर्च बाँडफाँड गरी कार्य सञ्चालन गर्नुपर्नेछ ।

९. कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखामा पठाउनुपर्नेछ। सामाजिक विकास डिभिजन कार्यालयले तालुकको निर्देशनालयमा समेत पठाउनु पर्नेछ।

१०.कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक अवधारणा(Result Framework), स्वीकृत कार्ययोजना, समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नुपर्नेछ। कुनै संघ संस्थाबाट कार्यक्रम सञ्चालन गर्दा सो कार्यक्रमको गुणस्तर कायम गर्ने, कार्यक्रमको विधि र प्रक्रिया पूरा गर्ने र सार्वजनिक लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धीत संघ संस्थाको हुनेछ ।

११.तालिमहरु सञ्चालन गर्दा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्डको सीमाभित्र रही सञ्चालन गर्नु पर्नेछ ।

१२.प्रदेश विनियोजन ऐन अनुसार हुने गरी आवश्यकता र औचित्यका आधारमा स्थानीय तह मार्फत सञ्चालन गर्न सकिने कार्यक्रमहरु स्थानीय तहलाई अख्तियारी प्रदान गरी कार्यक्रमको कार्यान्वयन गर्न सकिनेछ ।

१३.संघ संस्थामार्फत सञ्चालन भएका कार्यक्रमहरुको सार्वजनिक परीक्षण गराएर मात्र फरफारक गराउने व्यबस्था मिलाउनु पर्नेछ ।

१४.भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सन्चलान गर्दा राष्ट्रिय भवन संहिता २०६०, नेपाल सरकारबाट स्वीकृत सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदन्ड , २०७२ पालना गर्नु पर्नेछ।


१५.भौतिक संरचना निर्माण गर्दा भवन ऐन,२०५५ ले निर्धारण गरेको योग्यता पुगेको प्राविधिकबाट लागत अनुमान, डिजायन, स्पेसिफिकेशन तयार गर्नु पर्नेछ।

१६.परामर्शदातावाट भएको अध्यन सम्बन्धी कार्यको परामर्शदातालाइ अध्ययन प्रतिवेदन प्रतिवेदन प्रस्तुत गर्न लगाइ तोकिएको कार्यशर्त अनुसार कार्य भए नभएको सुनिश्चतथा गर्नु पर्नेछ।

१७.कार्यक्रमको खर्च गर्दा  महालेखा नियन्त्रकको कार्यालयको खर्च संकेतको व्याख्यलाई आधार मानी खर्च गर्नु  पर्नेछ।

१८.तालीम कार्यक्रमको तालीम योजना तथा तालिम पाठ्यक्र समेत तयार पार्नु पार्नु पर्नेछ

१९.खरिद कार्य स्वीकृत वार्षिक खरिद योजना अनुसार गर्नु पर्नेछ। बहुवर्षीय योजनको हकमा मन्त्रालयले बहुवर्षीय खरिद योजना स्वीकृत गराउनु पर्नेछ।



## वालअधिकार तथा सामाजिक न्याय कार्यक्रम

### साझेदारीमा प्रदेश स्तरीय सुविधा सम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माण

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | बजेट (हजार) | इकाई | विनियोजित बजेट रु. हजारमा | सञ्चालन अवधि | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक |
| ३११५९ | पटक | ८७०० | १ | १०००० | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :नेपालको विद्यमान कानूनी व्यवस्था अनुसार ६० वर्ष उमेर समूहभन्दा माथि उमेर भएका व्यक्तिलाई ज्येष्ठ नागरिक भनेर परिभाषित गरेको छ। ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्ने दायित्व परिवारको भएपनि कतिपय ज्येष्ठ नागरिक परिवार विहीन भएर त कतिपय ज्येष्ठ नागरिक परिवारवाट परित्यक्त भएर वृद्धाश्रम वा संरक्षण गृहहरुको सहारामा पुग्नुपर्ने हुन्छ ।मानव अधिकारका दृष्टिकोणले पनि त्यस्ता नागरिकहरुको संरक्षणका लागि आवश्यक व्यवस्थापन गर्नु सरकारको दायित्व हुन्छ।जीवनको उत्तरार्धका दिनहरु ज्येष्ठ नागरिकहरुको लागि कस्टकर हुने गरेका छन् । परिवारवाट हेरचाह गर्नुपर्ने दायित्व भएका सदस्यसँगै नहुँदा वा आफ्नै सन्तान नभई एक्लो जीवन विताउन वाध्य र परिवारवाट परित्यक्त ज्येष्ठ नागरिकहरुको समेत संरक्षण र व्यवस्थापन सरकारले गर्नुपर्ने भएकोले केही सम्पत्ती भएका वा हुँदै नभएका ज्येष्ठ नागरिकहरुको संरक्षण गर्न आवश्यक भएको र त्यसको लागि ज्येष्ठ नागरिक मैत्री भवन आवश्यक भएकोले प्रदेश सामाजिक विकास मन्त्रालयले यो कार्यक्रम तय गरेको छ।

३. कार्यक्रमको उद्देश्यः राज्यले संरक्षण गर्नुपर्ने अशक्त असहाय तथा परित्यक्त ज्येष्ठ नागरिकहरुलाई संरक्षण गर्न स्थानीय तहसँग सहकार्य गरी प्रदेश स्तरीय सुविधा सम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माणगर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. सामाजिक विकास महाशाखाबाट यस सम्बन्धमा जानकार व्यक्तिहरूसँग छलफल र अन्तरक्रिया गरी यस सम्बन्धी अवधारणापत्र तयार गरी भौतिक पूर्वाधार मन्त्रालयलाई उपलब्ध गराउने।

२. सैनामैना नगरपालिकासँग समझदारीपत्रमा हस्ताक्षर गरी यसको DPR र वातावरणपरीक्षण सम्बन्धी वित्तीय जिम्मेवारी सैनामैना नगरपालिकालाइ प्रदान गर्ने।

३. भौतिक पूर्वाधार मन्त्रालयबाट प्रचलित कानून अनुसार चालु आर्थिक वर्षमा जेष्ट नागरिक ग्रामको पूर्वाधारको कार्य गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सो कार्यक्रम कार्यान्वयन हुन नसकेमा यसको कार्यान्वयन शिक्षा तथा सामजिक विकास निर्देशनालय वा स्थानीय तह मार्फत् गर्ने।

५. कार्यक्रम ठेक्कापट्टाबाट कार्यन्वयन हुनेछ।

५. कार्यक्रम सञ्चालन स्थान :सैनामैना नगरपालिका वडा नं - १ वनकटवा ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय : भौतिक पूर्वाधार विकास मन्त्रालय वा सामाजिक विकास मन्त्रालय वा मातहतको निकाय।

७. बजेट खर्च तथा वित्तीय व्यवस्थापनः स्वीकृत बजेटको तथा कार्यक्रमको परिधिभित्र सार्वजनिक खरिद ऐन तथा नियमावली, प्रदेश सरकारबाट स्वीकृत यस सम्बन्धी कानूनहरु तथा सामजिक विकास मन्त्रलयबाट जारी भएका कार्यविधि वा निर्देशिका तथा कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :पूर्ण रुपमा अनाथ असहाय परित्यक्त अवस्थामा रहेका ज्येष्ठ नागरिकहरुका लागि प्रदेश सरकारको तर्फवाट उचित संरक्षणको व्यवस्था भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मातहतका निकाय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :

१. भौतिक पूर्वाधार विकास मन्त्रालय / शिक्षा तथा सामाजिक विकास निर्देशनालयले चौमासिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ।

२. उक्त प्रतिवेदन सामाजिक विकास महाशाखाले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

साझेदारीमा प्रदेश स्तरीय अपाङ्गता नागरिक ग्राम निर्माण

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक |
| ३११५९ | पटक | १ | ५००० | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय: अशक्तताको गाम्भीर्यताका आधारमा अपाङ्गताको वर्गीकरण ४ किसिमले गरिएको छ। जसमा सामान्य अपाङ्गता, मध्यम अपाङ्गता, अति अशक्त अपाङ्गता र पूर्ण अशक्त अपाङ्गता पर्दछन्। पूर्ण र अति अशक्त अपाङ्गताभएका व्यक्तिहरुलाई त्यस्ता व्यक्तिको शारीरिक वा मानसिक प्रणालीमा भएको कार्यगत विचलनका कारण अरुको सहारा लिएर दैनिक जीवन चलाउनु पर्ने हुन्छ। हाम्रो समाजमा पारिवारिक बोझको रुपमा लिने र कतिपय अवस्थामा सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरुलाई अवहेलना, तिरस्कार र हेला गरी खुला अकाशमूनी सडकमा जीवन बिताउन बाध्य हुनुपर्ने अवस्था छ भने कतिपय अवस्थामा वुवा आमा संरक्षक वा कोही आफन्त समेत नभइ मागेर जीवन बताउनु पर्ने अवस्था देखिन्छ । त्यस्ता अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणको उपयुक्त संरक्षण गर्नु पनि प्रदेश सरकारको दायित्व हुने हूदाँ यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य: पूर्णरुपमा वा अति अशक्त अपाङ्गता भई वेवारीसे अवस्थामा रहेका वा परिवारबाट परित्यक्त अपाङ्गता व्यक्तिहरुको संरक्षणका लागि साझेदारीमा प्रदेश स्तरीय अपाङ्गता नागरिक ग्राम निर्माण गर्ने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. सामाजिक विकास महाशाखाबाट यस सम्बन्धमा जानकार व्यक्तिहरूसँग छलफल र अन्तरक्रिया गरी यस सम्बन्धी अवधारणापत्र तयार गरी भौतिक पूर्वाधार मन्त्रालयलाई उपलब्ध गराउने।

२. सैनामैना नगरपालिकासँग समझदारीपत्रमा हस्ताक्षर गरी यसको DPR र वातावरणपरीक्षण सम्बन्धी वित्तीय जिम्मेवारि सैनामैना नगरपालिकालाइ प्रदान गर्ने।

३. चालू आर्थिक वर्षमा यसको विनियोजित बजेटको भौतिक पूर्वाधार मन्त्रालयलाई उपलब्ध गराउने।

४. भौतिक पूर्वाधार मन्त्रालयबाट प्रचलित कानून अनुसार चालु आर्थिक वर्षमा अपाङ्गता नागरिक ग्रामको पूर्वाधारको कार्य गर्ने।

५. भौतिक पूर्वाधार विकास मन्त्रालबाट सो कार्यक्रम कार्यान्वियन हुन नसकेमा यसको कार्यान्वियन शिक्षा तथा सामजिक विकास मन्त्रालय वा स्थानीय तह मार्फत् गर्ने।

६. यो कार्य ठेक्कापट्टाबाट हुनेछ।

५. कार्यक्रम सञ्चालन स्थान :सैनामैना नगरपालिका वडा नं. १ वनकटवा।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :भौतिक पूर्वाधार विकास मन्त्रालय वा सामाजिक विकास मन्त्रालय र मातहतको निकाय।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको तथा कार्यक्रमको परिधिभित्र सार्वजनिक खरिद ऐन तथा नियमावली, प्रदेश सरकारबाट स्वीकृत यस सम्बन्धी कानूनहरु तथा सामजिक विकास मन्त्रलयबाट जारी भएका कार्यविधि वा निर्देशिका तथा कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धिः पूर्ण रुपमा अनाथ असहाय परित्यक्त अवस्थामा रहेका अपाङ्गता नागरिकहरुका लागि प्रदेश सरकारको तर्फबाट उचित संरक्षणको व्यवस्था भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकायः सामाजिक विकास मन्त्रालय र मातहतका निकाय

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः भौतिक पूर्वाधार विकास मन्त्रालयले चौमासिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन सामाजिक विकास महाशाखाले चौमासिक/ वार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सार्वजनिक सेवा / सरकारी सेवामा कार्यरत कर्मचारीहरुका लागि प्रदेश स्तरीय शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक |
| २२५२२ | पटक | १ | १५०० | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :राज्य सङ्घीय संरचनामा गए संङ्गै प्रशासनको समेत पुनर्संरचना गरिएको छ। विगतमा राज्यको विभिन्न निकायमा कार्यरत कर्मचारी हाल राज्यका विभिन्न तहमा समायोजन भईसकेको अवस्था छ ।समायोजन ऐन २०७४ अनुसार अधिकांश कनिष्ठ कर्मचारी प्रदेश तथा स्थानीय तहमा समायोजन भएका छन । हाम्रो सामाजिक संरचना र अभ्यासले सेवामा प्रवेश संङ्गै आफ्नो प्रजनन अधिकार र पारिवारिक गतिबिधि समेत अगाडि वढाउन महिला कर्मचारीलाई निकै कठिन छ । तसर्थ घर परिवारबाट टाढा भइ वा घरमा आफना सन्तान/ छोरी छोरालाइ हेरचाह गर्ने व्यक्ति नहुँदा कार्यालय समयमा समेत बालबालिकाको व्यस्थापन गर्न नसक्दा कर्मचारीहरुको कार्यसम्पादनमा कमी आउने, शिशुहरुको शारीरिक तथा मानसिक विकासमा नकारात्मक असर पर्ने र बाल अधिकारको संरक्षणमा बाधा पुग्ने भएकोले विद्यालय जाने उमेर नहुँदासम्म सार्वजनिक सेवा / सरकारी सेवामा (प्रदेशसरकार अन्तर्गतका विभिन्न निकाय र स्थानीय तहमा ) कार्यरत कर्मचारीहरुका शिशुहरुलाइ रेखदेख गर्न आवश्यक भएकोले दिवा शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :कार्यालय समयमा आमाबाबुबाट हेरचाह एवं रेखदेख पाउन नसक्ने सार्वजनिक सेवा / सरकारी सेवामा (प्रदेशसरकार अन्तर्गतका विभिन्न निकाय र स्थानीय तहमा ) कार्यरत कर्मचारीहरुका शिशुहरुको सहज वातावरणमा हुर्कन पाउने अधिकारको सुनिश्चित गर्दै उनीहरुको शारिरिक ,मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने र कर्मचारीको सहज कार्यवातावरण सृजना गर्ने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. मन्त्रालय द्धारा सार्वजनिक सेवा / सरकारी सेवामा कार्यरत कर्मचारीहरुका शिशुहरुको लागि दिवा शिशु स्याहार केन्द्र सञ्चालन कार्यविधि निर्माण गर्ने ।

२. दिवा शिशु स्याहार केन्द्र राख्नका लागि यथासंभव सरकारी भवन/ कोठाको खोजी मन्त्रालयले गर्ने यसरी खोजी गर्दा भवन/ कोठा उपलब्ध हुन नसकेमा मन्त्रालयले उपयुक्त घर भाडामा लिनका लागि सूचना अव्ह्यान गर्ने ।

३. उक्त घरको लागि घरभाडा संझौता गरी आन्तरिक शिशुमैत्री भौतिक संरचना व्यवस्थापन मन्त्रालयले गर्ने।

४. गैरसरकारी संघ संस्थाको साझेदारीमा दिवा शिशु स्याहार केन्द्रको व्यवस्थापन कार्यलाई प्रक्रियागत ढंगबाट व्यवस्थित पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न प्रस्ताव आव्ह्यान गर्ने ।

५. पेश हुन आएका प्रस्तावहरु मध्ये प्रचलित कानून बमोजिम छनौट भएको संस्थासँग सम्झौता गरी संस्था मार्फत शिशु स्याहार केन्द्र सञ्चालन गर्ने ।

६. यसमा बालमन्दिर वा यसै प्रकृतिको संस्थासँग समन्वय गरी कार्यन्वयन गर्न सकिनेछ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ को राजधानी बुटवल ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :मन्त्रालयवाट छनौट भएको गैर सरकारी संघ संस्था ।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलव्धि :प्रदेश राजधानी बुटवल र नजिकको क्षेत्र भित्र सार्वजनिक सेवा / सरकारी सेवामा कार्यरत कर्मचारीहरुका शिशुहरुको लागि दिवा शिशु स्याहार केन्द्र सञ्चालन भई सेवा सञ्चालन भएको हुनेछ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिवेदन सामाजिक विकास महाशाखाले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

## बाल सुधार गृहको सुदृढीकरण र व्यवस्थापनमा सहयोग

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक |
| २६४११ | पटक | १ | ५०० | | | |
| नोटः (सरकारी निकाय समिति एवं बोर्डहरुलाई निःशर्त चालु अनुदान ) | | | | | | |

२. कार्यक्रमको परिचय :नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक सम्बन्धी व्यवस्था रहेको छ । त्यसै गरी बालबालिका सम्बन्धी ऐन, २०७५ ले कानूनी विवादमा परेका बालबालिकाको सुधार र संरक्षणका लागि बाल सुधार गृह सरकारले सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। तसर्थ कानुनले तोके वमोजिम बालिग नभएका व्यक्तिहरुलाई उनीहरुले गरेको अपराधको सजायँ सुधार गृहमा राखी दिनुपर्ने व्यवस्था छ । सोही बमोजिम नेपाल सरकारले प्रदेश नं ५ को रुपन्देही जिल्लामा स्थापना र सञ्चालन गरेको बालसुधार गृहको सेवालाई थप सुदृढीकरण गर्न र व्यवस्थापनमा प्रदेश सरकारको समेत योगदान सुनिश्चित गरी सञ्चालित बाल सुधारगृहमा रहेका बालबालिकाको अधिकार संरक्षणमा टेवा पुर्याउनलाई यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्यः कानून बमोजिम कारागारमा राख्न नमिल्ने बालविज्याई तथा विशेष संरक्षणको आवश्यकता परेका बालबालिकाहरुका लागि सञ्चालित बालसुधार गृहको सेवालाई थप सुदृढीकरण गर्न र व्यवस्थापनमा सहयोग गरी बाल अधिकारको संरक्षणमा टेवा पुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रदेश नं ५ मा सञ्चालित बालसुधार गृहको स्थलगत अनुगमन गरी हालको अवस्था पत्ता लगाउने ।

२. आश्रीत बालबालिकाको विवरण लिने ।

३. सङ्घीय सरकारले दिएको अनुदानमा दोहोरो नपर्ने गरी बालसुधार गृहको सेवालाई थप सुदृढीकरण गर्न र व्यवस्थापनमा सहयोग प्रदान गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान : भैरहवा, रुपन्देही

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालय मार्फत् बाल सुधार गृह, रुपन्देही ।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको तथा कार्यक्रमको परिधिभित्र सार्वजनिक खरिद ऐन तथा नियमावली, प्रदेश सरकारबाट स्वीकृत यस सम्बन्धी कानूनहरु तथा सामजिक विकास मन्त्रलयबाट जारी भएका कार्यविधि वा निर्देशिका तथा कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :बालसुधार गृहको सेवालाई थप सुदृढीकरण गर्न र व्यवस्थापनमा सहयोग ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र शिक्षा तथा सामाजिक विकास निर्देशनालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :बाल सुधार गृहले आर्थिक खर्चको विल भरपाइ सहितको चौमासिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पेशगर्नु पर्नेछ भने मन्त्रालयले वार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेशण गर्नेछ।

प्रदेशमा सञ्चालित बाल संरक्षण गृहको व्यवस्थापन, सुदृढीकरण र सञ्चालन अनुदान

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४११३ | पटक | १ | ५००० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३९मा बालबालिकको हक सम्बन्धी व्यवस्था गरेको छ । विद्यमान कानुनले १८ वर्ष उमेर पुरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ।बालबालिकाहरु शारिरिक तथा

मानसिक रुपमा परिपक्क नहुने हुँदा उनिहरुलाई विशेष रुपले हेरचाह, सुविधा, र संरक्षण आवश्यक पर्दछ। अभिभावक विहीन तथा जोखिममा परेका बालबालिकाहरुको तत्काल उद्धार गरी संरक्षणका साथै कानुनी सहायता र आवश्यक उपचारात्मक तथा पारिवारिक पुनर्मिलन र पुर्स्थापना मा सहयोग पुर्याउने आवश्यक रहेकोले यो कार्यक्रम तय गरीएको हो ।

३. कार्यक्रमको उद्देश्यः जोखिममा परेका र राज्यले संरक्षण गर्नुपर्ने बालबालिकाको संरक्षणका लागि सहयोग प्रदान गरी बाल अधिकारको सुनिश्चततामा योगदान गर्ने ।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. विद्यमान स्रोतबाट सेवा सञ्चालनमा कठिनाई भएका र प्रदेशको सहयोग तथा साझेदारीमा सेवा सञ्चालन गर्न अत्यावश्यक देखिएका बालगृहबाट माग पेश गर्न सामाजिक विकास डिभिजन कार्यालयले सूचना प्रकाशन गरी प्रस्ताव आव्ह्यान गर्ने ।

२. डिभिजनको कार्यक्षेत्र अन्तर्गतका जिल्लामा रहेका बाल संरक्षण संस्था (बालगृह/ बाल मन्दिर/ बाल कल्याण केन्द्र /बाल अधिकार संरक्षण केन्द्र ) को विवरण लिइ प्रचलित मापदण्ड बमोजिम सञ्चालित गृहहरुको सूची तयार गर्ने,

३. प्रस्ताव पेशहुन आएका संस्थाको अनुगमन गरी व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्नुपर्ने संस्थाको अनुगमन गरी प्रचलित मापदण्ड बमोजिम उपयुक्त बाल संरक्षणसंस्था (बालगृह/ बाल मन्दिर/ बाल कल्याण केन्द्र /बाल अधिकार संरक्षण केन्द्र)छनौट गरी विनियोजित बजेटबाट प्रचलित कानून बमोजिम सम्झौता गरी केन्द्र सञ्चालनका लागिसहयोग प्रदान गर्ने।

५. कार्यक्रम सञ्चालन स्थान : प्रदेश नं ५ अन्तर्गतका सबै जिल्लाहरु

६. कार्यक्रम सञ्चालन गर्ने निकायसामाजिक विकास डिभिजन कार्यालयबाट छनौट भइ अनुदान सहयोग प्राप्त संस्था / बालगृह ।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत निर्देशिका तथा कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :जोखिममा परेका र राज्यले संरक्षण गर्नुपर्ने बालबालिकाको संरक्षणमा सहयोग पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालयहरु ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :बाल गृहले आर्थिक खर्चको विल भरपाइ सहितको चौमासिक तथा वार्षिक प्रतिवेदन सामाजिक विकास कार्यालयमा पेशगर्नु पर्नेछ भने सामाजिक विकास कार्यालयले मन्त्रालयमा पठाई मन्त्रालयले बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेशण गर्नेछ ।

प्रदेश बालअधिकार समिति गठन तथा व्यवस्थापन

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | १०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :बालबालिकाहरु भोलिको राष्ट्र निर्माणका स्रोत हन्। विद्यमान कानुनले १८ वर्ष उमेर पुरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ। नेपालद्धारा गरिएका बाल अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु अनुसार बालबालिकालाई उचित संरक्षण गर्नु राज्यको दायित्व हो। तसर्थ प्रदेश सरकार प्रदेश नं ५ ले प्रदेश नं ५, बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ। उक्त ऐनको दफा ४०मा प्रदेश बालअधिकार समिति संघ, प्रदेश ,जिल्ला र स्थानीय तहमा रहेका समितिहरुसँग समेत समन्वय गर्ने गरी प्रदेश स्तरीय समिति अन्तर्गत (१) बालबालिकाको अधिकार तथा हकहीतको संरक्षण र सम्वर्धन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गरीप्रदेश सरकारलाई सिफारिसगर्ने काम समेतका लागि सामाजिक विकास मन्त्रालयका मा. मन्त्रीको अध्यक्षतामा १५ सदस्यीय एक प्रदेश बालअधिकार समिति रहनेछ भन्ने व्यवस्था बमोजिम गठन गर्न आवश्यक भएकोले प्रदेश स्तरमा बाल अधिकार संरक्षण, सम्बन्धी समिति गठन र वव्यस्थापनका लागि यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य: प्रदेश स्तरमा प्रदेश बाल अधिकार समिति गठन गरी स्थानीय तहदेखि प्रदेश स्तरमा बाल संरक्षाण सम्वन्धी सञ्चालन गरिने मन्त्रालयका क्रियाकलापहरुमा सहयोग पुर्याउने र आवश्यक सिफारिस तथा परामर्श दिने।

१०

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. सामाजिक विकास मन्त्रालयले प्रदेश नं ५, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४० बमोजिम प्रदेश बालअधिकार समिति गठन गर्ने ।

२. मन्त्रालयले समितिको नियमित बैठक सञ्चालन गरी आवश्यक्ता अनुसार निर्णय बमोजिम कार्यान्वियन गर्दै जाने ।

५. कार्यक्रम सञ्चालन स्थान :सामाजिक विकास मन्त्रालय, प्रदेश नं ५, बुटवल

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा ।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन : प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धिः प्रदेश स्तरीय समिति गठन भइ कार्यक्रमहरु सञ्चालन गर्न , कानून तथा नीति निर्माणमा सहज हुनेछ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :सामाजिक विकास महाशाखाले समितिका गतिबिधि र परामर्शको नियमितरुपमा अद्यावधिक गरी प्रतिवेदन तयार गरी मन्त्रालय मार्फत चौमासिक र वार्षिकप्रगति प्रतिवेदन संप्रेषण गर्नेछ ।

## जिल्ला बाल अधिकार समिति गठन तथा व्यवस्थापन अनुदान

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४११ | जिल्ला | १२ | १२०० | | | | |
| ( सरकारी निकाय समिति एवं बोर्डहरुलाई निःशर्त चालु अनुदान ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :बालबालिकाको अधिकार संरक्षण तथा सो को कार्यान्वयनमा यथोचित कानुनी प्रावधानको खाँचो पूरा गर्न विभिन्न समयमा विभिन्न प्रयास हुदै आएको सवालमा प्रदेश नं ५, प्रदेश सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ। उक्त ऐनको दफा ४३मा जिल्ला बालअधिकार समिति अन्तर्गत (१) जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रत्येक जिल्लामा १५ सदस्यीय एक जिल्ला बालअधिकार समिति गठन गरिने छ भन्ने व्यवस्था गरेको छ । सोही बमोजिम प्रदेश नं ५अन्तर्गतका १२ जिल्लामा जिल्ला बाल अधिकार समिति गठन र व्यवस्थापन गरी हरेक जिल्लामा रहेका बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन गर्न यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :प्रदेश नं ५अन्तर्गतका १२ जिल्लामा जिल्ला बाल अधिकार समिति गठन गरी बाल अधिकार संरक्षण र प्रबर्द्धनमा टेवा पुर्याउने ।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. सामाजिक विकास मन्त्रालयले प्रदेश नं ५ का सबै जिल्ला समन्वय समितिमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४३ बमोजिम जिल्ला बाल अधिकार समिति गठनका लागि सामाजिक विकास कार्यालय मार्फत पत्राचार गर्ने ।

२. सामाजिक विकास कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका सबै जिल्ला समन्वय समितिसँग समन्वय गरी समिति गठनमा सहजीकरण गर्ने ।

३. जिल्ला समन्वय समितिले ऐनको दफा ४३ बमोजिम समिति गठन र समितिको नियमित बैठक सञ्चालन गरी आवश्यक्ता अनुसार निर्णय बमोजिम कार्यान्वियन गर्दै जाने ।

४. समितिको गठन व्यवस्थापन र सञ्चालनका लागि सामाजिक विकास कार्यालयले विनियोजित अनुदान रकम जिल्ला बाल अधिकार समितिलाई उपलब्ध गराउने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ भित्रका १२ वटै जिल्ला ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालय १२ जिल्ला ।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन : प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :प्रदेश नं ५ का १२ वटै जिल्लामा समिति गठन भई कार्यान्वयमा आएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मातहतका निकाय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :सामाजिक विकास डिभिजन कार्यालयले प्रगति नियमितरुपमा अद्याबधिक गरी प्रतिवेदन तयार गरी निर्देशनालय मार्फत वा सोझै मन्त्रालयमा रुपमा पठाउने छ। उक्त प्रतिबेदन मन्त्रालयले वार्षिक प्रगति प्रतिवेदन मार्फत संप्रेषण गर्नेछ ।

## बाल श्रम तथा बाल विवाह मुक्त अभियान

### बालबालिका सम्बन्धी अध्ययन विश्लेषण र प्रतिवेदन प्रकाशन

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | १००० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचयः प्रदेश नं ५ को कुल जनसंख्या ४४ लाख ९९ हजार मध्ये १९ वर्ष मुनिका बालबालिका तथा किशोर किशोरीहरू ४७.८ प्रतिशत रहेका छन् । नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा प्रत्याभूति गरे अनुरुप प्रदेश सरकारले बालमैत्री स्थानीय शासनलाई प्रोत्साहन गर्ने र बालक्लब, बालसंजाल मार्फत सचेतना फैलाउन स्थानीय सरकारलाई सहयोग गर्ने नीति लिइएको छ ।विगतमा बालबालिकाको हक हितको संरक्षण र विकासको लागि सञ्चालन गरिएका विभिन्न प्रयासहरुका वावजुद बालबालिकाको स्थितिमा आशातीत सुधार हुन नसकेको यथार्थ हामी सामुविद्यमान छ ।भोलिका कर्णधारका रुपमा रहेका वालवालिकाहरूलाई उचित वातावरण र अवसरहरू प्रदान गरी मानवीय पूँजीको रुपमा विकास गर्नु जरुरी छ । तर यस प्रदेशका वालवालिकको अवस्था र विद्यमान समस्या के के छन र यी समस्या समाधानका लागि प्रदेश सरकारको भूमिका के हुन सक्छ । सोही कुराको जानकारी प्राप्त गरी अगामी दिनमा बालबालिकको समग्र विकासमा टेवा पुर्याउन सामाजिक विकास मन्त्रालयले यो कार्यक्रम तय गरेको हो ।

३. कार्यक्रमको उद्देश्य :प्रदेश नं ५ का बालबालिकको हालको अवस्था/ स्थिति र विद्यमान समस्याको अध्ययन तथा विष्लेषण गरी प्रतिवेदन पेश गर्ने।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. बालबालिका सम्वन्धी अध्ययन विश्लेषण र प्रतिवेदनका लागि प्रचलित कानून बमोजिम सूचीकृत संघ संस्थाहरु वा परामर्शदाताबाट प्रस्ताव पेशका लागि सूचना प्रकाशन गर्ने ।

२. यस सम्वन्धी RFP तयार गर्ने ।

३. प्राप्त प्रस्तावहरु मध्येबाट मापदण्डका आधारमा संस्था छनौट गर्ने ।

४. परामर्शदाताको ToR बनाइ निजसँग संम्झौता गरी सेवा लिने ।

५. आवश्यता अनुसार मन्त्रालयमा बैठक बसी निर्णय गर्न सकिने।

६. कार्यक्रम कार्यन्वयन परामर्श सेवा खरिदबाट गरिनेछ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ ( यस अध्ययनको लागि कुनै जिल्लालाई आधार बनाउन सकिने छ ) ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय वा मन्त्रालयले तोकेको अन्य निकाय।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :बालबालिकाहरुको वास्तविक अवस्था पत्ता लगाई भावी नीति तथा योजना तर्जुमामा सहयोग पुगेकोहुने ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मातहतका निकाय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः परामर्श दाताले सम्झौतामा उल्लेख गरे अनुसार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिबेदन सामाजिक विकास मन्त्रालयले बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

बालश्रम तथा बालविवाह विरुद्धको सचेतना अभियान

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवध | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला | १२ | ४२०० | | | | |
| (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : नेपालले सन् १९९० को सेप्टेम्बर १४ मा अनुमोदन गरेको संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि, १९८९ मा उल्लेख भएका बालअधिकारका चार क्षेत्रहरूमा बाल बचाउ, बालबालिकाको संरक्षण, बालविकास र बालसहभागिता पर्दछ। मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने हरेक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ । यसका लागि प्राय सवै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । देशहरुमा विवाह गर्न योग्य उमेर भनेर कानुनी रूपमा तोकिएको हुन्छ। नेपालको विद्यमान कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगि कसैले विवाह गर्दछ वा गराउँदछ भने त्योवाल विवाह हो । कानून अनुसार बाल विवाह दण्डनीय छ भने यो गम्भिर सामाजिक अपराध हो। नेपालको संविधान २०७२ को धारा ३९ को उपधारा (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन भन्ने व्यवस्था रहेको छ।केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको बालश्रम सम्बन्धीतथ्याङ्क र अन्तर्राष्ट्रिय श्रम सङ्गठनले तयार पारेको प्रतिबेदनलाई आधार मान्दा समेत बालश्रमको समस्या जटिल बन्दै गईरहेको छ। नेपालबाट सबै प्रकारका बालश्रम पूर्ण रुपमा निवारणगरी मूलुकलाई बालश्रम रहित बनाउने उद्धेश्य रहेको छ। प्रदेश नं ५को प्रथम आवधिक योजनाको आधारपत्रमा प्रदेशलाई बालश्रम तथा बालविवाह मुक्त घोषणा गर्ने कार्यनीति लिईएको छ । यिनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा योजनाको कार्यान्वयनमा सघाउ पुर्याउन यो कार्यक्रम तय गरिएको हो । यिनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा योजनाको कार्यान्वयनमा सघाउ पुर्याउन यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :विद्यमान कानूनको कार्यान्वयन गर्दै प्रदेश नं ५ लाई बाल श्रम र बाल विवाह मुक्त प्रदेश निर्माणमा टेवा पुर्याउन सचेतना जगाउने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. जिल्ला तथा स्थानीय स्तरमा सरोकारवाला बीच अन्तरक्रिया आयोजना गर्ने ।

२. प्रदेश नं ५मा रहेका डिभिजन कार्यालयको कार्यक्षेत्र भित्रका सामुदायिक रेडियो तथा एफ.एम. मार्फत डकुमेन्ट्रि तथा जिङ्गल उत्पादन तथा प्रशारणका लागि सहकार्य गर्ने गरी नियमानुसार सम्झौता गरी प्रशारणको व्यवस्था गर्ने।

३. पर्चा, पोष्टर, ब्रोसियर मोवाईल SMS तथा होर्डिङबोर्ड जस्ता माध्यमबाट समेत सचेतना अभिवृद्धि गर्ने व्यवस्था मिलाउने।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ भित्रका १२ जिल्ला

६. कार्यक्रम सञ्चालन गर्ने निकाय : सामाजिक विकास डिभिजन कार्यालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :बालश्रम र बालविवाह विरुद्ध सचेतना अभिबृद्धि भइ बालश्रम र बालविवाहमा कमि आएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र निर्देशनालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखा र मातहतका निकायले नियमित कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ, सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ ।

बालश्रम तथा बालविवाह अन्त्यका लागि प्रदेशस्तरीय रणनीति निर्माण तथा कार्यान्वयन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ५०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : नेपालको संविधान २०७२ को धारा ३९ को उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी बाल विवाहलाई रोक लगाएको छ साथै बाल विवाह गरे गराएमा दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ती पाउने हकको व्यवस्था गरेको छ । मूलुकी अपराध (संहिता) ऐन २०७४ ले बाल विवाहलाई विवाह सम्वन्धी कसूर मानेको छ र बाल विवाह स्वत बदर हुने उल्लेख भएको छ । बाल बालिका सम्वन्धी ऐन २०७५ ले बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्धको कसूरको मानेको छ र सो कार्य गरेमा पचास हजार रुपैया सम्म जरिवाना र तीन वर्षसम्म कैद सजाय हुने उल्लेख गरेको छ । नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ पनि कार्यान्वयनमा ल्याएको छ । अर्को तर्फ प्रदेश नं ५ को प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममानै बालमैत्री पालिका बनाउन स्थानीय तहहरुलाई प्रोत्साहन गर्ने नीति लिएकोछ भने प्रथम आवधिक योजनाको आधारपत्रमा बाल अधिकारको सुनिश्चतता गर्दै सक्षम र सवल नागरिक तयार गर्ने दीर्घकालिन सोच पुरागर्न प्रदेशलाई बालश्रम तथा बालविवाह मुक्त घोषणा गर्ने कार्यनीति लिईएकोछ ।यसै नीति तथा कार्यनीतिको कार्यान्वयनमा सघाउ पुर्याउन यो कार्यक्रमको तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :बालश्रम तथा बालविवाह अन्त्यका लागि प्रदेशस्तरीय रणनीति निर्माण गरी बालमैत्री प्रदेश निर्माणका लागि मार्गप्रशस्त गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. विज्ञहरुसँगको बैठक तथा छलफल गरी स्वरुप तयार गर्ने ।

२. परामर्शदाताको TOR बनाइ निजसँग संम्झौता गरी सेवा लिने / विकास साझेदारको सहयोगमा परामर्शदाताको सेवा लिई मस्यौदा तयार गराउने ।

३. परामर्शदाता बाट पेश भएको मस्यौदा उपर छलफलका लागि प्रदेश स्तरीय बाल अधिकार समिति र सरोकारवाला बीच अन्तरक्रिया आयोजना गरी सुझाव लिने ।

४. सो अन्तरक्रिया बाट प्राप्त सुझावका आधारमा आवश्यक्ता अनुसार मन्त्रालयमा बैठक बसी अन्तिम रुप दिने र स्वीकृत पश्चात यसको छपाई गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :सामाजिक विकास मन्त्रालय, बुटवल ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :बालश्रम तथा बालविवाह अन्त्यका लागि प्रदेशस्तरीय रणनीति निर्माण भई कार्यान्वयनमा आएको हुनेछ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: परामर्श दाताले सम्झौतामा उल्लेख गरे अनुसार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ। सामाजिक विकास मन्त्रालयले बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ।

प्रदेशस्तरीय बालश्रम तथा बालविवाह विरुद्धको सम्मेलन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित बजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | २५०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : नेपालको संविधान २०७२ को धारा ३९ को उपधारा (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन भन्ने व्यवस्था रहेको छ। उपधारा (५) मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी बाल विवाहलाई रोक लगाएको बालविवाहले बालिकाहरुको उमेर र लिङ्गका आधारमा समानताको अधिकार, विवाहको लागि शारीरिक तथा मानसिक रुपमा बालिका आफू तयार नभई आफ्नो जोडी रोज्न पाउने र परिवारको निर्माण गर्न पाउने, स्वतन्त्रपूर्वक जीवन जीउने, गुणस्तरीय शिक्षाको अवसर पाउने र गुणस्तरीय स्वास्थ्य सेवा पाउने जस्ता आधारभूत अधिकारको हनन गर्दछ । बालविवाहले बालिकाहरुको आधारभूत मानवअधिकार र उनीहरुको स्वतन्त्रतामा बन्देज लगाएको छ । बालविवाह परम्परागतरुपमा चल्दै आएको हानिकारक अभ्यास र दासताको एउटा स्वरुप पनि हो ।बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदायस्तरमा संघ संस्था परिचालन गर्ने, उजुरी

दर्तामा सक्रियता देखाउने, कारवाहीको व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । संघीय सरकारले सन् २०३० सम्ममा नेपालमा बाल विवाह अन्त्य गर्ने लक्ष्यका साथ राष्ट्रिय रणनीति, २०७२ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नेपालबाट सबै प्रकारका बालश्रम पूर्ण रुपमा निवारणगरी मूलुकलाई बालश्रम रहित बनाउने उद्धेश्य र क) वि.सं. २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारणगर्नेर यसका लागि आवश्यक पर्ने नीति, रणनीति तथा कानून पहिचान, संसोधन वा सुधार गर्ने ।ख) वि.सं. २०८२ सम्ममा सबैप्रकारका बालश्रम निवारण गर्ने लक्ष्य सहित नेपाल सरकारले बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) लागु गरेको छ । प्रदेश नं ५ को प्रदेश सरकारलेप्रथम आवधिक योजनाको आधारपत्रमा बाल अधिकारको सुनिश्चतता गर्दै सक्षम र सबल नागरिक तयार गर्ने दीर्घकालिन सोच पुरागर्न प्रदेशलाई बालश्रम तथा बालविवाह मुक्त घोषणा गर्ने कार्यनीति लिईएकोछ ।यसका लागि सामाजिक विकास मन्त्रालयले प्रदेशलाई बालश्रम र बालविवाह मुक्त बनाउन स्थानीयतहको समेत सहभागितामा साझा प्रतिवद्धता जारी गरी प्रदेशलाई बालश्रम तथा बालविवाह मुक्त घोषणा गर्ने अभियानमा ऐक्यबद्धता गरी योजनाको कार्यान्वयनमा सघाउ पुर्याउन यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य : सम्मेलन सम्पनन भई प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं . र प्रदेश ५नं ५ अन्तर्गतका सबै स्थानीयतह बीच बालश्रम र बालविवाह विरुद्धको अभियान सञ्चालनका लागि साझा प्रतिवद्धता जारी भएको हुने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. महाशाखाबाट यसको विस्तृत अवधारणापत्र तयार गर्ने

२. सामाजिक विकास मन्त्रालय, प्रदेश नं ५ र प्रदेश बाल अधिकार समितिको बीच समन्वय बैठक ।

३. प्रदेश नं ५ भित्र बालबालिका विशेष गरी बालविवाह विरुद्ध काम गर्ने, सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको सूची तयार गरी प्रदेश स्तरीय १ दिने अन्तर्क्रिया कार्यक्रम ।

४. मन्त्रालयबाट १०९ वटै स्थानीय तहमा पत्राचार गरी हाल सम्म स्थानीय तहबाट बालविबाह विरुद्धमा भए गरेका क्रियाकलापहरुको बारेमा जानकारी माग गर्ने ।

५. मन्त्रालयबाट कार्यपत्रहरु तयार गर्ने गराउने

६. स्थानीय तहबाट आगामी दिनमा गर्न सकिने कार्यक्रम र सामाजिक विकास मन्त्रालयसँग सहकार्य गर्न सकिने क्षेत्र पहिचान गरी साझा प्रतिवद्धताका क्षेत्रहरु समेत उल्लेखगरी सुझाव पठाउन अनुरोध गर्ने ।

७. ती सुझावहरुको आधारमा मन्त्रालयबाट आवश्यक तयारी गरी प्रदेश मन्त्रालय तथा अन्य निकायहरु , प्रदेश बाल अधिकार समिति , सामाजिक विकास कार्यालयका प्रतिनिधिहरु र१०९ वटै तहका प्रमुख / उपप्रमुख, मिडिया लगायत सरोकारवालहरुको सहभागिताहुने गरी प्रदेश स्तरीय १ दिने सम्मेलन आयोजना गरी साझा प्रतिबद्धता जारी गर्ने ।

८. उक्त कार्यक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अन्य प्रदेशका सामाजिक विकास मन्त्रालय, र केन्द्रीय बाल कल्याण समितिका प्रतिनिधिहरुलाई समेत अमन्त्रित गर्न सकिने ।

९. यसको प्रतिवेदन तथा Proceedings तयार गरी छाप्ने

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ कुनै उपयुक्त स्थान ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास कार्यालय ।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि: प्रदेश नं ५ मा बालविवाह अन्त्यका लागि सवालहरूको पहिचान भई प्रादेशिक सम्मेलन सम्पन्न भई साझा प्रतिबद्धता जारी भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :मन्त्रालयको संयोजनमा कार्यक्रम सम्पन्न पश्चात सामाजिक विकास महाशाखाले पारित साझा प्रतिबद्धता सबै स्थानीय तह तथा सरोकारवालाहरु लाइ पठाउने र सोको कार्यानवयनको अवस्थाबारे सबै स्थानीय तहले मन्त्रालयलाई प्रतिवेदन बुझाउनु पर्नेछ। प्राप्त प्रतिबेदनको सामाजिक विकास मन्त्रालयले वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति मार्फत संप्रेषण गर्नु पर्नेछ।

## बाल अधिकार तथा संरक्षण

बाल अधिकार सम्बन्धी अन्तरकृया, गोष्ठी, सुचना सञ्चार

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | ६ | ३००० | | | | |
| (सचेतनामूलक सामग्री उत्पादन, प्रकाशन, प्रशारण अन्तरकृया गोष्ठी) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :नेपालमा बालबालिकाको हकहित र अधिकारलाई संवैधानिक मान्यता दिंदै बालअधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनका लागि अवश्यक कानूनी, नीतिगत र कार्यक्रम कार्यान्वयनका प्रयासहरू प्रशस्त मात्रामा भएका छन। परिणाम स्वरूप बालबालिका लक्षित सेवा सुविधामा बृद्धि हुँदै बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन भईरहेको पाईएको छ । जोखिममा रहेका बालबालिकाका लागि पनि आवश्यक सहयोग वढ्दो क्रममा रहेको पाईएको छ । तथापी बालबालिका विरूद्ध हुने शारीरिक, मानसिक तथा यौन हिंसा लगायतका बालविज्याईका घट्नाहरू सार्वजनिक भइरहनु, बालबालिका हराउने र भेट्टाउने दरमा फराकिलो अन्तर देखिनु, विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको समस्याहरू सम्बोधन हुन नसक्नु, बालश्रम, बालविवाह जस्ता समस्या नरोकिनुले सरोकारवालाहरु वीच समन्वय र सहकार्यको आवश्यक्ता देखिन्छ । यसको लागि सरोकारवालाहरु बीच अन्तर्क्रिया, गोष्ठी र सूचना तथा सञ्चारका माध्यमबाट पनि बाल अधिकार सम्बन्धी सचेतना अभिबृद्धि गर्नेगरी यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :सरोकारवालाहरु बीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउंदै प्रदेश नं ५ मा बाल अधिकारको संरक्षण र बाल अधिकार सम्बन्धी सचेतना अभिबृद्धि गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. सामाजिक विकास महाशाखाले प्रदेश स्तरीय सरोकारवाला र सामाजिक विकास डिभिजन कार्यालयले जिल्लास्तरका सरोकारवालाहरुको सहभागितामा सचेतनामूलक अन्तरक्रिया तथा गोष्ठि आयोजना गर्ने ।

२. सचेतनामूलक सामग्री उत्पादन, प्रकाशन, प्रशारणका लागि सामुदायिक रेडियो/ एफ.एम तथा अन्य सञ्चार माध्यमसँग अवश्यक्ता अनुसार समन्वयगरी कार्यक्रम गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश राजधानी र प्रदेश अन्तर्गतका जिल्लाहरु

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मातहतका निकायहरु

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही आर्थिक कार्यविधि ऐन, नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका, २०७५ अनुसार कार्यक्रम कार्यान्वयनका लागि आवश्यक तयारी बैठक,स्रोत सामग्री एवं तथ्यांक संकलन, उत्पादन, प्रकाशन, प्रशारण, अन्तरक्रिया एवं छलफलका लागि समेत कार्यक्रममा स्वीकृत बजेटबाटखर्च गरिनेछ।

८. अपेक्षित उपलब्धि :सरोकारवालाहरुबीच समन्वय र सहकार्यको माध्यमबाट प्रदेश नं ५मा बालअधिकारको संरक्षण र प्रबर्द्धन अभिबृद्धि भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखा र मातहतका निकायले नियमित कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ। सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ ।

किशोर किशोरी माथी हुने शारीरिक तथा यौनजन्य दुर्व्यवहार विरुद्ध सचेतनामूलक कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | २ | ६०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :किशोरावस्था मानव जीवनको अति महत्वपूर्ण तथा संवेदनशील चरण हो । नेपालमा १० देखि १९ वर्षसम्मका किशोर किशोरीहरू कुल जनसङ्ख्याको करिव २४ प्रतिशत छ । यस उमेरमा हुने तीव्र शारीरिक, मनोवैज्ञानिक, भावनात्मक परिवर्तनको कारण उनीहरूले विभिन्न समस्याहरू, विघ्नबाधाहरू झेल्नुपर्ने भएकोले उनीहरूको जीवन जोखिमपूर्ण हुन्छ । त्यस्तै, यस बेला उनीहरूका आवश्यकता तथा सरोकारहरू विशेष किसिमका हुने गर्दछन । यो उमेरमा उनीहरूलाई ठीक सरसल्लाह र आवश्यक सहयोग प्रदान गर्न सके सही मार्गमा लाग्न उत्प्रेरित गर्न सकिन्छ । खास गरी यौन तथा प्रजनन स्वास्थ्यका सम्बन्धमा यस उमेरमा उचित शिक्षा, सूचनाको वातावरण प्रदान गर्न सकिएको खण्डमा उनीहरू सही मूल्य, मान्यता, मनोवृत्ति तथा व्यवहार सिक्न र अवलम्बन गर्न सक्षम भै आफ्ना साथी, परिवार, समाजसँग ठीक ढङ्गले सामाञ्जस्य राखी आफूलाई अगाडि लैजान सक्तछन् । अन्यथा उनीहरू तनावपूर्ण जीवन व्यतीत गर्दै गलत सूचना तथा विश्वासमा परी आफ्नै ढङ्गले जथाभावी हिड्दा कुसङ्गत र अनेक किसिमका अड्काउमा परी कुमार्गमा लाग्न सक्ने र जीवन नै लक्ष्यविहीन हुन पनि सक्दछ ।तसर्थ माध्यमिक तथा उच्च माध्यमिक तहका किशोर किशोरीहरुलाई उनीहरु माथी हुने शारीरिक तथा यौनजन्य दुर्व्यवहार विरुद्ध सचेतनामूलक कार्यक्रम २ जिल्लामा सञ्चालन गर्नगरी यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :किशोर किशोरी माथी हुने शारीरिक तथा यौनजन्य दुर्व्यवहार विरुद्ध सचेतनामूलक कार्यक्रमको माध्यमबाट किशोरावस्थाका किशोर किशोरीहरुले सामना गर्नुपर्ने समस्या र जोखिमहरूबाट बच्न जीवनोपयोगी ज्ञान र सीपका साथै परामर्श सेवा प्रदान गर्ने ।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. यस सम्बन्धी खाका तयार गर्ने

२. सामाजिक विकास कार्यालयले जिल्लाका माध्यमिक र उच्च माध्यमिक तहका किशोर तथा किशोरीहरुको सहभगितामा विद्यालय तहमै यस कार्यक्रमको आयोजना गर्नेगरी सम्बन्धीत विद्यालयमा समन्वय गर्ने ।

३. किशोरावस्थाका किशोर किशोरी, शिक्षक तथा अविभावकको सहभागितामा अन्तर्क्रिया अयोजना गर्ने ।

४. सो कार्यत्क्रमका लागि मन्त्रालयले प्रशिक्षणा लगायतका अन्य आवश्यक सहयोग गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश अन्तर्गतका बाँकेको रासी सोनारी वा बाँकेको उपयुकत स्थान र अर्घाखाँची जिल्लाका विद्यालयहरु

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास निर्देशनालय र मातहतका निकाय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत वजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :किशोरीहरूमा आफ्नो उमेरसा परिआउने जोखिमहरूवाट बच्न, स्वस्थ र जिम्मेवारपूर्ण यौन व्यवहार अवलम्बन गर्न र व्यक्तित्व विकास गर्ने विभिन्न सीपहरू विकास गर्नमा पनि यो उपयोगी हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः सामाजिक विकास निर्देशनालय र मातहतका निकायले नियमित कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ। सामाजिक विकास महाशाखाले मन्त्रालयको चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ।

जिल्ला/स्थानीय बाल अधिकार समितिको समन्वयमा बालबालिकाको उद्धार

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्बितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | आ.अं. | ६०० | | | | |
| (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचयः विभिन्न किसिमले जोखिममा परेका, जोखिमउन्मुख तथा विपदमा परेका बालबालिकाहरुको तत्काल उद्दार, अल्पकालिन तथा दीर्घकालिन सरक्षण, औषधी उपचार, मनो-सामाजिक परामर्श, परिवारिक पुनर्स्थापना गर्ने र पुनर्स्थापना गर्न सभव नभएका बालबालिकालाई बालअधिकार सरक्षण केन्द्रमा सिफारिस गर्नुका साथै उनिहरुको आवश्यकता अनुसार कानूनी उपचार, शिक्षा र तालिमको व्यवस्था लगायतका विषयहरुको व्यवस्थापनका लागि वजेट आबस्यक भएकोले प्रदेश सरकारले जिल्ला/स्थानीय बाल अधिकार समितिको समन्वयमा बालबालिकाको उद्धार (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम) सञ्चालन गर्न लागेको हो ।

३. कार्यक्रमको उद्देश्य :विभिन्न कारणबाट उच्च जोखिममा रहेका तथा आपत विपदमा परेका बालबालिकाको उद्धार तथा संरक्षणमा सहयोग पुर्याउने।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. प्रदेशमा बाल बलिकाकाको उद्धार (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम) सम्बन्धी मापदण्ड निर्माण गर्ने।

२. सामाजिक विकास डिभिजन कार्यालयबाट जिल्ला बालअधिकार समितिलाई अनुदान प्रदान गरी समिति मार्फत स्वीकृत मापदण्ड बमोजिम बालबालिकाको उद्धार (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम )का लागि सहयोग गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५

६. कार्यक्रम सञ्चालन गर्ने निकाय : प्रदेश बाल अधिकार समिति तथा जिल्ला बालअधिकार समितिहरु।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :प्रदेशबाट स्वीकृत बालबलिकाकाको उद्धार (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम )सम्बन्धी मापदण्ड वमोजिम कार्यक्रमको परिधि भित्र रही मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :विभिन्न किसिमको जोखिम तथा विपदमा परेका वालवालिकाहरुलाई तत्काल उद्धार,राहत, पुनर्स्थापना /क्षतिपुर्ति प्रदान गरी बालसंरक्षणमा टेवा पुगेको हुनेछ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय , प्रदेश बाल अधिकार समिति र जिल्ला बाल अधिकार समितिहरु

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली

- उद्धार,राहत, पुनर्स्थापना /क्षतिपुर्ति प्रदान गरिएका बालबालिकको विवरण तयारगरी जिल्ला बाल अधिकार समितिले सामाजिक विकास कार्यालय मार्फत सामाजिक विकास मन्त्रालयमा र प्रदेश बाल अधिकार समितिले सोझै सामाजिक विकास महाशाखामा पेश गर्ने ।
- सामाजिक विकास महाशाखाले मन्त्रालयको चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ ।

जिल्लास्तरीय बालक्लव सञ्जालको प्रादेशीक बालभेला तथा अन्तरकृया कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्बितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ७०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :बालअधिकार सम्वन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धी, १९८९ ले बालबालिकाहरुका अधिकारलाई मानव अधिकारको एक अभिन्न र विशेष अधिकारको रुपमा स्थापित गरेको छ । बालअधिकार सम्वन्धी महासन्धी सन् १९८९ लाई संसारका प्रायः सबै देश लगायत नेपालले पनि सन् १९९० सेप्टेम्बर १४ मा निःशर्त अनुमोदन गरी आफ्नो

प्रतिवद्धता समेत जनाइसकेको छ। यस प्रदेशमा मा बालबालिका आफ्नै सँगठित समूहहरु जस्तै: बाल क्लव, बालसमूह, बाल स्वावलम्वन समूह, बाल मञ्च, बाल क्लव नेटवर्क जस्ता समूह र सञ्जालमा आवद्ध भई विद्यालय तथा समुदाय स्तरमा क्रियाशील रहँदै आएका छन् । बाल समूहहरूको संस्थागत विकास र परिचालन बाल सहभागिता प्रबर्द्धनको एउटा महत्वपूर्ण पक्ष भएता पनि यसको सुनिश्चितता सम्बन्धीत सबैको लागि चुनौतीको विषय बनेको छ ।तसर्थ जिल्लास्तरीय बालक्लव सञ्जालको प्रादेशीक बाल भेला तथा अन्तरकृया कार्यक्रमको माध्यमबाट बालबालिकाका सहभागिता प्रबर्द्धनमा सहयोग पुर्याउन यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :बालबालिकाको सहभागितामा गठित बाल क्लवसमूहहरुको संस्थागत विकास र निरन्तरता एवं दीगोपनाको सुंनिश्चतताका लागि स्वतस्फुर्त रुपमा सँगठित एंव परिचालित हुन स्पष्ट मार्गनिर्देश गर्ने र उनीहरुको सवालहरुको बारेमा छलफल गरी प्रादेशिक बालक्लव सञ्जाल गठन गरी यस प्रदेशमा बाल अधिकारको संरक्षण र प्रबर्द्धनमा सहयोग पुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रदेश नं ५ भित्रका १२ वटै जिल्लाका जिल्ला समन्वय समिति, शिक्षा समन्वय ईकाइमार्फत जिल्लामा रहेका बालक्लव नेटवर्क/ जिल्ला बाल क्लव सञ्जालहरुको विवरण माग गर्ने ।

२. बालबालिका / बालक्लव / बाल सहभागितामा काम गर्ने विकास साझेदार वा गैसस समेतको प्राबिधिक सहयोगमा प्रादेशिक बाल क्लव सञ्जाल गठन र परिचालन सम्बन्धी नमूना निर्देशिकाको तयारी गर्ने ।

३. बालक्लव नेटवर्क/ जिल्ला बाल क्लव सञ्जालहरुको सूची तयार गर्ने ।

४. जिल्ला बाल क्लव सञ्जालका प्रतिनिधिहरु,प्रदेश बाल अधिकार समितिका पदाधिकारीहरु, जिल्ला बाल अधिकार समितिका पदाधिकारीहरु, बाल अधिकारकर्मी सञ्चारकर्मी तथा अन्य सरकारी तथा गैरसरकारी सरोकारवाला निकायको सहभागिता हुनेगरी प्रादेशिक भेला गरी बाल समूहहरूको संस्थागत विकास र परिचालन, बाल सहभागिता प्रबर्द्धनको बारेमा अन्तरक्रिया र प्रादेशिक बालक्लव सञ्जाल गठनगर्ने ।

५. प्रादेशिक बालक्लव सञ्जाल गठन र परिचालन सम्बन्धी नमूना निर्देशिकाको बारेमा छलफल गरी प्राप्त सुझावका अधारमा अन्तिम रुप दिई भेलाबाटै स्वीकृत गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :कपिलवस्तु/ नेपालगञ्ज / रुकुम

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय / सामाजिक विकास महाशाखा

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :जिल्ला बाल क्लव सञ्जालहरुको प्रादेशिक भेलाबाट प्रादेशिक बालक्लव सञ्जाल गठन र परिचालन सम्बन्धी निर्देशिका स्वीकृत भई कार्यान्वयनमा आएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र प्रदेश बाल अधिकार समिति।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :सामाजिक विकास महाशाखाले कार्यक्रमको प्रतिबेदन तयार गरी मन्त्रालयको चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ।

बाल हेल्प लाइन स्थापना तथा सञ्चालन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | २००० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : बालवालिका संवेदनशील उमेरका नागरिकहरु हुन । भविश्यका कर्णधार भनि चिनिने बालबालिकाको सुरक्षित र सुनिश्चित भविश्यका लागि उनीहरुको अधिकार सरक्षण महत्वपूर्ण पक्ष हव । प्रविधि र विकासका गति संगै बालबालिकाको संरक्षणको सवाल पनि चुनौतीपूर्ण भईरहेको छ। संविधानमा बालबालिकाको हकको सुनिश्चितता हुँदाहुँदै पनि पूर्ण सुरक्षित नभईरहेको अर्थात धेरै बालवालिकाहरु अहिले पनि जोखिमपूर्ण जीवन विताउन बाध्य छन। बालवालिकाका संरक्षणका सवालहरु बाल संवेदनशील ढंगबाट तथा प्रभावकारी समाधान, प्रतिकृयाका तथा सम्प्रेपणका लागी प्रदेश भित्रहुने यस्ता घटनाहरुको तुरुन्त जानकारी गराउन प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं ५ले गैर सरकारी संस्थाको साझेदारीमा टोल फ्रि नं.(शुल्क नलाग्ने नम्बर) संचालनका लागि वाल हेल्पलाइन स्थापना र सञ्चालन कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :

- प्रदेश भित्र बाल बालिकाहरु माथि हुने बिभिन्न दुर्व्यवहार, बाल बिवाह, यातना, बेचबिखन, बाल श्रम जस्ता बिभिन्न बाल संरक्षणका सवाल तथा बाल अधिकार हननका घटनाहरु रजोखिममा परेका बाल बालिका, हरुलाई तत्काल उद्धार, संरक्षण,कानुनी सहायता तथा अन्य आवश्यक सहयोग गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. मन्त्रालयबाट कार्यक्रम अवधारणाको मस्यौदा तयार गर्ने।

२. मस्यौदाउपर सरोकारवालासँग छलफल र परामर्श लिने।

३. सामाजिक विकास मन्त्रालयले विज्ञ / परामर्शदाताको सहयोगमा प्रदेश बाल हेल्पलाईन सम्वन्धी कार्यबिधि निर्माण गर्ने ।

४. स्वीकृत कार्यबिधिका आधारमा विकास मन्त्रालय प्रदेश नं ५, प्रदेश प्रहरी, विकास साझेदार वा गैरसरकारी संघ संस्थाको साझेदारीमा सूचीकृत संस्थाहरुबाट प्रदेशस्तरमा बाल हेल्पलाईन सेवा सञ्चालनका लागि प्रस्ताव आव्हान गर्ने ।

५. पेश भएका प्रस्तावहरु मध्ये प्रचलित कानून बमोजिम उपयुक्त संस्था छनोट गर्ने ।

६. छनोट भएको संस्थाले प्रचलित कानून बमोजिम तोकिएको निकायबाट बाल हेल्पलाईनसेवा सञ्चालन सम्बन्धी स्वीकृती लिने ।

७. मन्त्रालयबाट छनोट भई बाल हेल्पलाईनसेवा सञ्चालनका लागि स्वीकृती प्राप्त संस्थाले प्रदेश सरकारको सहयोग र साझेदारीमा बाल हेल्पलाईनसेवा सञ्चालनका लागि कार्यबिधि बमोजिम सम्झौता गरी प्रदेश स्तरीय सेवा प्रदान गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थानः प्रदेश नं ५ को राजधानी बुटवल

६. कार्यक्रम सञ्चालन गर्ने निकाय.:सामाजिक विकास मन्त्रालयबाट बाल हेल्पलाइन सञ्चालनका लागि छनोट भएको साझेदार निकाय / संस्था।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ र प्रदेश बाल हेल्पलाईन सम्वन्धी कार्यबिधि एवं सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :बाल हेल्प लाइन स्थापना तथा सञ्चालन सम्बन्धी कार्यबिधि निर्माण भइ सेवा सञ्चालन भएको हुनेछ।

२९

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय र सामाजिक विकास मन्त्रालय (प्रदेश नं ५)

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: बाल हेल्पलाइन सञ्चालनका लागि छनोट भएको साझेदार निकाय /संस्थाले सम्झौतामा उल्लेख गरे अनुसार प्रदान भएको सेवा सम्बन्धी मासिक/ चौमासिक तथा वार्षिक प्रतिबेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नु पर्नेछ भने सामाजिक विकास मन्त्रालयले चौमासिक तथा बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ।

## ज्येष्ठ नागरिक लगतका साथै वर्तमान अवस्था अध्ययन

### ज्येष्ठ नागरिकहरुको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ५०० | | | | |
| (अध्ययन / सर्वेक्षण/ अनुसन्धान) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय: ज्येष्ठ नागरिकहरु राष्ट्रका अमूल्य निधि र सँस्कृतिका धरोहर हुन । उनीहरुको ज्ञान सीप र अनुभवलाई राज्यले सही सदुपयोग गरी उनीहरुको सम्मान गर्नु अपरिहार्य हुन्छ। नेपालको जनगणना २०६८ को पछिल्लो तथ्यांकले नेपालमा ज्येष्ठ नागरिकको संख्या कूल जनसंख्याको ८.१३ प्रतिशत रहेको छ भने औषत आयुको वढोत्तरीसंगै ज्येष्ठ नागरिकको सख्या पनि दिन प्रति दिन तीव्र वढदै गइरहेको छ। विश्वव्यापीकरणले ल्याएको उदार अर्थनीतिका साथै मानव विकास भन्नु नै freedom to choice भन्ने अमार्त्य सेनको भनाइले सर्वव्यापकता भएसंगै हाम्रो मूलुकका धेरै युवाहरु ( ग्रामीण तथा शहरी) अवसरको र स्वतन्त्राको खोजीमा विदेशिने क्रम वढदो छ । यसरी यूवा जमात विदेशिने क्रमसंगै घरमा रहेका वृद्ध वावु, आमा, हजुरवा, हजुरआमाको जीवन एकाङ्की र संरक्षणविहिन हुन पुगेको अवस्था आज मूलुकमा विद्यमान रहेको छ । अर्का तर्फ कतिपय ज्येष्ठ नागरिकहरु जसको संरक्षण र सहाराका लागि कोही छैनन् उनीहरुको अभिभावक राज्य वन्नु पर्ने अवस्था रहेको छ । यसरी हेर्दा हाल मुलुकमा ज्येष्ठ नागरिकको संरक्षणको गतिलो व्यवस्था गर्नु सरकारलाई चुनौती समेत रहेको

छ। तसर्थ प्रदेश नं ५का नवलपरासी र पाल्पा(नमूनाको रुपमा)२ जिल्लामा ज्येष्ठ नागरिकको अवस्थाबारे अध्ययन गरी अगामी दिनमा ज्येष्ठ नागरिकहरुको आवश्यकता अनुरुपको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सहज होस भन्नाका लागि ज्येष्ठ नागरिकहरुको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदनसम्वन्धी कार्यक्रम तय गरिएको छ।

३. कार्यक्रमको उद्देश्य :प्रदेश नं ५ .का ज्येष्ठ नागरिकको अवस्था एवं सवालहरुको पहिचान गर्दै ज्येष्ठ नागरिकहरुको अवस्थाबारे जानकारी प्राप्त गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. ज्येष्ठ नागरिक सम्बन्धी अध्ययन विश्लेषण र प्रतिवेदनका लागि प्रचलित कानून वमोजिम सूचीकृत संघ संस्थाहरु वा परामर्शदाताबाट प्रस्ताव पेशका लागि सूचित गर्ने ।

२. प्राप्त प्रस्तावहरु मध्येबाट मापदण्डका आधारमा संस्था छनौट गर्ने ।

३. परामर्शदाताको TOR बनाइ निजसँग संम्झौता गरी सेवा लिने ।

४. परामर्शदाताबाट पेश भएको अध्ययन प्रतिवेदनलाई मन्त्रालय र सरोकारवाला बीच प्रस्तुत गराई सुझाव लिने र प्राप्त सुझावका आधारमा अध्ययन प्रतिबेदन तयार गरी मन्त्रालयमा पेश गर्ने ।

५. अध्ययनका क्रममा अवश्यक समन्वय र सहयोग मन्त्रालयले गर्ने ।

६. आवश्यक्ता अनुसार मन्त्रालयमा वैठक बसी निर्णय गर्न सक्ने ।

५. कार्यक्रम सञ्चालन स्थान: प्रदेश नं ५का नवलपरासी र पाल्पा जिल्ला

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :मन्त्रालयले छनौट गरेको संस्था वा परामर्शदाता

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन: स्वीकृत वजेटको परिधिभित्र रही आर्थिक कार्यविधि ऐन, नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ अनुसार खर्च गरिनेछ ।

८. अपेक्षित उपलब्धि :ज्येष्ठ नागरिकको अवस्था बारे अध्ययन, विश्लेषण गरी प्रतिवेदन तयार भएको हुने ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: परामर्श दाताले सम्झौतामा उल्लेख गरे अनुसार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ भने सामाजिक विकास मन्त्रालयले बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ।

## ज्येष्ठ नागरिकको अधिकार संरक्षण र प्रवर्द्धन कार्यक्रम

सडक मानवमुक्त प्रदेश निर्माणका लागि मानव सेवा आश्रम बुटवल, नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र लगायतका संस्थाहरुलाई चालु अनुदान

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | पटक | २ | ५००० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :नेपालको प्रचलित कानूनले हरेक नागरिकहरुलाई राज्यले संरक्षणको सुनिश्चतता गरेको छ। आफ्ना परिवारका सदस्यहरुको पालनपोषण तथा हेरचाह गर्ने दायित्व परिवारको भएपनि कतिपय नागरिकहरु परिवार विहीन भएर त कतिपय नागरिक परिवारवाट परित्यक्त भएर वृद्धाश्रम वा संरक्षण गृहहरुको सहारामा पुग्नुपर्ने अवस्था छ । यस्ता व्यक्तिहरुलाई गत आ.व. देखि सामाजिक विकास मन्त्रालयको सहयोगमा मानव सेवा आश्रम मार्फत प्रदेश सरकार, प्रदेश नं ५ ले विभिन्न कारणले निसहाय भै सडकमा परेका व्यक्तिहरुलाई लक्षित गरी सहयोगापेक्षी सडक मानव मुक्त प्रदेशसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कार्यक्रमलाइ निरन्तरता दिंदैखुला आकाशमुनी जीवन विताउन बाध्य र परिवार विहीन तथा असहाय नागरिकको संरक्षणको लागि स्थापित संस्थाहरु मानव सेवा आश्रम बुटवल र नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, नेपालगञ्ज लाई सहायता प्रदान गरी कठिन तथा जोखिमपूर्ण अवस्थामा जीवन विताउन वाध्य नागरिकको प्रदेश सरकारबाट संरक्षणको व्यवस्था गर्न र १२ वटै जिल्लामा मानवता प्रबर्द्धन कार्यक्रम अभियान सञ्चालन गर्न यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :असहाय नागरिकको लागि सञ्चालित संस्थाहरुलाई अनुदान प्रदान गरी असहाय नागरिकको संरक्षणमा योगदान पुर्याउने र सहयोगापेक्षी सडक मानव मुक्त प्रदेश निर्माण सम्बन्धी प्रदेश सरकारको अभियानलाई सफल बनाउन सहयोग गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रदेश नं ५ मा रहेका मानव सेवा आश्रम बुटवल र नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, नेपालगञ्जलाई स्वीकृत कार्यक्रम बारे जानकारी गराउने,

२. स्वीकृत कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुवाट अनुदानको लागि विस्तृत प्रस्ताव पेशगर्न पत्राचार गरी सूचीत गर्ने,

३. पेश भएको प्रस्ताव बमोजिम संस्थाको अनुगमन मन्त्रालयले गर्ने,

४. पेश भएको प्रस्ताव, अनुगमन प्रतिबेदन र प्रचलित कानून अनुसार सम्झौता गरी अनुदान वितरण गर्ने,

५. कार्यक्रम सञ्चालन गर्ने संस्थाले कार्यक्रमको बारेमा सार्वजनिक परीक्षण गर्ने।

६. कार्यक्रम सचालन गर्ने संस्थाले सबै प्रगति विवरण विवरण र दस्तावेज उपलब्ध गराएपछि लागत अनुमान अनुसार र तोकिएको गुणस्तर अनुसार काम भएमा सार्वजनिक परीक्षणको आधारमा कार्यक्रमको फरफारक गर्ने।

७. कार्यक्रमको अख्तियारी सम्बन्धित सामाजिक विकास डिभिजन कार्यलयमा जानेछ।

५. कार्यक्रम सञ्चालन स्थान :मानव सेवा आश्रम बुटवल र नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, नेपालगञ्ज मार्फत प्रदेश नं ५ भरी ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :मानव सेवा आश्रम बुटवल र नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, नेपालगञ्ज ।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही आर्थिक प्रशासनको राय लिई कार्यलय प्रमूखबाट स्वीकृत गराई प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ ।

८. अपेक्षित उपलब्धि :खुला आकाशमुनी जीवन विताउन बाध्य र परिवार विहीन तथा असहाय नागरिकको संरक्षणमा सहयोग पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: अनुदान प्राप्त वृद्धाश्रम सञ्चालन गर्ने संस्थाले मासिक, चौमासिक र वार्षिक रुपमा आर्थिक तथा भौतिक प्रगति प्रतिवेदन सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ। सामाजिक विकास डिभिजन कार्यालयले मन्त्रालयमा पठाउनुपर्नेछ र सो प्रतिवेदन चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत मन्त्रालयले संप्रेपण गर्नेछ।

स्थानीय तहसँग समन्वय गरी दिवा सेवा केन्द्र सञ्चालन, व्यवस्थापन र सुदृढीकरण अनुदान

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | पटक | आ.अ. | १०००० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी राज्यबाट विशेष् संरक्षण तथा सामाजिक सुरक्षा प्रत्याभूति गरेको छ । आफ्नो जीवनको क्रियाशील समय विभिन्न क्षेत्रमा व्यतित गरी आफ्नो निजि, पारिवारिकर सामाजिक जीवनमा अमूल्य योगदान गरेका ज्येष्ठ नागिरकहरुको जीवन क्रमश निश्क्रिय रहंदै गएको पाईन्छ। उत्पादनशील उमेर भएका परिवारका सदस्यहरु विभिन्न रोजगारी, काम वा पेशामा आवद्ध हुँदा दिवा समयमा एक्लोपनको महसुस भई समय व्यतित गर्न कठिन पनि भएको पाइन्छ। सरकारले विगत देखि नै ज्येष्ठ नागरिकहरुको संरक्षण, स्याहार सुसार र सुरक्षा गर्नको लागि बृद्धाश्रम, हेरचाह केन्द्र, दिवा सेवा केन्द्र लगायतका सेवा सुविधा प्रदान गर्दै आएको छ । तसर्थ उनीहरुको जीवन सक्रिय, सहज सुरक्षित एवं सम्मानित बनाइ सामाजिक न्याय कायम गर्न , दिवा सेवा केन्द्रसमेत उपयोगी हुने भएकोले स्थानीय तहसँग समन्वय गरी दिवा सेवा केन्द्र सञ्चालन, व्यवस्थापन र सुदृढिकरणका लागि यो अनुदान कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :दिवा समयमा ज्येष्ठ नागरिकहरुमा हुने एक्लोपनलाई कम गरी सक्रिय, सहज सुरक्षित एवं सम्मानित बनाइ सामाजिक न्याय कायम गर्न सघाउ पुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. दिवा सेवा केन्द्र सञ्चालन सम्वन्धी मापदण्ड निर्माण गर्ने ।

२. ज्येष्ठ नागरिकहरुको हितको लागि स्थापित संस्थाहरुबाट स्थानीय तहको समन्वय र सहकार्यमा दिवा सेवा केन्द्र सञ्चालन गर्ने गरी सामाजिक विकास मन्त्रालय वा डिभिजन कार्यालयले प्रस्ताव पेशका लागि सूचना प्रकाशन गर्ने ।

४. पेश भएका प्रस्तावहरु मध्ये प्रचलित कानून र स्वीकृत मापदण्ड अनुसार उपयुक्त संस्था छनोट गरी कानून बमोजिम सम्झौता गरी कार्यान्वयन गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ अन्तर्गतका विभिन्न स्थानीय तह (मागका आधारमा)

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास कार्यालय र मातहतका निकाय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ ।

८. अपेक्षित उपलब्धिः स्थानीय तहको समन्वय र सहकार्यमा ज्येष्ठ नागरिकहरुकै पायक पर्ने स्थानमा दिवा सेवा केन्द्र सञ्चालन भई ज्येष्ठ नागरिकहरुमा भएको एक्लोपनलाई कम गरी उनीहरुको दैनिकीमा थप सक्रियता ल्याउन र संरक्षणमा सहयोग पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मातहतको निर्देशनालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः अनुदान प्राप्त दिवा सेवा केन्द्र सञ्चालन गर्ने संस्थाले मासिक, चौमासिक र वार्षिक रुपमा आर्थिक तथा भौतिक प्रगति प्रतिवेदन सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ। सामाजिक विकास कार्यालयले सो प्रतिबेदन सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने छ र मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ ।

## सडक मानवमुक्त प्रदेश निर्माणका लागि मानव सेवा आश्रम बुटवल, नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र लगायतका संस्थाहरुलाई पुंजीगत अनुदान

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६४२३ | पटक | २ | ५००० | | | | |
| (अन्य सार्वजनिक निर्माण ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचयः नेपालको संविधानले नागरिकको विभिन्न हक अधिकार सुरक्षित गर्न तथा सामाजिक सुरक्षाको लागि मौलिक हकको व्यवस्था गरेको छ । प्रदेश सरकार प्रदेश नं ५ ले विभिन्न कारणले निसहाय भै सडकमा परेका व्यक्तिहरुलाई लक्षित गरी सहयोगापेक्षी सडक मानव मुक्त प्रदेशसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसका लागि विगत देखि मानव सेवा आश्रम बुटवल र नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, नेपालगञ्जले सामाजिक विकास मन्त्रालय प्रदेश नं ५ सग सहकार्य गर्दै आएकोमा यसको दीर्घकालीन समाधानका लागि भौतिक पूर्वाधारको समेत व्यवस्था गरी सडकमा अलपत्र परेका तथा खुला आकाशमुनी असुरक्षित जीवन विताउन वाध्य भएका मानवहरुको संरक्षणको लागि सञ्चालित यी संस्थाहरुको भौतिक विकास र सुदृढीकरणका लागि सशर्त अनुदान स्वरुप यस कार्यक्रमको तय गरिएको हो।

३. कार्यक्रमको उद्देश्य :प्रदेश नं ५ लाई सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश निर्माण अभियानलाई सफल बनाउन सहयोग पुर्याउने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रदेश नं ५ मा रहेका मानव सेवा आश्रम बुटवल र नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, नेपालगञ्जलाई स्वीकृत कार्यक्रम बारे जानकारी गराउने,

२. स्वीकृत कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुवाट अनुदानको लागि प्रस्ताव पेशगर्न पत्राचार गरी सूचीत गर्ने,

३. पेश भएको प्रस्ताव बमोजिम संस्थाको अनुगमन मन्त्रालयले गर्ने,

४. पेश भएको प्रस्ताव, अनुगमन प्रतिबेदन र प्रचलित कानून अनुसार सम्झौता गरी पूँजीगत अनुदान प्रदान गर्ने ,

५. आवश्यता अनुसार मन्त्रालयमा वैठक बसी निर्णय गर्न सकिने ।

६. कार्यक्रम सञ्चालन गर्ने अख्तियारी सम्बन्धित डिभिजन कार्यालयमा पठाउने।

७. कार्यक्रम संचालन गर्ने संस्थाले निर्माण हुने पुर्वाधारको विस्तृत लागत अनुमान, Drawing , Design तथा Detailed Project Report सहितको विवरण भवन ऐन, २०५५ ले योग्यता पुगेको प्राविधिकबाट प्रमाणित गरी डिभिजन कार्यालयमा पेश गर्नु पर्नेछ।

८. निर्माणकार्यको डिभिजन कार्यालयबाट समेत प्राविधिक जाँचपास हुनेछ र यस कार्यमा भौतिक पूर्वाधार विकास कार्यालयको सहयोग लिन सकिनेछ।

९. कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमको सार्वजनिक परीक्षण र जाँचपासका आधारमा डिभिजन कार्यालयले फरफारक गर्नेछ।

५. कार्यक्रम सञ्चालन स्थान :मानव सेवा आश्रम बुटवल र नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, नेपालगञ्ज मार्फत प्रदेश नं ५ भरी ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :मानव सेवा आश्रम बुटवल र नीलसागर असहाय असक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, नेपालगञ्ज ।

७. बजेट प्रवाहः सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही र बाँके

८. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही आर्थिक प्रशासनको राय लिई कार्यलय प्रमूखबाट स्वीकृत गराई प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ ।

९. अपेक्षित उपलब्धि :खुला आकाशमुनी जीवन विताउन बाध्य र परिवार विहीन तथा असहाय नागरिकको संरक्षणमा सहयोग पुगेको हुनेछ ।

१०. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

११. कार्यक्रमको प्रतिवेदन प्रणालीः अनुदान प्राप्त वृद्धाश्रम सञ्चालन गर्ने संस्थाले मासिक, चौमासिक र वार्षिक रुपमा आर्थिक तथा भौतिक प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ ।

## ज्येष्ठ नागरिकको अधिकार सम्बन्धी सशक्तिकरण कार्यक्रम

• ज्येष्ठ नागरिकहरुका संवैधानिक कानूनी लगायतका अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | २ | ५०० | | | | |
| (समन्वय गोष्ठी सञ्चालन तथा अन्तरक्रिया कार्यक्रम ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय: ज्येष्ठ नागरिकको अधिकार सम्बन्धी ऐन, २०६३ ले यसको परिभाषा गरेको छ। संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यवाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। यस नीतिमा भएका व्यवस्थाको बारेमा सरोकारवालालाई जानकारी भएन भने संवैधानिक तथा कानूनी हक अधिकार कार्यान्वयनमा समस्या हुन सक्दछ। तसर्थ ज्येष्ठ नागरिकहरुका संवैधानिक कानूनी लगायतका अधिकार सम्बन्धी अभिमुखी करणकार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :ज्येष्ठ नागरिक आफ्ना कानूनी अधिकारका बारेमा सुरक्षित सम्मानित र मर्यादित जीवनयापनका लागि शसक्तिकरण गर्ने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. ज्येष्ठ नागरिक महासंघ प्रदेश नं ५ र १२ वटै जिल्लाका जिल्ला ज्येष्ठ नागरिक संघसँगको समन्वयमा ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने संस्थाहरुको सूची तयार गर्ने ।

२. १२ वटै जिल्लाका ज्येष्ठ नागरिक जिल्ला संघ समेतलाई सहभागी हुने गरी २ पटक प्रदेश स्तरमा अभिमुखीकरणकार्यक्रम तथा अन्तरक्रिया सञ्चालन गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :कपिलवस्तु र वर्दिया

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :१२ वटै जिल्लाका जिल्लाको सहभागिता हुने गरी अभिमूखीकरण सम्पन्न भई ज्येष्ठ नागरिक आफ्ना कानूनी अधिकारका बारेमा सूसुचित भएका हुनेछन् ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखाले कार्यक्रमको प्रतिबेदन तयार गरी मन्त्रालयको चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ ।

## अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यक्रम

### अपांगता भएका व्यक्तिहरुलाई स्वरोजगारमुलक सिप विकास तालिम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | ७ | ४९०० | | | | |
| (वस्तुगत टेवा प्रदान (उद्यमशीलता रोजगारीमूलक सशक्तिकरण ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचयः शरीरका अङ्गहरु, अङ्गहरुको विकासक्रम वा शारिरिक प्रणालीमा भएको समस्याका कारण सामाजिक, भौतिक तथा सांस्कृतिक बातावरणका साथै संचारका साधनहरु समेतबाट सिर्जना भएको अबरोध समेतले मानिसको दैनिक कृयाकलाप सामान्य रुपमा सचालन गर्न एवं सामाजिक जीबनमा पुर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ। अपाङ्गतालाई शारीरिक अपाङ्गता, दृष्टि सम्बन्धी अपाङ्गता, सुनाइ सम्बन्धी अपाङ्गता, श्रवण दृष्टिबिहिन, स्वर बोलाइ सम्बन्धी अपाड्गता, मानसिक र मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव, अटिज्म, बहु अपाङ्गता गरी १०

प्रकारमा विभाजन गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूमा भएको फरक क्षमतालाई उपयोग गर्नका लागि तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको अधिकार सम्मान गर्दै सामाजिक तथा अर्थिक सशक्तीकरण मार्फत उनीहरूलाई स्वावलम्वी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्नका लागि यस कार्यक्रमको तर्जुमा गरिएको छ ।

३. कार्यक्रमको उद्देश्य :अपाङ्गता भएका व्यक्तिहरुलाई व्यवसाय सञ्चालन गर्न सक्षम बनाइ स्वरोजगारको माध्यमबाट आत्म सम्मान र आत्म निर्भरतामा टेवा पुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. कार्यक्रमको Training Plan तयार गर्ने।

२. कार्यक्रमको अवधारणापत्र तयार गर्ने।

३. कार्यक्रम सञ्चालन लागि राष्ट्रिय अपाङ्ग महासंघ प्रदेश नं ५ सँग समन्वय गरी मापदण्ड निर्माण गर्ने ।

४. अपाङ्गता भएका व्यक्तिको क्षमता तथा संभावनाको आधारमा तालिम प्याकेज निर्धारण गर्ने।

५. प्रस्ताव आव्हान गरी तालिम प्रदायक निकाय वा संस्था छनौट गर्ने ।

६. प्रशिक्षार्थी छनौट गरी तालिम प्रदायक संस्थाद्धारा १४० जना प्रशिक्षार्थी लाई तालिम सञ्चालन गरी वस्तुगत टेवा समेत प्रदान गर्ने ।

७. प्रदेश नं ५ अन्तर्गतको व्यवसायिक तथा सीपविकास तालिम केन्द्रहरु वा CTEVT मार्फत समेत तालिम सञ्चालन गर्न सकिने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ का विभिन्न जिल्लाहरुमा

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालयबाट तालिम प्रदान गर्न छनौट भएको संस्था।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीदऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत वजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ । कार्यक्रम कार्यान्वयनका लागि आवश्यक तयारी बैठक, स्रोत सामग्री एवं तथ्यांक संकलन, अन्तरक्रिया एवं छलफलका लागि कार्यक्रममा स्वीकृत कुल बजेटको अधिकतम १० % सम्म रकम विनियोजन गरिनेछ ।

८. अपेक्षित उपलब्धि :१४० जना अपाङ्गता भएका व्यक्तिहरु ७ दिने तालिमको माध्यमबाट सीपयुक्त हुनेछन।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: तालिम प्रदायक संस्थाले तालिम सम्पन्न भएको पन्ध्र दिन भित्र सामाजिक विकास मन्त्रालयमा भौतिक तथा आर्थिक प्रतिवेदन बुझाउनु पर्नेछ ।सामाजिक विकास मन्त्रालयले चौमासिक र बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

अपाङ्गता अधिकार सम्वन्धी सशक्तीकरण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | ३ | ९०० | | | | |
| (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, संवर्द्धन र अधिकारका लागि संयुक्त राष्ट्रसंघीय महासन्धि, अन्तराष्ट्रिय घोषणा नीति र मान्यता अनुरुप नेपाल सरकारले अपांगा भएका व्यक्तिहरुको सर्वाङ्गीण हित र पुनर्स्थापनाका लागि विभिन्न नीति तथा कार्यक्रम तय गरी कार्यन्वयन गर्दै आएको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका विषयमा समुदाय सम्म जानकारीका अभावका कारण उनिहरूले पाउने सेवा सुविधा प्राप्त गर्न सकिरहेका छैनन । स्थानीय स्तरमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता, समावेशीकरण र गुणस्तरीय जीवनयापन, स्वास्थ्य र पुनर्स्थापना, शिक्षा, सशक्तीकरण र सामाजिक विकास जस्ता विषयमा अभिमुखीकरणको खाँचो छ । तसर्थ समाजमा रहेको अपाङ्गता सम्वन्धी अन्धविश्वास, कुरीती तथा कुसंकारलाई न्यनीकरण गर्नको लागि साथै अपाङ्गताको बारेमा सकरात्मक जनचेतना फैलाउन,उपलब्ध सेवाको बारेमा प्रचार प्रसार गरी अभिमुखीकरण गर्न, अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, संवर्द्धनका लागि विद्यमान कानूनहरुको जानकारी तथा यस क्षेत्रमा कामगर्ने संघ संस्था र स्थानीय तहमा सामाजिक सुरक्षा वा अपाङ्गता शाखा हेर्ने कर्मचारीलाई सूसुचित गरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण र संवर्द्धनगर्नका लागि यो कार्यक्रमतय गरिएको हो।

३. कार्यक्रमको उद्देश्य : अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा बनेका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय ऐन, नियम कानून, नीति तथा कार्यक्रम बारे जानकारी प्रदान गरी अपाङ्गगताको बारेमा समाजमा रहेको अन्धविस्वास तथा कुसकारलाई कम गर्दै अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण र संवर्द्धनगर्नु ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. राष्ट्रिय अपाङ्ग महासंघ प्रदेश नं ५ सँग समन्वय गरी १२ वटै जिल्लामा रहेका अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाहरुको सूची तयार गर्ने।

२. अपाङ्गतासँग सम्बन्धीत संस्थाहरु र स्थानीय तह सँग सहकार्य गरि सबै जिल्लाको प्रतिनिधित्व हुनेगरी सचेतना कार्यक्रम आयोजना गर्ने ।

३. सबै जिल्लालाई पायक पर्ने स्थान छनौट गरी ३ स्थानमा कार्यक्रम सञ्चालन गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश भित्रका विभिन्न स्थानमा

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालयहरु

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :अपांगताका विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन नियम कानून एवं अभ्यासहरूका वारेमा स्थानीय तहसम्म जानकारी पुगेको हुनेछ र अपांगता परिचय पत्र वितरण र अपांगताका सवाल सम्वन्धमा सबैमा समबुझाई भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः कार्यक्रम सम्पन्न भए पश्चातसात दिनभित्र संयोजकले महाशाखामा प्रतिवेदन पेश गर्नुपर्ने छ ।उक्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयले चौमासिक र वार्षिक प्रतिवेदन मार्फत संप्रेषण गर्नेछ।

अपाङ्गता भएका व्यक्तिहरुको लगत सङ्कलन; अवस्था अध्ययन, विश्लेषण तथा प्रतिवेदन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ५०० | | | | |
| नोटः (अध्ययन /सर्वेक्षण/अनुसन्धान) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : शारीरिक अंग र शारीरिक प्रणालीमा भएको समस्याको कारणले भौतिक, सामाजिक, वातावरण, शास्कृतिक र संचार समेतबाट श्रृजना भएको अवरोधका कारण दैनिक क्रियाकलाप संचालन गर्न कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ ।नेपालको जनगणना २०६८ अनुसार कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेकाछन् ।यस प्रदेशमा राष्ट्रिय जनगणना २०६८ का अनुसार ८५,२७६ मानिसहरु विभिन्न खालका अपाङ्गता भएका छन् । यसमध्ये ४६५२९ (५४.६ प्रतिशत ) पुरुष र ३८७४७ (४५.४ प्रतिशत ) महिला रहेका छन् । अपाङ्गता मानिसहरु प्रदेशको कुल जनसंख्याको १.९ प्रतिशत जति रहेकाछन् जुन राष्ट्रिय तथ्याङ्क संग सामिप्य छ । त्यस पछाडि अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्कके कति थपघट भयो एकिन तथ्याङ्कछैन् जुन विस्तृत रुपमा आउनको लागि राष्ट्रिय जनगणना अघि संभव पनि छैन तर यस क्षेत्रका तराइ र पहाडको एक/एक जिल्लामा अध्ययन कार्य सिमित गरी (नमूनाको रुपमा)उनीहरुको अवस्था र समस्या पहिचान गरी स्थानीय तहले उपलब्ध गराउने तथ्याङ्कको आधारमा अध्यावधिक गरी आगामी आ.व.मा संचालन गरिने कार्यक्रमको तर्जुमा गर्न,समस्याको पहिचान गरी समाधानका उपायहरु खोज्न र अपाङ्गता भएका व्यक्तिहरुसंग सम्बन्धित नीति तथा योजनाहरू तयार गर्न सहज होस भनी यो कार्यक्रमको तर्जुमा गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य : प्रदेश नं. ५ का अपाङ्गता भएका व्यक्तिहरुको अवस्था एव सवालहरुको पहिचान गर्दै अपाङ्गता भएका व्यक्तिहरुको अवस्थाबारे जानकारी प्राप्त गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी अध्ययन विश्लेषण र प्रतिवेदनका लागि प्रचलित कानून बमोजिम सूचीकृत संघ संस्थाहरु वा परामर्शदाताबाट प्रस्ताव पेशका लागि सूचित गर्ने ।

२. प्राप्त प्रस्तावहरु मध्येबाट प्रचलित मापदण्डका आधारमा संस्था छनौट गर्ने ।

३. परामर्शदाताको ToR बनाई निजसँग संम्झौता गरी सेवा लिने ।

४. परामर्शदाताबाट पेश भएको अध्ययन प्रतिवेदनलाई मन्त्रालय र सरोकारवाला बीच प्रस्तुत गराई सुझाव लिने र प्राप्त सुझावका आधारमा अध्ययन प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने ।

५. अध्ययनका क्रममा अवश्यक समन्वय र सहयोग मन्त्रालयले गर्ने ।

६. आवश्यक्ता अनुसार मन्त्रालयमा बैठक बसी निर्णय गर्न सक्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ को कुनै जिल्ला नमूनाको रुपमा लिइ अध्ययन कार्य गर्ने।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :मन्त्रालयले छनौट गरेको संस्था वा परामर्शदाता

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत वजेटको परिधिभित्र रही आर्थिक कार्यविधि ऐन, नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ अनुसार खर्च गरिनेछ ।

८. अपेक्षित उपलब्धि :अपाङ्गता भएका व्यक्तिहरुको अवस्था बारे अध्ययन, विश्लेषण गरी प्रतिवेदन तयार भएको हुने ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: परामर्श दाताले सम्झौतामा उल्लेख गरे अनुसार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ भने सामाजिक विकास मन्त्रालयले बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ।

## अपाङ्गता भएका व्यक्तिहरुबाट उत्पादित वस्तु तथा सामग्रीको विक्री केन्द्र स्थापना तथा सञ्चालन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्बितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ५०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : शरीरका अङ्गहरु, अङ्गहरुको बिकासक्रम वा शारिरिक प्रणालीमा भएको समस्याका कारण सामाजिक, भौतिक तथा सांस्कृतिक बातावरणका साथै संचारका साधनहरु समेतबाट सिर्जना भएको अबरोध समेतले मानिसको दैनिक कृयाकलाप सामान्य रुपमा सचालन गर्न एवं सामाजिक जीवनमा पुर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ ।अपाङ्गता भएका व्यक्तिहरू अन्य व्यक्तिहरू भन्दा शारीरिक रूपमा फरक हुन्छन। उनीहरूसँग क्षमता, दक्षता तथा सीपहरू प्रशस्त मात्रामा रहेको हुन्छ। उनीहरूलाई अवसर प्रदान गर्नसकेको खण्डमा उनीहरू आफ्ना लागि आफै अर्थोपार्जन गरी जीवन जीउन सक्छन । यसै तथ्यलाई मध्यनजर गर्दै अपाङ्गता भएका व्यक्तिहरूका लागि सि. वि. आर. कार्यक्रम मार्फत विगत देखिनै नेपाल सरकारले सीपमुलक तालिम प्रदान गरि उनीहरूलाई व्यवसायिक वनाउने कार्यको शुरूवात गरेको थियो। यसरी सीप लिएका वा अन्य संस्थाको सहयोगमा वा आफ्नै पहलमा पहिलेवाट नै सीपयुक्त अपाङ्गता भएका व्यक्तिहरूको सृजना तथा उत्पादनलाई प्रवर्द्धन र वजारीकरणमा सहयोग गरी उनीहरुको जीविकोपार्जनमा सहयोग गर्नका लागि यो कार्यक्रम तय गरिएको हो।

३. कार्यक्रमको उद्देश्य :अपाङ्गता भएका व्यक्तिद्वारा उत्पादित सामग्रीहरूलाई प्रोत्साहन र हौसला वढाउदै प्रदेश स्तरमा एक बिक्री केन्द्रको स्थापना र सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिद्वारा उत्पादित सामग्रीहरूको बजारीकरणमा टेवा पुर्याउने ।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. मन्त्रालय द्धारा प्रदेशभरमा उद्यम गरिरहेका अपाङ्गता भएका व्यक्तिहरूबाट उत्पादित वस्तु तथा सामग्रीको बिक्री केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्ड निर्माण गर्ने ।

२. गैरसरकारी संघ संस्थाको साझेदारीमा विक्री केन्द्रको व्यवस्थापन कार्यलाई प्रक्रियागत ढंगबाट व्यवस्थित पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न प्रस्ताव आव्ह्यान गर्ने ।

३. पेश हुन आएका प्रस्तावहरु मध्ये प्रचलित कानून बमोजिम छनौट भएको संस्थासँग सम्झौता गरी संस्था मार्फत प्रदेश स्तरमा एक बिक्री केन्द्र स्थापना र सञ्चालन गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :दाङ्ग जिल्ला

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालयबाट बिक्री केन्द्र सञ्चालनको लागि छनोट भएको गैर सरकारी संस्था ।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन : स्वीकृत वजेटको परिधिभित्र रही आर्थिक प्रशासनको राय लिई कार्यलय प्रमूखबाट स्वीकृत गराई प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन, नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यविधि एवं कार्यक्रम सचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँड अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलव्धि :प्रदेश स्तरमा अपाङ्गता भएका व्यक्तिद्धारा उत्पादित वस्तु तथा सामाग्रीको एक विक्री केन्द्र स्थापना र सञ्चालन भई उनीहरुको जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिवेदन सामाजिक विकास महाशाखाले चौमासिक/ वार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि.वि.आर. संस्था अनुदान कार्यक्रम।

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | जिल्ला | १२ | ३६०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : विगतमा नेपाल सरकारवाट महिला वालवालिका कार्यालय मार्फत ससुदायमा आधारित पूर्नस्थापना कार्यक्रम सञ्चालन गरीएको थियो । अपाङ्गताको क्षेत्रमा काम गर्ने गै.स.स. हरुलाई अनुदान दिई शिक्षा, स्वास्थ्य, पहुँच, सशक्तिरण तथा सामाजिक परिचालनको काम प्रभावकारी भएकोमा हाल जिल्ला स्थित CBR Network हरु निस्क्रिय भए जस्तै अवस्थामा पुगेका छन्। तसर्थ CBRNetwork हरुमार्फत कार्यक्रम सञ्चालन गरि अपांगता भएका भएका व्यक्तिको क्षमता विकास, सचेतना विस्तार, सामाजिक परिचालन तथा स्थानीय तहसंगको समन्वय र सहकार्य सहज होस् भन्ने ध्येयले प्रदेश सरकारले यो कार्यक्रमलाई निरन्तरता दिनु परेको हो ।

३. कार्यक्रमको उद्देश्य : अपाङ्गता भएका व्यक्तिको सामाजिक परिचालन, क्षमता विकास, सि. वि. आर. नेटवर्कको सरलीकरणर स्थानीय तहसंगको समन्वय र सहकार्य गर्दै अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण र सामाजिक पुर्नस्थापना गर्ने ।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. सि. वि. आर. कार्यक्रम सञ्चालन निर्देशिका निर्माण गर्ने ।

२. निर्देशिका वमोजिम सेवा प्रदायक संस्था छनैट गरी सम्झौता गर्ने ।

३. छनौट भएको संस्थामार्फत कार्यक्रम सञ्चालन गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५का १२ जिल्ला

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालयबाट छनौट भएको संस्था ।

७. वजेट खर्च तथा वित्तिय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि : अपाङ्गता भएका व्यक्तिको सामाजिक परिचालन, क्षमता विकास, सामाजिक पुर्नस्थापना र सि. वि. आर. नेटवर्कको सलीकरण भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मातहतका निकाय।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन सामाजिक विकास महाशाखाले चौमासिक/ वार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

अपाङ्गता पुनर्स्थापना केन्द्र सहयोग अनुदान।

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | वटा | ३ | १५०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : अति अशक्त र असहाय अपाङ्गता भएका व्यक्तिले कष्टपुर्ण जीवनयापन गर्न वाध्य भएका छन्। ती व्यक्तिको अल्पकालिन दीर्घकालीन पुनर्स्थापना तथा दिवा सेवा केन्द्र सञ्चालन गर्ने अपाङ्गता भएका व्यक्तिका लागि खाजा, खाना, लत्ताकपडा, उपचार तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने आवश्यकता अनुसार सीप विकास तालिम सञ्चालन

गरी सीपयुक्त वनाउने साथै स्वास्थ्योपचार तथा कृतिम अङ्ग उपलव्ध गराउने लगायतका क्रियाकलापहरु सञ्चालन गर्न यो कार्यक्रम अवश्यक परेको हो।

३. कार्यक्रमको उद्देश्य : अपाङ्गता पुनर्स्थापना केन्द्रलाइ सहयोग गरी अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र सशक्तिकरणमा टेवा पुर्याउने ।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. निर्देशिका वमोजिम ३ वटा संस्थालाइ अनुदान दिन सूचना प्रकाशन गर्ने ।

२. संस्थाको स्थिती बारे अनुगमन, प्राथिमिकीकरण तथा छनौट गर्ने ।

३. सेवा प्रदायक संस्था सँग सम्झौता गर्ने ।

४. छनौट भएको संस्थामार्फत कार्यक्रम सञ्चालन गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान : प्रदेश नं ५ भित्र

६. कार्यक्रम सञ्चालन गर्ने निकाय : सामाजिक विकास डिभिजन कार्यालय बाट छनोट भएको संस्था

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन : स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गरी कार्यक्रमको सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

८. अपेक्षित उपलव्धि : अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण सशक्तिकरण तथा सामाजिक पुर्नस्थापनामा टेवा पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय : सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली : छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सम्बन्धीत जिल्ला हेर्ने सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ। सामाजिक विकास डिभिजन कार्यालयले चौमासिक/ वार्षिक रुपमा सामाजिक विकास महाशाखामा पठाउनु पर्ने र उक्त प्रतिवेदन मन्त्रालयले चौमासिक/ वार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

अपांगता भएका व्यक्तिहरुको लागि निःशुल्क सहायता सामाग्री वितरण

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४२३ | संस्था | १ | १००० | | | | |
| (सुरक्षासँग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र संबर्द्धनका लागि संयुक्त राष्ट्रसङ्घीय महासन्धि, अन्तर्राष्ट्रिय घोषणा पत्रहरु र राष्ट्रिय नीति तथा कार्यक्रम अनुरुप नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गीण हित र पुनर्स्थापनाका लागि विविध कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। यति हुँदाहुंदै पनि राज्यले प्रदान गरेका सेवा सुविधामा विपन्न तथा पिछडिएको क्षेत्रका नागिरकहरुको सहज पहुंच पुग्न सकेको छैन्। खासगरी अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायता सामाग्रीमायस प्रदेशमा रहेका अपाङ्गता भएका नागरिकहरुको पहुंच अभिबृद्धि गरी सबै अपाङ्गता भएका व्यक्तिहरुको सहज आवागमनका लागि निःशुल्क सहायता सामाग्री वितरणगरी अपाङ्गता भएका नागरिकको सामाजिक सुरक्षा र सम्मानित एवं सुरक्षित जीवनयापनको अधिकार सुनिश्चित गर्न सहयोग पुर्याउन यो कार्यक्रम तय गरिएको छ ।

३. कार्यक्रमको उद्देश्य : प्रदेशस्तरमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता अनुसार सहज रुपमा निशुल्क सहायक सामग्री उपलब्ध गराई सामाजिक सुरक्षा र सम्मानित एवं सुरक्षित जीवनयापनको अधिकार सुनिश्चित गर्न सहयोग पुर्याउनु।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. आवश्यक मापदण्ड निर्माण गर्ने ।

२. राष्ट्रिय अपांग महासंघ प्रदेश नं ५ सँग समन्वय आवश्यक सामग्री वितरण गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान : प्रदेश नं ५ भित्र

६. कार्यक्रम सञ्चालन गर्ने निकाय : मापदण्ड बमोजिम मन्त्रालयबाट छनोट भएको संस्था

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन : स्वीकृत वजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन, नियमावली तथा सामाजिक विकास मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँड अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलव्धि :अपांगता भएका व्यक्तिहरुको सहज जीवनयापनमा सहयोग पुर्याइ थप सम्भावना खोज्न सक्षम भएका हुनेछन् ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय : सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली : छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सम्बन्धीत जिल्ला हेर्ने सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ। सामाजिक विकास डिभिजन कार्यालयले चौमासिक/ बार्षिक रुपमा सामाजिक विकास महाशाखामा पठाउनु पर्ने र उक्त प्रतिवेदन मन्त्रालय ले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

## सामाजिक न्याय तथा सचेतना

### प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | पटक | ३ | १० लाख | | | | |
| (जनचेतना तालिम) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :सङ्घीयता कार्यान्वयनको सन्दर्भमा कर्मचारीको समायोजन प्रकृयाले गर्दा विगतमा संघ अर्न्तगत कार्यरत कर्मचारी प्रदेश र स्थानीय तहमा समायोजन भएका छन्, साथै नयाँ भर्ना प्रकृया पनि जारी छ । प्रदेश र स्थानीय तह, तहगत सरकारका रुपमा रहेकाले कर्मचारीको कार्यजिम्मेवारी पनि सोहि प्रकृतिको हुनेहुँदा वदलिदो परिवेश अनुसार कर्मचारीको ज्ञान सीप र क्षमता विकास गर्न तथा उच्च मनोवलका साथ काम गर्ने वातावरण सिर्जना गर्नका लागि यो कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

३. कार्यक्रमको उद्देश्य :कर्मचारीको क्षमता अभिवृद्धि भइ कार्यसम्पादन प्रभावकारी भएको हुने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रदेश र स्थानीय तहका करिव ७५ जना कर्मचारीलाइ विभिन्न किसीम र अवधिका क्षमता विकास तालिम सञ्चालन गर्ने।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश भित्रको कुनै स्थान ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

७. वजेट खर्च तथा वित्तिय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :कर्मचारीको क्षमता अभिवृद्धि तथा मनोबल उच्च भई सेवा प्रवाह प्रभावकारी भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखाले नियमित्त कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ, सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति सम्वन्धित निकायहरुमा संप्रेषण गर्नु पर्नेछ ।

## सचेतनामूलक कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १० | ५०० | | | | |
| (महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकार र जातीय छुवाछुत बिरुद्ध ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : समाज विविध वर्ग, लिंग, क्षेत्र, जातजाती, क्षेत्र, समुह, सक्षमता आदिको आधारमा निर्मित एंव संगठित संस्था हो। यो विभिन्न उमेर समुहका यो सवै वर्ग, क्षेत्र, लिंग, सम्प्रदायको समग्र विकास नभएसम्म समाजको समृद्धि सम्भव हुदैन । विगतको हाम्रो सामाजिक आर्थिक प्रणालीले सवै क्षेत्रको सन्तुलित र समन्यायिक विकास हुन सकेन । समाजमा पछाडि पारिएका वर्ग सम्प्रदायको विभिन्न कार्यक्रम मार्फत सशक्तिकरण नगरेसम्म संविधानले परिकल्पना गरेको सामाजिक न्यायमा आधारित समतामूलक समाजको आङ्काक्षा पूरा हुन सक्दैन । तसर्थ लक्षित वर्गको सशक्तिकरण गरी समन्यायिक विकास गर्न यो कार्यक्रम तर्जुमा गरिएको हो।

३. कार्यक्रमको उद्देश्य :महिला, बालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको मूलप्रवाहीकरण र सशक्तिकरण गरी सामाजिक न्याय प्रदान गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. सवै क्षेत्रलाइ समेट्ने गरी विभिन्न प्रदेश स्तरीय अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।

२. जिल्ला र स्थानीय तहको सञ्जाल र संरचनाको सवलीकरण गर्न तालिम तथा गोष्ठीको सञ्चालन गर्ने ।

३. आवश्यक कार्यविधी वनाइ सन्देशमुलक सूचना सामग्री उत्पादन तथा प्रकाशन गर्न सञ्चार माध्यम सँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ तथा अन्तरगतका १२ जिल्ला ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय, निर्देशनालय र मातहतका कार्यालयहरु ।

७. वजेट खर्च तथा वित्तिय व्यवस्थापन : स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यकको मूलप्रवाहीकरण र सशक्तिकरण गरी सामाजिक न्याय प्रवर्धन भएको हुनेछ।

९. कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :सामजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः सामाजिक विकास महाशाखा र मातहतका निकायले नियमित कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ, सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति सम्वन्धित निकायहरुमा संप्रेषण गर्नु पर्नेछ ।

जिल्ला प्रहरी कार्यालयसँगको सहकार्यमा साईवर अपराध सम्बन्धी १ दिने अन्तरक्रिया

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजार | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १२ | २४०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : सूचना प्रविधिको विकास र विस्तारले मानवीय ज्ञानको क्षितिजलाई फराकिलो पार्नुका साथै मानव जीवनलाई धेरै सहज र सरल वनाइदिएको छ । तथापि प्रविधिलाई गलत ढंगले प्रयोग गरी समाजमा अपराधिक घटनाहरु पनि पछिल्लो समयमा बढ्दै गइरहेको अवस्था छ । यस्ता अपराधजन्य क्रियाकलापबाट सबै भन्दा बढी महिला, बालबालिका तथा अन्य पछाडिपारिएका वर्गहरु रहेका छन् । तसर्थ प्रदेश नं. ५ भित्रका १२ वटै जिल्लामा जिल्ला प्रहरी कार्यालयसंगको सहकार्यमा अन्तरकृया कार्यक्रमबाट साइवर अपराधका विषयमा जानकारी हाँसिल गरी सरोकारवालाहरको भूमिका एकिन गर्न यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :साइवर अपराध सम्वन्धी सचेतना विस्तार भइ अपराध न्यूनीकरणमा टेवा पुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. जिल्ला प्रहरी कार्यालयसँगको सहकार्यमा प्रदेश नं वटै जिल्लामा १२भित्रका ५ .सम्बन्धीत जिल्लाका सरोकारवालाहरु (सरकारी निकायका प्रतिनिधिहरु, सुरक्षाकर्मी, अधिकारकर्मी, पत्रकार, बालक्लव सञ्चालका प्रतिनिधि) निकायसँग सामाजिक विकास डिभिजन कार्यालय मार्फत अन्तरकृया कार्यक्रम सञ्चालन गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान : प्रदेश नं. ५ भित्रका १२ वटै जिल्ला।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय:सामाजिक विकास कार्यालय ।

७. वजेट खर्च तथा वित्तिय व्यवस्थापन :स्वीकृत वजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :साइवर अपराधसम्वन्धि सचेतना विस्तार भइ अपराध न्यूनीकरणमा टेवा पुगेको हुनेछ।

९. कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखा र मातहतका निकायले नियमित कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ, सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति सम्वन्धित निकायहरुमा संप्रेषण गर्नु पर्नेछ ।

सन्देशमुलक रेडियो जिङ्गल, सुचनामूलक सन्देश उत्पादन, प्रकाशन र प्रशारण

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | १००० | | | | |
| (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा वितरण ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : सन्देशमूलक सूचना सामग्रीको उत्पादन, प्रकाशन र प्रसारणले हामीले दिन खोजेको सन्देश तथा सूचनाहरु कम लागतमा वृहत्तर समुदायसम्म पुग्न सक्छ । सार्वजनिक सरोकारका विषयमा सुचना माग्ने र पाउने नागरिकको मौलिक हकलाइसम्मान गर्नपनि यस्ता कार्यक्रमको आवश्यकता पर्दछ । राज्यले प्रदान गर्ने कतिपय सेवा सुविधाको वारेमा नागरिकहरु अनभिज्ञ हुँदा एकातिर नागरिक सेवा प्राप्तिबाट वञ्चित हुने र अर्कोतिर राज्यको स्रोत साधन यतिकै खेर जाने अवस्था देखिएको छ । अझ प्रदेश सरकार संघीयताको सन्दर्भमा नितान्त नवितम संरचना भएकोले आवश्यक सूचना र सन्देशहरु उत्पादन प्रकाशन र प्रसारण गरी नागरिकलाई सूसूचित गरी सरकार र नागरिक

विचको सम्वन्ध दरिलो पार्न आवश्यक छ । नेपालको संबिधानले तोकेको सुचनाको हकलाई मध्यनजर गर्दैसामाजिक विकास मन्त्रालयले सामाजिक विकास सम्वन्धी आ.व. २०७५/०७६ का लागि तय गरिएका वार्षिक नीति तथा कार्यक्रमहरु, महिला, बालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय लगायतका वर्गको हक अधिकारका सम्वन्धमा सचेतना अभिवृद्धि गर्न सूचनामुलक सामग्रीहरुको प्रकाशन तथा प्रचार प्रसार गर्न यो कार्यक्रम तय गरिएको हो।

३. कार्यक्रमको उद्देश्य : महिला, बालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय लगायतका वर्गको हक अधिकारका विषयमा आम नागरिकलाइ सु-सूचित गर्ने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय लगायतका वर्गको हक अधिकारका सम्वन्धमाबनेका विद्यमान/ नयाँ ऐन, कानून, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डहरुको प्रकाशन (छपाई), प्रशारण तथा वितरण गर्ने।

२. विधमान कानूनबमोजिम विभिन्न सूचना /जानकारीमूलक सामाग्रीहरु (जस्तै : जानकारी पुस्तिका, ब्रोसियर, पम्फलेट, पोष्टर) निर्माण गर्ने,प्रकाशन (छपाई) प्रशारण तथा वितरण गर्ने ,।

३. निर्देशिका बनाई प्रचलित कानून बमोजिम प्रस्ताव आव्हान गरी स्थानीय सञ्चार माध्यम (सामुदायिक रेडियो एफ एम तथा सञ्चारगृह) बाटस्थानीय भाषामा समेत आवश्यक्ता अनुसार सूचना /जानकारीमूलक सामाग्रीहरु उत्पादन,प्रकाशन र प्रशारण गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं.५ अन्तर्गतका जिल्लाहरु

६. कार्यक्रम सञ्चालन गर्ने निकाय:सामाजिक विकास मन्त्रालय र मातहतको निकाय

७. वजेट खर्च तथा वित्तिय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :विद्यमान/ नयाँ ऐन, कानून, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डहरु सम्बन्धी जानकारी तथा प्रदेश सरकारवाट प्राप्त गरिने सेवा र सुविधाको वारेमा आम नागरिकहरु सूसुचित भइ सेवासम्मको पहुँच तथा आम नागरिकहरुमा सचेतना अभिवृद्धि भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखा र मातहतका निकायले नियमित कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ, सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति सम्वन्धित निकायहरुमा संप्रेषण गर्नु पर्नेछ ।

लोपोन्मुख, सिमान्तकृत, अल्पसंख्यकहरुको सूचीकरणका लागि अध्ययन र सशक्तिकरण कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | १५०० | | | | |
| (अध्ययन / सर्वेक्षण / अनुसन्धान) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :वहुजातिय वहुभाषिक र वहुसांस्कृतिक विशेषताले भरिपूर्ण नेपाली समाज विविधता विचको एकता कायम गर्दै अगाडि बढेको छ । पहिल्लो समयमा लोपोन्मुख सिमान्तकृत तथा अल्पसंख्यक समुदायक को पहिचान हराउदै गएको, भाषा, संस्कृति र रहनसहन लोप हुदै गएको अवस्था छ ।लोपोन्मुख, सिमान्तकृत, अल्पसंख्यकहरुको लागि राज्यले सामाजिक सुरक्षा, सशक्तिकरण, सचेतनालगायतका कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको भएतापनि यो समुदाय सूचना तथा अधिकार उपयोगको क्षेत्रमा पछाडि परेको पाईन्छ । यी समुदायहरुले सूचिकरण अध्ययन र अनुसन्धानले यिनीहरुले पहिचान अवस्था विश्लेपण लोप हुन लागेका संस्कृतिहरु लिपिवद्ध हुने भएकोले अध्ययन सर्वेक्षण र अनुसन्धान आवश्यक छ ।तसर्थ लोपोन्मुख, सिमान्तकृत, अल्पसंख्यकहरुको सशक्तिकरण तथा हालको अवस्था विश्लेषण गरी अगामी दिनहरुमा यस वर्गको उत्थानको लागि सहयोग पुर्याउन यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य:लोपोन्मुख, सिमान्तकृत, अल्पसंख्यकहरुको हक अधिकारको वारेमा जानकारी गराइ सशक्तिकरण गर्ने र यस वर्गको लगत सङ्कलन, अवस्था अध्ययन तथा विश्लेषणगरी प्रतिवेदन तयार हुने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. लोपोन्मुख, सिमान्तकृत, अल्पसंख्यकहरुको सूचीकरणका लागि अध्ययन विश्लेषण र प्रतिवेदनका लागि प्रचलित कानून बमोजिम सूचीकृत संघ सस्थाहरु वा परामर्शदाताबाट प्रस्ताव पेशका लागि सूचना प्रकाशन गर्ने ।

२. प्राप्त प्रस्तावहरु मध्येबाट मापदण्डका आधारमा संस्था छनौट गर्ने ।

३. परामर्शदाताको TOR बनाइ निजसँग संम्झौता गरी सेवा लिने ।

४. अन्तर्क्रिया कार्यक्रम सामाजिक विकास डिभिजन कार्यालयसँग समन्वय गरी मन्त्रालयले आयोजना गर्ने ।

५. आवश्यता अनुसार मन्त्रालयमा बैठक बसी निर्णय गर्न सकिने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालयर मन्त्रालयले तोकेको अन्य व्यक्ति वा निकाय

७. वजेट खर्च तथा वित्तिय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम संचालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :लोपोन्मुख , सिमान्तकृत , अल्पसंख्यकहरुको हक अधिकार प्रवर्धन हुनुको साथै अवस्था अध्ययनतथा विश्लेपणगरी प्रतिवेदन तयार भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मातहतका निकाय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः परामर्श दाताले सम्झौतामा उल्लेख गरे अनुसार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिबेदन सामाजिक विकास मन्त्रालयले बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

पत्थरकट्टा, नट्टुवा, कुसुण्डा, राउटे, चिडिमार, सोनाहा, राजी लगायतका समुदायका लागि संरक्षण तथा उत्थान कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | २००० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :वहुजातिय वहुभाषिक र वहुसंस्कृतिक विशेषताले भरिपूर्ण नेपाली समाज विविधता विचको एकता कायम गर्दै अगाडि बढेको छ । पहिल्लो समयमा लोपोन्मुख सिमान्तकृत तथा अल्पसंख्यक समुदायक को पहिचान हराउदै गएको भाषा संस्कृति र रहनसन लोप हुदै गएको अवस्था छ ।यी समुदायको आर्थिक सामाजिक सूचकहरु निकै कमजोर छन्। तसर्थ, वञ्चितीकरणमा परेका यी समुदायको मुलप्रवाहीरण र सशक्तीकरण गरी राज्यले यी समुदायप्रति आफ्नो अभिभावकत्व दर्शाउन यो कार्यक्रम आवश्यक छ ।

३. कार्यक्रमको उद्देश्य :वञ्चितीकरणमा परेका पत्थरकट्टा , नट्टुवा , कुसुण्डा , राउटे , चिडिमार ,सोनाहा, राजी लगायतका समुदायको मुलप्रवाहीरण र सशक्तीकरण गर्ने ।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. पत्थरकट्टा, नट्टुवा, कुसुण्डा, राउटे, चिडिमार, सोनाहा, राजी लगायतका समुदायका प्रदेश र जिल्ला स्थित सञ्जाल र सामाजिक विकास डिभिजन कार्यालयसँग समन्वय गरी अवश्यक्ता अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :पत्थरकट्टा, नट्टुवा, कुसुण्डा, राउटे, चिडिमार, सोनाहा, राजी लगायतका समुदाय रहेका प्रदेश नं ५ का विभिन्न जिल्लाहरु ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय:सामाजिक विकास मन्त्रालय र मातहतका निकायहरु

७. वजेट खर्च तथा वित्तिय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट

अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :वञ्चितीकरणमा परेका पत्थरकट्टा , नट्टुवा , कुसुण्डा , राउटे , चिडिमार ,सोनाहा, राजी लगायतका समुदायको संरक्षण तथा उत्थान भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: कार्यक्रम सम्पन्न भएको ७ दिन भित्र कार्यक्रम संयोजकले सामाजिक विकास महाशाखामा प्रतिवेदन पेश गर्नु पर्नेछ। उक्त प्रतिवेदन चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत मन्त्रालयले प्रगति संप्रेषण गर्नेछ।

कार्यक्रम अनुगमन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२६११ | पटक | आ.अ. | १००० | | | | |
| (अनुगमन, मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : प्रदेश सरकार कार्यविभाजन नियमावली ,२०७४ ले सामाजिक विकास मन्त्रालयलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायतका क्षेत्रमा कार्यक्रम र भए गरेका कार्यक्रमको अनुगमन मुल्यांकन गर्ने जिम्मेवारी तोकिएको छ ।नेपालमा संघीयता लागु भए पश्चात देशको साशन प्रणाली पनि ३ तहको सरकार (स्थानीय सरकार प्रदेश सरकार तथा संघीय सरकार) बाट नै संचालन भई रहेको छ। राज्य संचालनका लागि आवश्यक बजेटको व्यवस्था संघीय वा केन्द्रीय सरकारले गर्दछ । स्थानीय तथा प्रदेश स्तरबाट संकलन भएको राजश्वको केही रकम सम्बन्धीत तहमा नै खर्च गर्ने र केही रकम केन्द्रीय स्तरको सरकारी ढुकुटीमा जम्मा गर्ने गरी कानूनी व्यवस्था गरिएको छ। स्थानीय तहमा बार्षिक रुपमा संचालन गरीने कार्यक्रमहरु विशेष गरी संघीय तह र केही प्रादेशिक तहबाट पनि सशर्त तथा निशर्त अनुदानको रुपमा बिनियोजन गरीएका हुन्छन्।यसरी व्यवस्था गरीएका कार्यक्रमहरुको संचालन गर्ने तरिका, संचालनका लागि तयार गरिएकोकार्यविधि, आवश्यक नीति तथा कानूनका जानकारी तथा साथै प्रदेश

मातहतका निकाय र विभिन्न गैरसरकारी संस्थावाट सञ्चालित कार्यक्रमको अनुगमन मुल्याङ्कन र प्रतिवेदन गरी आवश्यक सुधार तथा पृष्ठपेषण प्रदान गर्न अनुगमनको आवश्यकता छ ।

३. कार्यक्रमको उद्देश्य :सामाजिक सुरक्षा तथा महिला विकास सम्बन्धी कार्यक्रमहरुको अनुगमन निरिक्षण गरि थप प्रभावकारीताको लागि आवश्यक पृष्ठपोषण दिने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रदेश नं ५ का सवै जिल्लामा सञ्चालित कार्यक्रम तथा सूचीकृत सामाजिक संघ संस्थाहरुको स्थलगत अनुगमनका लागि अनुगमन अनुगमन फाराम तयार गर्ने,

२. मन्त्रालयबाट खटिएका व्यक्ति वा प्रतिनिधिहरुले तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्ने,

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ भित्रका १२ जिल्ला

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही आर्थिक कार्यविधि ऐन नियमावली तथा मन्त्रालयवाट स्वीकृत शिर्षकगत विभाजन अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :तत्काल सुधार गर्नु पर्ने पक्षहरुमा पृष्ठ पोषण प्रदान गर्न सकिने र आगामी दिनको लागि कार्य दिशा तय गर्न सहयोग पुग्नेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: अनुगमनकर्ताले अनुगमन सम्पन्न गरेको सात दिन भित्र प्रतिवेदन तयार गरी सामाजिक विकस महाशाखामा पेश गर्नुपर्नेछ उक्त प्रतिवेदनलाई सामाजिक विकास महाशाखाले एकिकृत गरी बार्षिक प्रगति प्रतिवेदन मार्फत संप्रेशण गर्नेछ।

## लागु औषध तथा दुर्व्यसनी पुनर्स्थापना केन्द्रहरुलाई सहयोग अनुदान

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | वटा | ३ | ६०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :विभिन्न कारणले लागु औषधको दुर्व्यसनमा परेका तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाइ पूर्ववतरुपमा सामान्य जीवनयापनमा सहयोग पुर्याउने उद्धेश्यले मन्त्रालयमा सूचिकृत भएका लागु औषध दुर्व्यसनको क्षेत्रमा काम गर्ने संस्थाहरुमार्फत प्रभावितहरुलाइ उपचार, व्यवसायिक सीप प्रदान, पारिवारिक तथा सामाजिक पुर्नस्थापनामा सहयेग पुर्याउने गरी प्रदेश नं ५ भित्रका ३ वटा लागु औषध तथा दुर्व्यसनी पुनर्स्थापना केन्द्रहरुलाई अनुदान प्रदान गरी कार्यक्रम सञ्चालन गर्नु आवश्यक भएकोले यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :लागु औषध तथा दुर्व्यसनबाट प्रभावितहरुलाई संरक्षण प्रदान गर्ने संघ संस्थाको सेवा सुविधामा सुदृढीकरण तथा र मानव ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रस्ताव आव्ह्यान गरी सूचना प्रकाशन गर्ने ।

२. मापदण्ड निर्धारण गरी संस्था छनौट गर्ने ।

३. छनोट भएको संस्था सँग कानून बमोजिम सम्झौता गरी अनुदानप्रदान गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :लागु औषध तथा दुर्व्यसनी पुनर्स्थापना केन्द्रहरु सञ्चालित जिल्ला मध्ये मन्त्रालयबाट निर्णय गरी पछि पठाईने ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय:सामाजिक विकास डिभिजन कार्यालयबाट छनोट भएको संस्था ।

७. वजेट खर्च तथा वित्तिय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ

८. अपेक्षित उपलब्धि :लागु औषधको दुर्व्यसनमा परेका तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुको सामाजिक र पारिवारिक पुर्नस्थापनामा सहयोग पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास महाशाखामा पेश गर्नुपर्नेछ।उक्त प्रतिबेदन सामाजिक विकास मन्त्रालयले चौमासिक/ वार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ

## महिला विकास तथा सशक्तिकरण

### महिलाहरुको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२४११ | जिल्ला | १ | ५०० | | | | |
| (अध्ययन/सर्वेक्षण/अनुसन्धान) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** महिलाहरुको आर्थिक सामाजिक विकास र सशक्तिकरणका लागि , करणका लागि संविधानमानै महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मुलप्रवाहिकरण तथा सशक्ति रणनीति र कार्ययोजनाहरु कार्यान्वयनमा आएका छन् । यति हुदाहुदै पनि आशातित ,नियम ,विभिन्न ऐन उपलब्धी अझै हाँसिल हुन सकेको छैन । यस कार्यक्रमको माध्यमबाट परीक्षणको रुपमा केही सिमित स्थानहरुमा महिलाहरुको हालको अवस्था विश्लेपण गरी उनीहरुको समस्या, समाधानका उपाय, आवश्यकताको पहिचान, समता र समानताका प्रभाव, महिलाहरुको सर्वोतम हित तथा सर्वाङ्गिण विकासका अवसर जस्ता कुराहरुको अध्ययन र विश्लेपण गरी प्रतिबेदन प्रकाशन गर्नाले महिलाहरुको विद्यमान अवस्थाको जानकारी हुनुका साथै आगामी दिनहरुमा आवश्यकता पहिचान र योजना तर्जुमामा सहयोग हुने उद्देश्यले यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** प्रदेश नं ५ मा महिलाहरुको हालको अवस्थाको अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन पेश गर्ने ।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

१. महिला सम्वन्धी अध्ययन विश्लेषण र प्रतिवेदनका लागि प्रचलित कानून बमोजिम सूचीकृत संघ संस्थाहरु वा परामर्शदाताबाट प्रस्ताव पेशका लागि सूचना प्रकाशन गर्ने ।

२. यस सम्वन्धी RFP तयार गर्ने ।

३. प्राप्त प्रस्तावहरु मध्येबाट मापदण्डका आधारमा संस्था छनौट गर्ने ।

४. परामर्शदाताको TOR बनाइ निजसँग संम्झौता गरी सेवा लिने ।

५. आवश्यता अनुसार मन्त्रालयमा बैठक बसी निर्णय गर्न सकिने ।

६. कार्यक्रम कार्यन्वयन परामर्श सेवा खरिदबाट गरिनेछ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ ( यस अध्ययनको लागि कुनै जिल्लालाई आधार बनाउन सकिने छ ) ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालयर मन्त्रालयले तोकेको अन्य व्यक्ति वा निकाय।

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि : महिलाहरुको वास्तविक अबस्था पत्ता लगाई भावी नीति तथा योजना तर्जुमामा सहयोग पुगेको हुने ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मातहतका निकाय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः परामर्श दाताले सम्झौतामा उल्लेख गरे अनुसार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिवेदन सामाजिक विकास मन्त्रालयले बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

११. खर्च क्षेत्रः कानून मस्यौदा समितको खर्च, अन्तरक्रिया गर्दा लाग्ने खर्च, बैठक भत्ता, विज्ञबाट पुनरावलोकन खर्च, परामर्शदाताको खर्च, आदि ।

महिलाहरुको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | पटक | १२ | ४८०० | | | | |
| ( उद्यमशिलता, रोजगारीमूलक/ सशक्तिकरण / सीप विकास तथा क्षमता अभिबृद्धि तालिम ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :नेपालको कुल जनसंख्याको आधा भन्दा बढी जनसंख्या ओगटेको महिलाहरुको नेतृत्व क्षमता विकास गरी विकासको मुल प्रवाहमा समाहित गर्नु आजको आवश्यकता हो। नेपालको संविधानले लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्था कायम गर्ने र राज्यको शासकीय संयन्त्रहरुमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गर्दै महिलाहरुको सहभागिता समेत अनिवार्य गरेको छ। त्यसैगरी दिगो विकासको लक्ष्यमा लैङ्गिक समानता तथा बालिका सशक्तिकरणको विषय समावेश भएको छ। मुलुकमा तीनतहको शासन प्रणाली रहने संवैधानिक व्यवस्था बमोजिम सबै तहमा जनहित र देश विकासका लागि ईमान्दार एवम् अनुकरणीय नेतृत्वको अवश्यक्ता छ । यति हुदा हुदै पनि महिलाहरुको नेतृत्व क्षमता बढ्न नसकेको हुँदा अर्थपुर्ण सहभागिता हुन सकेको पाइदैन। तसर्थ स्थानीय तहका महिला जनप्रतिनिधिहरु र साविक महिला तथा बालबालिका कार्यलयबाट गठित महिला विकास सहकारी संस्थाका प्रतिनिधिको नेतृत्व क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :स्थानीय स्तरमा महिलाहरुको क्षमता विकास गरी शासकीय संयन्त्रमा महिला नेतृत्वको सहभागिता अभिवृद्धि गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. परामर्शदाताको सहयोगमा तालिम पाठ्यक्रम तथा पाठ्य सामाग्री मन्त्रालयले तयार गर्ने।

२. सामाजिक विकास डिभिजन कार्यालयले स्थानीय तहहरु सँग समन्वय गरी सहभागी छनोट गर्ने ।

३. सबै स्थानीय तहवाट सहभागिता हुने गरी सम्बन्धीत जिल्ला हेर्ने सामाजिक विकास डिभिजन कार्यालयले जिल्ला स्तरमा तालिम सञ्चालन गर्ने ।

४. आवश्यता अनुसार मन्त्रालयबाट तालिमको सहजीकरणमा सहयोग गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ का १२ वटै जिल्ला

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली ,सार्वजनिक खरिद ऐन ,तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यसञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :१२ वटै जिल्लामा तालिम सम्पन्न भई महिलाहरुको नेतृत्व क्षमता विकास र महिला सशक्तिकरणमा योगदान पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली :सामाजिक विकास डिभिजन कार्यालयले कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी मासिक/ चौमासिक/ वार्षिक रुपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ र सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ ।

लैङ्गिक मैत्री कार्यालय व्यवस्थापन सम्बन्धी मार्गदर्शन निर्माण

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ५०० | | | | |
| ( प्रचार, प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित लैङ्गिक भेदभाव विना राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने र समानताको हक अन्तर्गत पिछडिएका महिला, बलबालिका,अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भावस्थाका व्यक्ति, अशक्त असहाय लगायतका नागरिकहरुको हकको प्रत्याभुत गरेको छ । पितृसतात्मक सामाजिक संरचना र मूल्य मान्यताको कारण राज्यका सबै तह र निकायहरुमा लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गर्न, लैङ्गिक समानता सम्बन्धी नीति तथा योजनाहरु निर्माण गर्न सकेको अवस्था छैन । यद्धपी लैङ्गिक मैत्री संविधान, ऐन कानूनहरु प्रशस्त बनेका छन् । राज्यका निकायहरुबाट हुने सेवा प्रवाह भौतिक संरचना र सेवाग्राही प्रतिको व्यवहार लैङ्गिक मैत्री हुन नसकेको र लैङ्गिक मैत्री कार्यालय व्यवस्थापन नहुँदा सेवाग्राहीको सेवामा सहज पहुंचहुन नसकेको गुनासो सबैतिर छ

।पन्ध्रौं योजनाको आधारपत्रले समेत आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाहरुको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत , साधन, अवसर तथा लाभमा महिलाको समान पहुंच सुनिश्चित गर्नु , बालबालिका तथा किशोर किशोरी मैत्री वातावरण सृजना गर्नु , भौतिक संरचना, यातायातको सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको सहज पहुंच सुनिश्चित गर्नु जस्ता उद्धेश्य लिएको छ । यति हुँदा हुंदैपनि सरकारी कार्यालयहरुमा लैङ्गिक मैत्री व्यवस्थापन हुन नसकेकोले सो कार्यलाई व्यवस्थित बनाउन लैङ्गिक मैत्री कार्यालय व्यवस्थापन सम्बन्धी मार्गदर्शन निर्माण कार्यक्रम तय गरिएको हो।

३. कार्यक्रमको उद्देश्य :प्रदेश सरकारका सबै निकायहरुमा लैङ्गिक मैत्री कार्यालय व्यवस्थापन लागु गर्ने / कार्यान्वियन गर्ने ।

४. खर्च क्षेत्रः परामर्श दाताको खर्च, पुनरावलोकन खर्र र मापदन्डको छपाई खर्च

५. कार्यक्रम कार्यान्वियन प्रकृया :. .

१. मन्त्रलायमा यस सम्बन्धी समिति गठन गर्ने

२. यसको सरोकारवालासँग छलफल गर्ने

३. विज्ञबाट पुनरावलोकन गर्ने

४. लैङ्गिक मैत्री कार्यालय व्यवस्थापन सम्बन्धी मार्गदर्शन निर्माणका लागि परामर्शदाताको TOR तयार गर्ने।

५. परामर्शदाताको TOR यस क्षेत्रमा ज्ञान सीप र अनुभव प्राप्त सूचीकृत संस्था वा व्यक्तिबाट प्रस्ताव पेशका लागि पत्राचार गर्ने ।

६. पेश भएका प्रस्ताव मध्ये कानून बमोजिम उपयुक्त संस्था वा व्यक्तिलाई परामर्श सेवा लिनका लागि छनोट गर्ने ।

७. छनोट भएको संस्था वा व्यक्तिसँग सम्झौता गरी मार्गदर्शन निर्माण सम्बन्धी कार्य गराउने ।

८. परामर्शदाताले सम्झौता अनुसार तोकिएको समयावधिमा मार्गदर्शनको मस्यौदा मन्त्रालयमा पेश गरी प्राप्त सुझाव र सल्लाह समेत लिनु पर्नेछ ।

९. परामर्शदाताले पेश गरेको मस्यौदा मार्गदर्शनमा सरोकारवालाहरु सँग छलफल गरी अन्तिम रुप दिई स्वीकृतीका लागि पेश गर्ने ।

१०. परामर्श दाताको भएको कामको पुनरावलोकन गर्ने र यसका लागि मन्त्रलमा एक पुनरावलोकन समिति गठन गर्ने।

११. स्वीकृत लैङ्गिक मैत्री कार्यालय व्यवस्थापन सम्बन्धी मार्गदर्शन प्रदेश सरकार अन्तरगतका सबै निकाय तथा कार्यालयमा कार्यान्वयनका लागि पठाउने ।

६. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५, बुटवल।

७. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मन्त्रालयले छनोट गरेको परामर्शदाता संस्था वा व्यक्ति

८. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यसञ्चालन निर्देशिका बमोजिम परामर्श सेवा लिनु पर्नेछ । कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँटको सोही रकम बाटै मस्यौदा मार्गदर्शनमा सरोकारवालाहरु सँग छलफल कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

९. अपेक्षित उपलब्धि :लैङ्गिक मैत्री कार्यालय व्यवस्थापन सम्बन्धी मार्गदर्शन निर्माण भई कार्यान्वयन भएको हुनेछ ।

१०. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निनकायहरु

११. कार्यक्रमको प्रतिवेदन प्रणाली: परामर्शदाताले सम्झौता अनुसार तोकिएको समयावधिमा मार्गदर्शनको मन्त्रालयमा पेश गर्नु पर्नेछ र सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत सो प्रगति संप्रेशण गर्नु पर्नेछ ।

## लैङ्गिक सम्पर्क विन्दुको कार्यविधि निर्माण तथा अन्तरकृया

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | २ | २०० | | | | |
| ( प्रचार, प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : वर्तमान परिवेशमा शासन व्यवस्थामा आएको परिवर्तन अनुसार सङ्घीय संरचनाका सबै तहमा लैङ्गिक विषयहरुलाई मूलप्रवाहीकरण गर्नु आवश्यक छ । यसर्थ लैङ्गिक विषयलाई व्यवस्थित ढंगले कार्यान्वयन गरी क्रमशः सबै तह र क्षेत्रमा संस्थागत गर्न प्रदेश मन्त्रालय र मातहतका निकायहरुमा रहेका लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons) को लागि "लैङ्गिक सम्पर्क व्यक्तिहरुको क्षेत्रगत कार्यशर्त ( Terms of Reference) निर्माण गरी कार्यान्वयन गर्न यो कार्यक्रम राखिएको छ ।

३. कार्यक्रमको उद्देश्य :लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons ) को क्षेत्रगत कार्यशर्त (Terms of Reference) निर्माण गरी लैङ्गिक मूलप्रवाहीकरणका माध्यमबाट सशक्तिकरण गरी प्रदेशका नीति, कानून, योजना तथा कार्यक्रममा जिम्मेवार र लैङ्गिक संवेदनशील बनाउंदै लैङ्गिक समानता उन्मुख प्रदेश निर्माणमा योगदान पुर्याउने ।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons) को क्षेत्रगत कार्यशर्त (Terms of Reference) मन्त्रालयले निर्माण गर्ने ।

२. प्रदेश मन्त्रालय र मातहतका सबै निकायहरुमा सम्बन्धीत निकायहरुबाटै लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons ) मातोक्न पत्राचार गर्ने ।

३. तोकिएका लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons) को विवरण/सूची महाशाखाले तयारगरी मन्त्रालयमा रेकर्ड राखे ।

४. आवश्यक् अनुसार प्रदेश मन्त्रालय र मातहतका निकायहरुका लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons) सँग उनीहरुको क्षेत्रगत कार्यशर्त (Terms of Reference) को जानकारी तथा अन्तरक्रिया गर्ने।

५. कार्यक्रम सञ्चालन स्थान :बुटवल , रुपन्देही

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :लैङ्गिक सम्पर्क व्यक्तिहरुको क्षेत्रगत कार्यशर्त (Terms of Reference) को निर्माण भइ सोही बमोजिमलैङ्गिक सम्पर्क व्यक्तिहरुको क्षमता विकासमा टेवा पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखाले कार्यक्रम सम्पन्न भएको ७ दिन भित्र प्रतिबेदन तयार गर्नुपर्नेछ । सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत उक्त प्रगति संप्रेशण गर्नेछ ।

किशोर किशोरी लक्षित यौन र प्रजनन शिक्षा सम्वन्धी सचेतनामूलक कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | ५ | ७५० | | | | |
| ( प्रचार, प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :किशोरावस्था भनेको बाल्यावस्थाबाट वयस्क हुने अवधि हो । यो अवधि १० वर्षदेखि१९ वर्षसम्म रहने गर्दछ । विश्व स्वास्थ्य सँगठनले १० देखि १९ वर्षको उमेरलाई किशोरावस्था भनी परिभाषित गरेको छ । खास गरी किशोरीहरू सामाजिक मूल्य र मान्यताका कारण विभिन्न प्रकारका शोषणको शिकार बनिरहेका हुन्छन् । सामाजिक मुल्य मान्यताले यस उमेरका किशोरीहरूलाई मनपरेको खान नपाउने, लगाउन नपाउने, सबैसँग बोल्न नपाउने जस्ता कुरादेखि लिएर उनीहरूको ईच्छाआंकाक्षामा बन्देज लगाएको पाईन्छ । यो उमेरका किशोरीहरू चाँडो विवाह हुने, गर्भवती हुने, यौन शोषण, बेचविखन जस्ता शोषणका शिकार भैरहेका हुन्छन् ।यौन स्वास्थ्य र प्रजनन स्वास्थ्य बीच अत्यन्तै निकट वा एक अर्कालाई छट्याएर वा फरक राखेर हेर्न नमिल्ने सम्बन्ध छ। यौन स्वास्थ्य यौनिकताको शारीरिक, संवेगात्मक बौद्धिक र सामाजिक पक्षहरूको समिश्रण हो । यसले सकारात्मक तवरले व्यक्तित्व विकास, आपसी सञ्चार र प्रेमको प्रवर्द्धन र अभिबृद्धि गर्दछ।यौन स्वास्थ्यले मानव यौनिकता

सम्बन्धी विविध पक्षलाई समेट्दछ। जस्तै मानव यौनिकताको सम्बन्ध मानव प्रजनन प्रक्रियासंगै हुनु पर्दछ भन्ने छैन सुखानुभूतिको लागि पनि आवश्यक हुन्छ । लैङ्गिक विभेदले उनीहरूको आत्मवल कमजोर गराएको हुन्छ । यस्ता मुल्य मान्यता गलत हो भन्ने सन्देश दिनु जरुरी छ ।तसर्थकिशोर किशोरी लक्षित यौन र प्रजनन शिक्षा सम्वन्धी सचेतनामूलक कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य : किशोरावस्थामा आफ्नो उमेरमा परिआउने जोखिमहरूबाट बच्न, स्वस्थ र जिम्मेवारपूर्ण यौन व्यवहार अवलम्बन गर्न र व्यक्तित्व विकास गर्न विभिन्न ज्ञान तथा सीपहरू विकास गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. मन्त्रालयले किशोर किशोरी लक्षित यौन र प्रजनन शिक्षा सम्वन्धी २ दिने अन्तरक्रियाको लागि पाठ्यक्रम तयार गर्ने ।

२. सामाजिक विकास डिभिजन कार्यालय, स्थानीय तह र सम्बन्धीत विद्यालयको को समन्वयमाप्रदेश नं ५ का ५ वटा जिल्लाका १/१ उच्च माध्यमिक तहका विद्यालयका किशोर किशोरीहरुको जागरण संमुह गठन गर्ने ।

३. किशोर किशोरीहरुको जागरण समुहलाई लक्षित गरी २ दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने कार्यक्रममा यौन र प्रजनन शिक्षा सम्वन्धी सचेतनामूलक कार्यक्रमका लागि गर्ने

४. जागरण समुहको क्षमता विकास र परिचालनका लागि सामाजिक विकास डिभिजन कार्यालयले क्रमश स्थानीय तह र सम्बन्धीत विद्यालयसँग समन्वय गरी शिक्षा तथा स्वास्थ्य तर्फका अन्य कार्यक्रम समेत सञ्चालन गर्दै जाने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ का ५ वटा जिल्लाका १/१ वटा उच्च माध्यमिक तहका विद्यालय

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामजिक विकास डिभिजन कार्यालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ र सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :जीवनोपयोगी सीपद्वारा किशोर किशोरीको जोखिम सन्मुखता (Vulnerability) घट्न गई किशोर किशोरी जागरण समूहको माध्यमबाट सम्बन्धीत विद्यालयमा सामाजिक परिवर्तनको लहर पैदा भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः सामाजिक विकास महाशाखा/ डिभिजन कार्यालयले कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी मासिक/ चौमासिक/ वार्षिक रुपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ र सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ ।

प्रदेश स्तरीय एकल महिला सञ्जाल सँग अन्तरकृया कार्यक्रम

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ५०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्थामाआर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकहरुलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था रहेको छ। त्यसैगरी धारा ४२ मा सामाजिक न्यायको हकको प्रत्याभूती गरेको छ । नेपालको प्रचलित कानूनले एकल महिला भन्नाले, सम्वन्ध विच्छेद भएकी महिला, विधवा, पैंतीस वर्ष उमेर पुरा गरेकी अविवाहित महिला, पाँच वर्ष भन्दा वढी समय देखि पति हराई वा वेपत्ता भएकी महिला, अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग वसेकी महिलाभनी परिभाषित गरेको छ । हाम्रो समाजमा एकल महिलालाई हेर्ने दृष्टिकोण विभेदपूर्ण रहेको छ । अन्य नागरिकहरुको तुलनामा उनीहरुको सामाजिक तथा आर्थिक अवस्था त्यति सन्तोषजनक देखिंदैन। एकल महिलाहरुको

गरिबी न्यूनीकरण मर्यादित जीवन र सुरक्षित भविश्यका लागि सामाजिक सुरक्षा र संरक्षण अवश्यक छ र यो राज्यको दायित्व पनि हो। तसर्थ प्रदेश नं ५ मा एकल महिलाहरुका समस्या र अवस्थाको बारेमा छलफल गरी एकल महिलाको सशक्तिकरणका लागि यो कार्यक्रम तय गरिएको हो।

३. कार्यक्रमको उद्देश्य :एकल महिलाहरुको सशक्तिकरणमा टेवा पुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रदेश नं ५ को प्रदेश स्तरीय एकल महिला सञ्जाल सँग समन्वय गरी १२ वटै जिल्ला स्तरी एकल महिला सञ्जालको विवरण लिने ।

२. समाजिक विकास महाशाखाले १२ वटै जिल्ला एकल महिला सञ्जालको विवरण अद्यावधिक गरी मन्त्रालयमा राख्ने ।

३. प्रदेश स्तरीय एकल महिला सञ्जाल सँगको समन्वय र सहकार्यमा २ दिने अन्तर्क्रिया आयोजना गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश अन्तर्गतको कुनै जिल्लामा

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास महाशाखा/ मन्त्रालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका, २०७५ रसामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :प्रदेश स्तरीय एकल महिला सञ्जालसँग अन्तर्क्रिया सम्पन्न भई एकल महिलाको सशक्तिकरण र आत्म सम्मान बृद्धिका लागि समन्वय र सहकार्यमा सहयोग पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखाले कार्यक्रम सम्पन्न भएपछि ७ दिन भित्र प्रतिवेदन तयार गर्नु पर्नेछ र उक्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ ।

## महिला सहकारी संस्थागत अन्तरकृया कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | २५० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : महिलाहरूको क्षमता अभिबृद्धि नभएसम्म प्रतिस्पर्धामा उत्रन नसक्ने तथ्यलाई हृदयंगम गरी वढि लक्षित परिवारसम्म पुगी महिलाहरूलाई सक्षम बनाई सशक्तिकरण कार्यलाई अघि बढाउन विगतमा महिला तथा वालवालिका कार्यालयले महिलाहरूको आफ्नै स्वस्फूर्त संस्था दर्ता गराई कार्यक्रम सञ्चालन गरी महिलाको आर्थिकस्तर अभिवद्धि गरी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्य गरीरहेको थियो । सचेतना जगाउने, आर्थिक सामाजिक सशक्तिकरण कार्य, नेतृत्व विकास र अधिवाचन शीप, उद्यमशीलता विकास, समावेशिकरणका कार्यहरू, सहकारी संस्थाहरू गठन गरी सँगठीत संजालको निर्माण र तिनको सुदृढिकरण, उनीहरूको क्षमता विकासगरी आर्थिक रूपमा आत्मनिर्भर बनाउन ग्रामिण व्यवसायको अवधारणा अनुरूप आफ्नै नेतृत्वमा सक्षम व्यवसाय सञ्चालन गर्न सक्ने वनाउन यस कार्यक्रमले महिलाहरूका लागि थुप्रै प्रयासहरू भए। समान अवसर, समान पहुच, समान अधिकार, समान जिम्मेवारी, समान सहभागिता, महिला पुरुष विचका सबै प्रकारका सामाजीक भेदभावको अन्त्य गर्ने कार्यका लागि थुपैं कार्यक्रमहरू यस प्रदेशमा पनि सञ्चालित थिए तर राज्य संङ्घीय संरचनामा गए सगै विगतका उपलब्धीहरुको संरक्षण र महिला विकास सहकारी संस्थाहरुको सशक्तिकरण सम्बन्धी कार्यमा Gap देखिएकोले प्रदेश सरकारले ती उपलब्धीको समिक्षा र संरक्षण गर्न आवश्यक देखिएकोले यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :महिला सहकारी संस्थाका उपलब्धिहरुको निरन्तरताका लागि प्रदेश सरकारंग समन्वय र सहकार्य लाई प्रभावकरी बनाउंदै महिला सशक्तिकरणमा टेवा पुर्याउने ।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. महिला तथा बालबालिका विभागसँग समन्वय गरी प्रदेश नं ५ मा रहेका महिला विकास सहकारी संस्थाको विवरण मागका लागि पत्राचार गर्ने ।

२. स्थानीय तहको समन्वयमा महिलाबाट मात्र सञ्चालित सहकारीको समेत विवरण माग गर्ने ।
३. प्रापत विवरणका आधारमा महाशाखाले रेकर्ड अद्यावधिक गरी १२ वटै जिल्लाबाट प्रतिनिधित्व हुनेगरी प्रदेश स्तरीय २ दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।
४. सो कार्यक्रममा महिला विकास सहकारी संस्थाका हाल सम्मका उपलब्धी, समस्या चुनौती र आगामी कार्यदिशा लगायतका विषयमा छलफल गर्ने व्यवस्था मिलाउने।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेशभित्रको कुनै स्थान

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली , आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ र सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :प्रदेश स्तरीय २ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भई महिला सहकारी संस्थाको प्रगति समिक्षा भएको हुनेछ साथै प्रदेश भित्र रहेका सहकारी संस्थासँग सामाजिक विकास मन्त्रालयको समन्वय र सहकार्यको सुरुवात गर्न मार्ग प्रशस्त भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः सामाजिक विकास महाशाखाले कार्यक्रम सम्पन्न भएपछि ७ दिन भित्र प्रतिवेदन तयार गर्नु पर्नेछ र उक्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ ।

## अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ५०० | | | | |
| (अध्ययन / सर्वेक्षण / अनुसन्धान) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : नेपालको केन्द्रिकृत शासन व्यवस्थासङ्घीय संरचनामा राज्य पुनर्संरचना भएसंगै संघ, सातवटा प्रदेशर ७५३ स्थानीय तह गरी ७६१ शासकीय संयन्त्रबाट सेवा सुविधा प्रवाह भइरहेको छ। प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ अनुसार सामाजिक विकास मन्त्रालयलाई शिक्षा, स्वाथ्यमहिला, बालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, श्रम तथा रोजगारतथा लैङ्गिक तथा अल्पसंख्यक लगायतका वर्गको फोकल मन्त्रालयको रुपमा रहेको छ ।। प्रदेश तहमा यो विषय एकदमै नयाँ भएको कारण आफ्नै सीप र अनुभवका आधारमा कार्य गरिरहदाँ अन्य प्रदेशको सिकाई र अनुभव कस्तो रह्यो भन्ने विषय महत्वपूर्ण रहन्छ।तसर्थ अन्य प्रदेशमा भईरहेका असल अभ्यासहरुको स्थलगत अवलोकन भ्रमण र हाम्रो अनुभवको समेत आदान प्रदान गरी आगामी दिनमा प्रदेश नं ५ को सामाजिक विकास मन्त्रालयबाट प्रवाहहुने सेवालाई अझ व्यवस्थित र प्रभावकारी वनाउन थप योगदान दिन सकिन्छ भन्ने सोचका साथ यस कार्यक्रमको प्रस्ताव गरिएको छ ।

३. कार्यक्रमको उद्देश्य : अन्य प्रदेशका सामाजिक विकास मन्त्रालयद्वारा सञ्चालन गरिएका कार्यक्रमहरू, असल अभ्यासहरूको स्थलगत अवलोकन भ्रमण गरी एकआपसमा अनुभवहरूको आदान प्रदानबाट आगामी दिनहरुमा यस प्रदेशमा प्रवाहहुने सेवालाई अझ व्यवस्थित र प्रभावकारी वनाउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. अन्य ६ वटा प्रदेश मध्ये कुनै एउटा प्रदेश ( कर्णाली प्रदेश )सँग अध्ययन तथा अवलोकन भ्रमणको लागि सामाजिक विकास महाशाखाले आवश्यक समन्वय गरी समय लिने ।

२. प्रदेश नं ५ सामाजिक विकास मन्त्रालयका सबै महाशाखावाट सञ्चालन भइरहेका कार्यक्रम तथा हाल सम्म बनेका नीति तथा कानूनहरुको विवरण र भ्रमण जाने प्रदेश सँग अन्तरक्रिया गर्ने विषयको Check list सम्बन्धीत महाशाखाले तयार गर्ने ।

३. सचिवज्यूको निर्देशन र योजना तथा प्रशासन महाशाखासँग समन्वयमा अध्ययन तथा अवलोकन भ्रमणमा जाने कर्मचारीहरुको सूची तयार गर्ने ।

४. यथासंभव सबै महाशाखाबाट प्रतिनिधित्व हुनेगरी अन्तरप्रदेश अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन हुनेछ ।

५. महाशाखाहरुले उक्त भ्रमणमा जाने कर्मचारीले प्रस्तुत गर्ने विषय र छलफलको Check list साथमा दिई पठाउने व्यवस्था गर्नु पर्ने छ ।

५. कार्यक्रम सञ्चालन स्थान :कर्णाली प्रदेश र सो अन्तर्गतको कुनै जिल्ला

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन , नियमावली, सार्वजनिक खरिद ऐन नियमावली, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका, २०७५ र सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :यस प्रदेश र कर्णाली प्रदेशका सामाजिक विकास मन्त्रालयद्वारा सञ्चालन गरिएका कार्यक्रमहरू,असल अभ्यासहरू , समस्या र चुनौती तथा अनुभवहरूको वारेमा आदान प्रदान गरी ताहाँको असल अभ्यास यस प्रदेशमा पनि प्रदेश अनुकुल वनाइ अनुसरण गरिएको हुनेछ साथैअन्य प्रदेशसँगको समन्वय तथा सम्वन्धमा विस्तार भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखाले अध्ययन प्रतिबेदन तयार गरी अध्यननबाट प्राप्त अनुभव र सिकाईहरुलाई मन्त्रालयमा यथासम्भव सबै कर्मचारीको उपस्थितिमा प्रस्तुत गरी Share गर्नुपर्ने छ । उक्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

## लैङ्गिक हिंसा निवारण, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

### सामुदायीक मनोसामाजिक विमर्शकर्ता तालिम १० दिने

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | पटक | १ | ५०० | | | | |
| (उद्यमशिलता, रोजगारीमूलक/ सशक्तिकरण / सीप विकास तथा क्षमता अधिबृद्धि तालिम ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :कुनै पनि व्यक्ति पूर्णरुपमा स्वस्थ हुनको लागि शारीरिक मनोसामाजिक र आस्थागत रुपमा स्वस्थ हुनु जरुरी हुन्छ । तसर्थ कुनै हिंसात्मक वातावरणमा परेको व्यक्तिलाई मनोसामाजिक सहयोग अति नै महत्वपूर्ण हुन्छ, जसमा मनोविमर्शको महत्वपूर्ण र प्रभावकारी भूमिका हुन्छ । समाज र व्यक्तिबीचको गतिशिल सम्बन्ध र एक अर्कामा पार्ने निरन्तर प्रभावलाई नै मनोसामाजिक भनिन्छ । मनोसामाजिक धरातलबाट उत्पन्न भएका समस्याहरु , जसले उनीहरुको सोंच, व्यवहार र विकासमा प्रभाव पारीरहेका हुन्छन् त्यसलाई मनोसामाजिक समस्या भनिन्छ । यी समस्याले मानिसमा मानसिक दबाब, डर, त्रास, क्षमतामा ह्रास, उदासीनता, चिन्ता, निराशा, दिक्दारी, आत्महत्या गर्ने ईच्क्षा लगायत शारीरिक सिकायत देखापर्दछ । यस्ता समस्या समाधान गर्नका लागि मनोसामाजिक मनोविमर्श अति आवश्यक छ । नेपाल सरकारले यस वर्ष २०७६ लाई लैङ्गिक हिंसा विरुद्ध अभियान वर्षको रुपमा घोषणा गरेको छ भने प्रदेश सरकारले यस प्रदेशका १२ वटै जिल्लामा हिंसा पीडित महिलाहरुको लागि सेवा केन्द्र र २ जिल्लामा मानव बेचबिखन तथा ओसारपसार पीडित / प्रभावितका लागि पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन/व्यवस्थापन गर्ने कार्यक्रम रहेको छ । तसर्थ यस्ता पीडित तथा प्रभावितहरुको लागि मनोसामाजिक मनोविमर्श आवश्यक हुने भएकोले यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :हिंसा पीडित तथा प्रभावित व्यक्तिहरुको लागि मनोसामाजिक मनोविमर्श सेवा प्रदान गरी समाज/परिवारमा पुनर्मिलन, पुनर्स्थापना, प्रभावितको संरक्षण र स्वस्थ जीवनयापनमा सहयोग पुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. सामुदायीक मनोसामाजिक मनोविमर्शकर्ता तालिम सञ्चालन निर्देशिका निर्माण गर्ने ।

२. १० दिने तालिमको पाठ्यक्रम तयार गर्ने ।

३. मन्त्रालयबाट स्वीकृत तालिम पाठ्यक्रम बमोजिम तालिम सञ्चालनका लागि सहजकर्ताको (सरकारी निकाय वा विकास साझेदार सँग समन्वय गरी) व्यवस्था गरी १२ वटा जिल्लाका सेवा केन्द्रको सिफारीसमा प्रति जिल्ला कम्तिमा १/१ जनाको सहभागिता हुने गरी प्रदेशस्तरमा १ पटक सामुदायीक मनोसामाजिक विमर्शकर्ता तालिम प्रदान गर्ने ।

४. आवश्यक्ता अनुसार सरकारी निकाय वा विकास साझेदार सँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं. ५ भित्रको कुनै स्थान

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन , नियमावली, सार्वजनिक खरिद ऐन नियमावली, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका, २०७५ र सामाजिक विकास मन्त्रालयवाट स्वीकृत सामुदायीक मनोसामाजिक मनोविमर्शकर्ता तालिम सञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :१२ वटै जिल्लामाकम्तिमा १/१ जना सामुदायीक मनोसामाजिक मनोविमर्शकर्ता तालिम प्राप्त व्यक्तिबाट मनोविमर्श सेवा सञ्चालन भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः सामाजिक विकास महाशाखाले कार्यक्रम सम्पन्न भएपछि ७ दिन भित्र प्रतिवेदन तयार गर्नु पर्नेछ र उक्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

## लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | पटक | १ | २५० | | | | |
| ( जनचेतना ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : लैगिंक हिंसा केवल महिला विरुद्धको मात्र हिंसा होइन । यो एउटा समाजिक विषय हो । जनसंख्याको आधा हिस्सा ओगटेका महिला माथि हुने कुनै पनि किसिमका शारीरिक तथा मानसिक हिंसाले सम्पूर्ण समाजको आर्थिक सामाजिक विकासमा अवरोध सिर्जना गर्दछ । साथै व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको हनन गर्छ । प्रत्येक व्यक्ति मानिस भएर बाँच्नको लागि अवश्यक अधिकार नै मानव अधिकार हो । यसलाई मानिसको नैसर्गिक, अहरणीय, विश्वव्यापी अधिकारको रुपमा लिइन्छ । लिंगकै आधारमा हुने हिंसाका घटनालाई मानव अधिकार हननको रुपमासमेत पनि लिइन्छ । त्यसैले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाहरुको अन्त्य गर्नको लागि अन्तर्राष्ट्रिय स्तरमा मनाईने विभिन्न अभियानहरु मध्ये एक हो लैगिक हिंसा विरुद्धको सोह्र दिने अभियान ।सन् १९९१ मा Center For Women Globel Leadership -CWGL_ को सहयोगमा विभिन्न २० देशका २३ उत्साहित महिलाहरुको एक समूहले लैङ्गिक हिंसा विरुद्धको सोह्र दिने अभियान शुरुवात गर्दै यस अभियानमा जुट्न सम्पूर्ण विश्वलाई आव्हान गरेका थिए। त्यसपछि हरेक वर्ष अंग्रेजी महिनाको नोभेम्बर २५ तारिख देखि डिसेम्वर महिनाको १० तारिखसम्म सोह्र दिनसम्म यो अभियान विश्वभर मनाउने प्रचलन रहेको छ । नेपालमा समेत प्रत्येक वर्ष यस अभियानलाई सार्थक बनाउन यस १६ दिनमा सरकारी तथा गैरसरकारी निकायबाट विभिन्न कार्यक्रम गरी मनाउने गरिएको छ । नेपाल सरकारको लैङ्गिक हिंसा विरुद्धको वर्ष अभियान २०७६/०७७ लाई सफलपार्न र प्रदेश नं ५ लाई लैङ्गिक हिंसामुक्त प्रदेशको रूपमा

स्थापितगर्न सबै सरोकारवालाहरूवीच समन्वय विस्तार गर्दै अभियान सञ्चालन गर्नका लागि सामाजिक विकास मन्त्रालयले यस कार्यक्रमको तय गरेको हो ।

३. कार्यक्रमको उद्देश्य :नेपाल सरकारको लैङ्गिक हिंसा बिरुद्धको वर्ष अभियान २०७६/०७७ लाई सफलपार्न र प्रदेश नं ५ लाई लैङ्गिक हिंसामुक्त बनाउन जनचेतना अभिबृद्धि गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शुरु हुनु अगाडि प्रदेश सभाको सामाजिक विकास समिति, प्रदेश सभाका मा. सदस्यहरु, प्रदेश स्तरमा रहेका सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, सञ्चारकर्मी, अधिकारकर्मी, नागरिक समाज लगायत लैङ्गिक हिंसा निवारणको क्षेत्रमा सरोकार राख्ने अन्य व्यक्ति तथा निकायहरुसँग अभियान तयारी तथा समन्वय बैठक आयोजना गर्ने ।

२. सो बैठकको निर्णय अनुसार सबै सरोकारवालाहरुले विविध कार्यक्रम आयोजना गरी अभियान कार्यक्रम सञ्चालन गर्ने ।

३. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मूल समारोह समिति गठनगरी सबैको सहयोगमा मूल कार्यक्रम समेत आयोजना गर्न सकिने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश स्तरमा वा बैठकको निर्णय अनुसार स्थान तोक्न सकिने

६. कार्यक्रम सञ्चालन गर्ने निकाय.:सामाजिक विकास

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका, २०७५ रसामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन निर्देशिकाएवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. अपेक्षित उपलव्धि :लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत विविध कार्यक्रमको आयोजना भई व्यापक जनचेतना अभिबृद्धि भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :प्रदेश सरकार र सो मातहतका निकायहरु

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः सामाजिक विकास महाशाखाले कार्यक्रम सम्पन्न भएपछि ७ दिन भित्र प्रतिवेदन तयार गर्नु पर्नेछ र उक्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

स्थानिय तहका महिला जनप्रतिनिधीहरुलाइ लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक तालिम कार्यक्रमको विवरणः

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | पटक | ३ | १५०० | | | | |
| ( जनचेतना तालिम ) | | | | | | | |

१. कार्यक्रमको संक्षिप्त परिचय :नेपालको संविधानले सङ्घीयता अन्तर्गत ३ तहका सरकारहरुको कार्यक्षेत्र सहितको संरचनाको व्यवस्था गरेको छ । प्रदेश सरकारको कार्यक्षेत्रमा महिला हिंसा, मानव बेचविखन तथा ओसारपसारसम्बन्धी नीति तथा कार्ययोजनाको कार्यान्वयन, लैङ्गिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्धनात्मक, संरक्षणात्मक उपाय रपुनर्स्थापना लगायतका विषयहरु समावेश भएका छन् । त्यसैगरी स्थानीय तहको कार्यक्षेत्र अन्तर्गत महिला हक सम्बन्धी नीति, योजना, कार्यान्वयन, समन्वय र नियमन, स्थानीय स्तरमा महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र क्षमता विकास, लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनर्स्थापना लगायतका विषय रहेका छन् ।प्रदेश नं ५ मा १०९ वटा स्थानीय तह रहेका छन् । यि स्थानीय तहमा महिला जनप्रतिनिधिहरुको उल्लेख्य सहभागिता छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सबै पालिकाको उप प्रमुखलाई न्यायिक समितिको समेत जिम्वारीको व्यवस्था गरेको छ । तसर्थ विद्यमान कानूनले गरेका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न, नेपाल सरकारको लैङ्गिक हिंसा विरुद्धको वर्ष अभियान २०७६।०७७ लाई सफलपार्न र प्रदेश नं ५ लाई लैङ्गिक हिंसामुक्त प्रदेश निर्माण गर्न स्थानीय तहका जनप्रतिनिधिहरुको क्षमता विकास गर्नु आवश्यक रहेकोले यो तालिम कार्यक्रम तय गरिएको हो ।

२. कार्यक्रमको उद्देश्य :स्थानिय तहका महिला जनप्रतिनिधीहरुको लैंङ्गिक हिंसा विरुद्ध क्षमता विकास गरी प्रभावकारी न्याय निरुपणमा सहयोग पुर्याउने ।

३. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रदेश नं ५ अन्तर्गतका १०९ वटा स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरुको सूची तयार गर्ने ।

२. निर्वाचित महिला जनप्रतिनिधिहरुको सूची अनुसार यस आ. व. मा ३ समुहमा तालिम सञ्चालनका लागि सहभागी संख्या एकिन गर्ने ।

३. लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक ३ दिने को पाठ्यक्रम निर्माण गर्ने ।तालिम

४. वजेटको परिधि भित्र रही ३ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालनका लागि आवश्यक संख्यामा सहभागी सिफारिस गरी सहभागि गराईदिने व्यवस्थाका लागि जिल्ला समन्वय समितिमा समन्वय गर्ने ।

५. सिफारिस भई आएका सहभागीहरुको लागि मन्त्रालयले तालिम सञ्चालन गर्ने ।

६. आवश्यक्ता अनुसार सहजकर्ता र अन्य Logistic Support का लागि स्थानीय तह र अन्य साझेदार संस्थासँग समेत सहकार्य गर्न सकिने ।

४. कार्यक्रम सञ्चालन स्थान :कपिलवस्तु , बाँके, रोल्पा

५. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

६. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली , आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ रसामाजिक विकास मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

७. अपेक्षित उपलब्धि :स्थानिय तहका महिला जनप्रतिनिधीहरुलाइ लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक तालिम समपन्न भइ क्षमता अभिबृद्धि भएको हुनेछ ।

८. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

९. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखाले कार्यक्रम सम्पन्न भएपछि ७ दिन भित्र प्रतिवेदन तयार गर्नु पर्नेछ र उक्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

## मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियान

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला | १२ | ३६०० | | | | |
| (गोष्ठी, अन्तरक्रिया, सचेतनामूलक कार्यक्रम, सूचनामूलक सामाग्री उत्पादन प्रकाशन, प्रशारण) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : मानव बेचविखन तथा ओसारपसार सम्वन्धी जघन्य अपराधको नियन्त्रण गर्न राज्यको अहम भूमिका रहन्छ । राज्य सञ्चालनमा आएको परिवर्तन संगै संघ, प्रदेश र स्थानीय तह बीच आपसी समन्वय र सहकार्यबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नुपर्ने आवश्यक्ता छ। दिनप्रतिदिन मानव बेचविखन तथा ओसार पसारका आयाम र स्वरुपमा परिवर्तन हुंदै गएकाछन्। नजिकका आफन्तबाट समेत बेचबिखनमा पर्नु, कतिपय पीडितहरु न्यायका लागि राज्य संयन्त्रको सम्पर्कमा आउन नचाहानु, बैदेशिक रोजगारी तथा आप्रवासनलाई व्यवस्थित एवम् मर्यादित बनाउन नसक्नु, होटल तथा सत्कार व्यवसाय, डान्सबार तथा क्याविन रेष्टुरेण्ट, मसाज पार्लरमा कार्यरत महिला तथा किशोरीहरुको यौन शोषण विद्यमान रहनु र चेतना र गरिबीको कारण मानव अङ्गको बेचबिखनको अवस्था रहनु जस्ता समस्याले हाम्रो समाजलाई कता डोर्याउंदै छ भन्ने कुरालाई सजिलै आंकलन गर्न सकिन्छ । तसर्थ मानव वेचबिखन तथा ओसारपसार सम्बन्धी जनचेतना अभिबृद्धि गर्दै प्रदेश नं ५ लाई मानव बेचबिखन तथा ओसारपसार मुक्त बनाउन सकेमा मानव अधिकारको संरक्षण र लैङ्गिक हिंसा मुक्त प्रदेश निर्माणमा समेत योगदान हुने भएकोले यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :जोखिममा रहेका समुदायको सामाजिक सशक्तिकरणका माध्यमबाट संरक्षण गरी सामाजिक न्यायमा पहुंच बृद्धि, मानव अधिकारको संरक्षण र लैङ्गिक हिंसा मुक्त प्रदेश निर्माणमा समेत योगदानपुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. मन्त्रालयमा सुचीकृत भएका विभिन्न सरोकारवालाहरूसँग समन्वय वैठक तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरी वैठकको निर्णय अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

२. स्थानीयतह एवं सरोकारवाला संघसंस्थासँग स्थानीय तहमै अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

३. प्रदेश तथा जिल्ला तहमा रहेका सञ्चार माध्यमहरु सँगको सहकार्यमा सूचनामूलक सामाग्री उत्पादन प्रकाशन तथा प्रशारण गर्ने (ब्रोसियर, पेष्टर , पम्प्लेट जिङ्गल, सूचना आदि ) ।

४. लैंगिक हिंसा विरूद्ध कार्य गर्ने सरकारी निकायहरूको समेत सहभागिता गराउने ।

५. मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियानको व्यापकताको लागि विभिन्न संघ संस्था एवं स्थानीय तहसँग साझेदारी गरी गर्न सकिने ।

६. सरोकारवालाहरूसँग समन्वय वैठक, अन्तरक्रिया तथाअभिमुखीकरण कार्यक्रमको लागि अवश्यक्तानुसार मन्त्रालयबाट सहजीकरण गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश अन्तर्गतका १२ वटै जिल्ला / स्थानीय तह

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रही आर्थिक कार्यविधि ऐन, नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका, २०७५ अनुसार खर्च गरिनेछ तथा मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :मानव बेचबिखनं तथा ओसारपसार नियन्त्रणका सम्वन्धमा व्यापक प्रचार प्रसारको माध्यमबाट आम जनमानसमा सचेतना अभिबृद्धि भई पीडित प्रभावितको संख्यामा क्रमश कमी आएको हुनेछ र विगतका प्रयासको समीक्षा भइ आगामी दिनमानिरोध, पिडितको संरक्षण सम्वर्द्धन र कानूनी उपचारका लागि सरोकारवालाहरू वीच समन्वय र सहकार्यमा प्रभावकारिता आउनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः सामाजिक विकास डिभिजन कार्यालयले कार्यक्रम सञ्चालनको मासिक/ चौमासिक/ वार्षिक प्रतिबेदन सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत उक्त कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ ।

मानव बेचबिखन तथा ओसारपसार प्रभावितका लागि सञ्चालित पुनस्थापना केन्द्र सञ्चालन अनुदान

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | संस्था | २ | २००० | | | | |
| खाना आवास सिप विकास मनोविमर्श उपचार टेवा लगायतका सुविधा ( गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघसंस्थाहरुलाई दिईने अनुदान) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : महिलाको हिंसाविरुद्धका अधिकार,हिंसा पीडितहरुले समाजमा पुन:स्थापना हुने, राज्यवाट सरक्षण पाउने जस्ता अधिकार महिलालाई प्राप्त हुनु पर्दछ भन्ने मान्यता लैङ्गिक न्यायको महत्वपूर्ण पक्ष हो । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण ) ऐन, २०६४ अनुसार कुनै पनि उद्देश्यले मानिसलाई किन्ने वा वेच्ने, कुनै प्रकारको फाइदा लिइ वा नलिइ वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिम वाहेक मानिसको अङ्ग झिक्ने,वेश्यागमन गर्ने जस्ता कार्यलाई मानव बेचबिखन भनि परिभाषित गरिएको छ। नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकारको संरक्षण र सम्वद्धन गर्दै प्रत्येक व्यक्तिलाई शोषण बिरुद्धको हक अन्तर्गत दास वा बाँधा बनाउन र ईच्छा बिरुद्ध काममा लगाउन नपाईने व्यवस्थाको प्रत्याभूती गरेको छ। मानव वेचबिखन तथा ओसारपसार वहुआयामिक वहुक्षेत्रगत एवंम्  विश्वव्यापी समस्या भएको हुदा यसको निरोध, पिडितको संरक्षण सम्वर्द्धन र कानूनी उपचारका लागि सरकारले विगत देखि नै कार्यगर्दै आइरहेको छ ।प्रदेश नं ५मानब बेचबिखन तथा ओसारपसारका दृष्टिकोणले जोखिमयुक्त प्रदेशको रुपमा रहेको छ ।यस प्रदेशका १२ जिल्ला मध्ये ६ वटा जिल्लाको भारतसंग जोडिएको र खुला सिमाना भएकोले दुई देशकै नागिरकहरुको दैनिक रुपमा सहज अवागमन हुने गर्दछ ।गत आ. व. ०७४।०७५ सम्म नेपाल सरकारको सहयोगमा प्रदेश नं ५ को वाँके र रुपन्देही जिल्लामा गै. स. स. संगको साझेदारीमा मानव वेचविखन तथा ओसारपसार प्रभावितका लागि पुनर्स्थापना केन्द्र संचालनका लागि अनुदान प्रदान गर्दै अइरहेकोमा राज्य संघीयतामा गए संगै त्यस्ता पुनर्स्थापना केन्द्रको सरकारी अनुदान र सहकार्यमा अन्यौलता भई सेवा प्रवाहमा समस्या परेकोले छ । तसर्थ यस प्रदेशका ठूला नाका भएका साविककै २ जिल्लाबाटबेचबिखनतथा ओसारपसारको क्रममा वा बेचबिखन भइसकेपश्चात पिडित प्रभावितको उद्धार संरक्षणर उनीहरुको

दीर्घकालीन व्यवस्थापनका लागि सीप तथा क्षमता विकास, न्यायमा पहुच, जस्ता विषयहरुको संवोधनका लागि प्रदेश सरकारले यो कार्यक्रम तय गरेको हो ।

३. कार्यक्रमको उद्देश्य :मानव बेचबिखन तथा ओसारपसरबाट पीडित तथा प्रभावितहरुको उद्धार, संरक्षण, न्यायमा पहुंच र पुनर्स्थापनाका सेवालाई प्रभावकारी बनाउनु ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. साझेदारीमा आधारित पुनर्स्थापना केन्द्र सञ्चालनको लागि प्रदेशस्तरीय मापदण्ड निर्माण गर्ने,

२. पुनर्स्थापना केन्द्र छनौटका लागि सम्बन्धीत जिल्लाको सामाजिक विकास डिभिजन कार्यालय मार्फत प्रस्ताव आव्हान गर्ने,

३. मापदण्डबमोजिम उपयुक्त संस्था छनौट गर्ने,

४. मन्त्रालयबाट स्वीकृत नर्म्स र मापदण्ड बमोजिम छनौट भएको संस्थाको साझेदारीमा पुनर्स्थापना केन्द्र सञ्चालन गर्नका लागि कार्यालयले सम्झौता गर्ने ।

५. सम्झौता बमोजिम खर्चका आधारमा सञ्चालन खर्च उपलब्ध गराउने,

६. साझेदार सेवा प्रदायक संस्थाबाट नियमित रुपमा प्रभावितहरुलाई सेवा प्रदान गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ भित्रका २ जिल्ला (रुपन्देही र बाँके )

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालयबाट छनोट भएको साझेदार गै. स. स.

७. बजेट सञ्चालन गर्ने निकायः सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही र बाँके

८. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली , मन्त्रालयवाट स्वीकृत पुनर्स्थापना केन्द्र सञ्चालनको लागि प्रदेशस्तरीय मापदण्ड र  कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

९. अपेक्षित उपलब्धि :मानव बेचबिखन तथा ओसारपसार पीडित तथा प्रभावितको उद्धार तथा संरक्षणमा सहयोग पुगनुको साथै गुणस्तरीय पुनर्स्थापना केन्द्र सञ्चालन भएको हुनेछ ।

१०. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

११. कार्यक्रमको प्रतिवेदन प्रणालीः सेवा प्रवाहका लागि छनोट भएको संस्थाले सेवा प्रवाहको अवस्था र सेवा प्रास गर्ने पीडित प्रभावितको संख्या सहितको मासिक/ चौमासिक/वार्षिकप्रतिबेदन तोकिएको ढाँचामा सामाजिक विकास डिभिजन कार्यालयलाई पठाउनु पर्ने छ र सामाजिक विकास डिभिजन

कार्यालयले सो प्रतिबेदन मन्त्रालयमा पठाउनु पर्नेछ । मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत उक्त कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ ।

## स्थानीय तहमा महिला उद्यमशिलता विकास कार्यक्रम

### महिलाहरुका लागि सिप विकास तालिम (७ दिने, वस्तुगत टेवा सहित)

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | वटा | १२ | ८४०० | | | | |
| ( उधमशिलता, रोजगारीमूलक/ सशक्तिकरण / सीप विकास तथा क्षमता अधिबृद्धि तालिम ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : महिलाहरुको सामाजिक सुरक्षाको लागि नियमित आयश्रोतको बाटो अनिवार्य रुपमा चाहिन्छ । महिलाहरु जबसम्म परनिर्भर रहन्छन् तबसम्म विभिन्न प्रकारका हिंसामा परिरहेका वा हिंसा, दुर्व्यबहार तथा अन्य विभिन्न समस्याको जोखिममा रहेका हुन्छन् । आयश्रोतको बाटो खोज्न महिलाहरुमा आत्मजागरण, काम गर्ने साहस वा क्षमता, सीप तथा दक्षताको आबश्यकता पर्दछ । सोही कुरालाई मध्यनजर गरि स्थानीय स्तरमा उपलब्ध हुन सक्ने सम्भावित श्रोत साधन, प्रबिधि, अनुभव, बजार, जस्ता कुराहरुको उपयोग गर्दै ब्यबसाय सञ्चालन गर्न इच्छुक विगतमा महिला विकास सहकारी संस्थामा आवद्ध भएका संस्थाका शेयर सदस्यहरुलाई संस्थाको सिफारिसमा ७ दिने व्यवसायिक सीप बिकास तालिम सञ्चालन गरी प्रदेश सरकारवाट स्वीकृत नर्मस अनुसार व्यवसाय स्थापनार्थ वस्तुगत टेवा वापतको रकम प्रदान गरी महिलाहरुको आर्थिक सशक्तिकरण र जिविकोपार्जनमा सहयोग पुर्याउन यो कार्यक्रम तय गरिएको हो।

३. कार्यक्रमको उद्देश्य :महिला सहकारी संस्थाका शेयर सदस्यहरुलाई तालिमको माध्यमबाट सीपयुक्त वनाई व्यवसयिक क्षमता विकासको माध्यमबाट आत्मनिर्भर उन्मुख बनाउने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. स्थानीय तहको समन्वयमा महिला विकास सहकारी संस्थाका शेयर सदस्यहरु बाट सामाजिक विकास डिभिजन कार्यालयले सहभागि छनौट गर्ने,

२. आवश्यता अनुसार जिल्ला स्तरमा रहेका ज्ञान केन्द्र, घरेलु तथा साना उद्योग विकास समिति/, घरेलु तथा साना उद्योग कार्यालय, व्यवसायिक तथा सीप विकास तालिम केन्द्रको समन्वयमा प्रक्रिया पुर्याई तालिम को प्याकेज निर्धारण गर्ने,

३. सो प्याकेजको लागि जिल्लामा उपलब्धताको आधारमा प्रशिक्षकको रोष्टर बनाउने ।

४. सोही बमोजिमजिल्ला स्तरमा तालिम सञ्चालन गर्ने,

५. आवश्यक्ता अनुसार मन्त्रालयले सहजीकरण र सहयोग गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश अन्तर्गतका १२ वटै जिल्ला

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :१२ जिल्लाका कम्तीमा ३०० जना महिलाहरु सीपयुक्त भएका हुनेछन् ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास डिभिजन कार्यालयले उक्त कार्यक्रमको मासिक/ चौमासिक/वार्षिक प्रतिबेदन सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने छ र मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ ।

विपन्न तथा द्वन्द प्रभावित महिलाका लागि सिप विकास तालिम सञ्चालन ( ३ महिने)

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | समुह | ४ | १०००० | | | | |
| ( उद्यमशिलता, रोजगारीमूलक/ सशक्तिकरण / सीप विकास तथा क्षमता अभिबृद्धि तालिम ) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय: विभिन्न समयमा देशमा संचालित आन्दोलन र जनयुद्धका कारण नेपाली नागरीकहरूले व्यहोर्नु परेको द्वन्दको सामाजिक, आर्थिक र सांस्कृतिक क्षती बाट उनीहरुका कतिपय परिवारका सदस्यहरु गुमाउनु पर्दा जीविकोपार्जनमा समेत नकारात्मक प्रभाव परेको छ। कतिपय मानिसहरु आफू वसोवास गरिरहेको स्थानबाट बिस्थापित भई आन्तरिक शरणार्थीको रुपमा अन्यत्र गइ वस्नु परेको अवस्था पनि छ ।त्यसैगरी कतिपय महिलालाई गरीबिका कारण आफ्नो दैनिक गुजारागर्न पनि निकै कठिन रहेको अवस्था छ । तसर्थ द्वन्द्वको प्रत्यक्ष वा अप्रतक्ष्य मारमा परेका महिलाहरु तथा विपन्न महिलाहरुका लागि जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यलयतथा सरोकारवाला अन्य निकायसंगको समन्वयमा प्रशिक्षार्थी छनौट गरी स्वरोजगारमुलक तालिममा सहभागी गराउने गरी ४ समूहमा ३ महिने (३९० घण्टे ) व्यवसायिक सीप बिकास तालिम सञ्चालन गरिनेछ ।

३. कार्यक्रमको उद्देश्य :द्वन्द्वबाट प्रत्यक्ष वा अप्रतक्ष्य मारमा परेका महिलाहरु तथा विपन्न महिलाहरुका लागि तालिमको माध्यमबाट सीपयुक्त बनाइ उनीहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. तालिम सञ्चालनको लागि सहभागी छनोट सम्बन्धी मापदण्ड निर्माण गर्ने,

२. क्षमता तथा संभावनाको आधारमा तालिम प्याकेज निर्धारण गर्ने,

३. प्रस्ताव आव्हान गरी तालिम प्रदायक निकाय वा संस्था छनौट गर्ने,

४. जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यलयतथा सरोकारवाला अन्य निकायसँगको समन्वयमा प्रशिक्षार्थी छनौट गर्ने,

५. तालिम प्रदायक संस्थाद्धारा तालिम सञ्चालन गर्ने र

६. तालिम प्रदायक संस्थावाट सीप परिक्षण गराई प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने,

७. प्रदेश नं ५ अन्तर्गतको व्यवसायिक तथा सीपविकास तालिम केन्द्रहरु मार्फत समेत तालिम सञ्चालन गर्न सकिने ।

८. आवश्यता अनुसार मन्त्रालयमा बैठक बसी निर्णय गर्न सकिने

५. कार्यक्रम सञ्चालन स्थान :दाङ्ग ,बर्दीया,रोल्पा र पूर्वी रुकुम

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालयबाट छनौट तालिम प्रदायक संस्था

७. बजेट खर्च गर्ने निकाय: सामाजिक विकास डिभिजन कार्यालय दाङ, कपिलवस्तू र प्यूठान

८. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

९. अपेक्षित उपलब्धि :द्वन्दबाट प्रत्यक्ष वा अप्रतक्ष्य प्रभावित तथा विपन्न वर्गका १०० जना महिलाहरु सीपयुक्त हुनेछन् ।

१०. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र मातहतका निकाय

११. कार्यक्रमको प्रतिवेदन प्रणाली: .तालिम प्रदायक संस्थाले तालिम सम्पन्न भएपछि सिप परिक्षण प्रतिवेदन सहित सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन बुझाउनु पर्नेछ ।उक्त प्रतिबेदन मन्त्रालयले वार्षिक प्रगति प्रतिवेदन मार्फत संप्रेषण गर्नु गर्नेछ ।

महिला उद्यमशीलता प्रोत्साहन

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | २ | ७०० | | | | |
| (औद्योगिक प्रदर्शनिमा उद्यमी महिलाहरुको व्यवसायिक सहभागिता) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय :देशको कुल जनसंख्याको आधा भन्दा वढी जनसंख्या ओगटेका महिलाहरुलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न नसक्दा देशको समग्र विकास संभव छैन् । तसर्थ आज भोली महिलाहरुलाइ सरकारी/ गैरसरकारी वा निजि संस्थाहरुले पनि विभिन्न किसिमका आयआर्जन सम्बन्धी व्यवसायिक तालिम प्रदान गरी अर्थोपार्जन क्रियाकलापमा संलग्न गराई उनीहरु व्यवसाय सञ्चालन गर्नमा अग्रसर हुन थालेकाछन् ।यस्ता महिलाहरुले आफ्नो स्थानीय श्रोत, साधन, समय, सीप, क्षमता, तथा प्रविधिको उपयोग गरी स्थानीय स्तरमै उत्पादित बस्तु तथा सामानहरुको वजार प्रवर्धनमा सहयोग पुर्याउन र सक्रिय महिलाहरुको लागि उद्यमशिलता विकासका अवसर सृजना गर्न यो कार्यक्रम तय गरिएको हो।

३. कार्यक्रमको उद्देश्य :उद्यमी महिलाहरुद्वारा उत्पादित औद्योगिक बस्तुहरुको व्यापार मेला तथा प्रदर्शनीमा सहभागिता गराई व्यवसायिकता, गुणस्तरीयता साथै सिकाइ र सिक्लाइमा थप उर्जा प्रदान गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. प्रदेश नं ५मा सञ्चालन हुने व्यवसायिक प्रदर्शनी तथा व्यापार मेलाहरुमा महिला उद्यमीको सहभागितका लागि उद्योग बाणिज्य संघ/ आयोजक संस्था सँग मन्त्रालयले समन्वय गर्ने ।

२. १२ वटै जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयसँग पत्राचार गरी (६/६ वटा जिल्लालाई २ स्थानमा हुने प्रदर्शनी तथा व्यापार मेलामा भाग लिने गरी) उद्यमी महिला पहिचान गरी सिफारिशका लागि पत्राचार गर्ने।

३. सिफारिश भएका महिला उद्यमी मध्ये अधिकतम महिलाबाट उत्पादित सामान तथा वस्तुहरु समावेश हुने गरी विनियोजित बजेटबाट खर्च घाम्नेगरी स्टलको व्यवस्था मन्त्रालयको पहलमा गर्ने ।

४. उक्त प्रदर्शनीमा सामाजिक विकास मन्त्रालयको सहयोगमा महिला उद्यमीहरुद्वारा उत्पादित वस्तुको बिक्रीका लागि आवश्यक स्टल/ ढुवानी तथा उनीहरुको दैनिक तथा भ्रमण खर्च समेत मन्त्रालयले भुक्तानी गर्नेगरी औद्योगिक प्रदर्शनीमा सहभागीता गराउने ।

५. आवश्यता अनुसार मन्त्रालयमा बैठक बसी निर्णय गर्न सकिने ।

५. कार्यक्रम सञ्चालन स्थान :बुटवल र नेपालगञ्ज

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालयु रुपन्देही र बाँके

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत वजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।उद्यमी छनोट प्रक्रियाका लागि आवश्यक अन्य खर्च यस शिर्षकमा विनियोजित बजेटबाट नपुग भएमा मन्त्रालयको नियमित खर्चबाट गर्न सकिने छ।

८. अपेक्षित उपलब्धि :उद्यमशील महिलाहरुलाई प्रोत्साहन पुग्नुको साथै वजार प्रबर्धनमा समेत सहयोग पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास महाशाखाले वा तोकिएको निकायले कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ र सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ ।

## उत्कृष्ट महिला सहकारी संस्था पुरस्कार कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला/वटा | १२ | १५०० | | | | |

९२

२. कार्यक्रमको संक्षिप्त परिचय :महिलाहरुद्धारा संचालित सहकारी संस्थाको संस्थागत हित तथा सामाजिक क्षेत्रमा योगदान पुर्याउने वा महिला सहकारी संस्थाले आफ्ना सदस्यद्धारा गरिएको औद्योगिक उत्पादन वा उनीहरुले गरेको उत्कृष्ट व्यावसायलाई प्रोत्साहन गर्नका लागि सामाजिक विकास मन्त्रालयले तयार गरेको मापदण्डको आधारमा उत्कृष्ट महिला सहकारी संस्थालाई पुरस्कारको व्यवस्था यस कार्यक्रम अन्तर्गत गरिएको छ । यो पुरस्कार प्रदेश अन्तर्गतका १२ वटा जिल्लाबाट १लाखका १/१वटा संस्थालाई १२वटा उत्कृष्ट संस्था छनौट गरी जम्मा १/ दरले उपलब्ध गराइने छ ।

३. कार्यक्रमको उद्देश्य :महिलाहरुद्धारा संचालित सहकारी संस्थाहरु विच सकारात्मक प्रतिस्प्रर्धा वृद्धि गरी महिला सशक्तिकरणमा योगदान पुर्याउने महिला सहकारी संस्थाहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. उत्कृष्ट महिला सहकारी संस्था छनौट सम्वन्धी मापदण्ड निर्माण गर्ने ।

२. स्वीकृत मापदण्ड बमोजिम सामाजिक विकास डिभिजन कार्यालयलाई सिफारीसका लागि अनुरोध गर्ने,

३. प्राप्त सिफारीसका आधारमा मन्त्रालयले अन्तिम मूल्याङ्कन गरी उत्कृष्ट संस्था छनोटको अन्तिम सूची प्रकाशन गर्ने

४. छनोट भएको उत्कृष्ट संस्थालाई अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारी प्रदेश स्तरमा कार्यक्रम अयोजना गरी पुरस्कृत गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थानः १२ जिल्लाका सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागितामा कुनै एक जिल्लामा प्रदेश स्तरको कार्यक्रम आयोजना हुने ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास डिभिजन कार्यालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत मापदण्डका आधारमा प्रति जिल्ला १/१वटा संस्थालाई जनही १ लाखका दरले नगद पुरस्कार प्रदान गर्ने र बाँकी रकमबाट मापदण्ड निर्माण, संस्था छनोट सम्बन्धी बैठक र जिल्लाबाट पुरस्कार लिन सहभागी हुने व्यक्तिको दैनिक तथा भ्रमण खर्च लगायतका शिर्षकमा कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट भन्दा बढी नहुने गरी खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :प्रदेश अन्तर्गतका १२ वटा जिल्लाबाट १वटा १/ उत्कृष्ठ महिला सहकारी संस्था पुरस्कृत भई महिला उधमशिलता विकासमा टेवा पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

१०. कार्यक्रमको प्रतिवेदन प्रणाली: सामाजिक विकास मन्त्रालयबाट पुरस्कृत महिला सहकारी संस्थाको विवरण मन्त्रालयको Web Site मार्फत सार्वजनिक गरी सबैलाई जानकारी हुने व्यवस्थाको लागि महाशाखाले समन्वय गर्ने र समग्र प्रगति समेत तयार गरी सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ ।

बैंक तथा वित्तीय संस्थाहरुसँग संस्थागत सामाजिक उत्तरदायीत्व सम्बन्धी कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | २ | २०० | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : बैङ्क तथा वित्तीय संस्थाहरुको परम्परागत उद्धेश्य मुनाफा आर्जन गरी पूंजी वृद्धि गर्दै जानु रहेको थियो । वर्तमान परिवेशमा यसको उद्धेश्यमा परिमार्जन भई मुनाफा आर्जन गरी पूंजी वृद्धिको साथसाथै सामाजिक उत्तरदायित्व पनि निर्वाह गर्नुपर्ने अवधारणा विकास भएको छ । जसको लागि सामाजिक सेवा, ग्राहकको सन्तुष्टि, वातावरणीय संरक्षण, बेरोगारी समाधान समाजको विकास र अन्तर्राष्ट्रिय सम्वन्ध विस्तार जस्ता कार्यहरु पनि गर्नुपर्ने हुन्छ । कुनै पनि कम्पनी समाजको सहयोग विना सहज र निष्पक्ष तिरकाले सञ्चालन हुन सक्दैन् । संघ, संस्था, कम्पनीले नागरिक/ समाजको लागि वस्तु / सेवाको उत्पादन तथासेवा प्रवाह गर्दछन् र त्यस वापत नागरिकहरुको सन्तुष्टिको अपेक्षा गर्दछन । नागरिक सन्तुष्टि जति बढ्यो मुनाफाको वृद्धि त्यसै अनुपातमा बढ्दै जान्छ भन्ने मान्यता राखिन्छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको १ प्रतिशत रकम छुट्टयाई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडागरी जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । जुन खर्च बैङ्क तथा वित्तीय संस्थाले सामाजिक परियोजना , प्रतक्ष्य अनुदान,दिगो विकास लक्ष्य ,बैङ्क तथा वित्तीय संस्थामा कामगर्ने

कर्मचारीका लागि Child Day Care Center , को व्यवस्था गर्दा लाग्ने खर्च लगायतका क्षेत्रमा न्यायोचित वितरणहुने गरी खर्च गर्नु पर्ने व्यवस्था गरेको छ । यस्तो महत्वपूर्ण दायित्व लाई निर्वाह गर्ने क्रममा साझा अवधारणाको विकास गर्न यो कार्यक्रम तय गरिएको हो ।

३. कार्यक्रमको उद्देश्य :बैङ्क तथा वित्तीय संस्थाहरु सँगको सहकार्य र समन्वयलाइ बलियो बनाउंदै संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा अझ प्रभावकारीता वृद्धिगर्ने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. नेपाल राष्ट्र बैंङ्क भैरहवा र नेपालगञ्जसँग समन्वय गरी प्रदेश भित्रका बैङ्क तथा वित्तीय संस्थाहरुको विवरण माग गर्ने ।

२. बैङ्क तथा वित्तीय संस्थाहरुको सूची तयार गरी नेपाल राष्ट्र बैंङ्कको सम्बन्धीत क्षेत्रीय कार्यालय सँग समन्वय गरी बढी रहेका २ जिल्लामा अन्य जिल्लाको समेत यथासम्भव सहभागिता हुनेगरी नेपाल राष्ट्र बैंङ्कबाट सहजीकरणमा १ दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।

३. व्यवसायिक सामाजिक जिम्मेवारि सम्बन्धमा बैणक तथा वित्तीय संस्थाहरुसँग समझदारीपत्रमा हस्ताक्षर गर्ने

४. यस सम्बन्धी एक अवधारणा पत्र तयार गर्ने।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश नं ५ भित्रको कुनै २ जिल्ला

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र सामाजिक विकास डिभिजन कार्यालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ। उद्यमी छनोट प्रक्रियाका लागि आवश्यक अन्य खर्च यस शिर्षकमा विनियोजित बजेटबाट नपुग भएमा मन्त्रालयको नियमित खर्चबाट गर्न सकिने छ।

८. अपेक्षित उपलब्धि :२ स्थानमा बैङ्क तथा वित्तीय संस्थाहरु सँगको अन्तरक्रिया सम्पन्न भई सहकार्य र समन्वयलाइ बलियो बनाउंदै संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा अझ प्रभावकारीता वृद्धि भएको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रम संयोजकले ७ दिन भित्र प्रतिवेदन बनाइ महाशाखामा पेश गर्नुपर्ने छ र उक्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत संप्रेषण गर्नेछ।

- लैङ्गिक हिंसा / घरेलु हिंसा प्रभावितका लागि सञ्चालित जिल्ला सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र सञ्चालन अनुदान

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | जिल्ला | १२ | ६००० | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** सामान्य रुपमा लिङ्गका आधारमा महिला वा पुरुष भएकै कारणले हुने हिंसालाई लैङ्गिक हिंसा भनिन्छ । लैङ्गिक हिंसा / घरेलु हिंसा भित्र शारीरिक, मानसिक, यौनजन्य, सामाजिक, आर्थिक, प्रथा/परम्पराजनित हिंसाहरु पर्दछन् । लैङ्गिक हिंसा/घरेलु हिंसाभएका कारण महिला र वालबालिकाहरुले कतिपय अवस्थामा परिवार र समाज त्याग्नु पर्ने अवस्था हुन्छ भने कतिपयले यस्तो पीडा सहन नसकेर मृत्युको वाटो रोज्न बाध्य भएका हुन्छन् ।घरेलु हिंसा, पारिवारिक विचलनको एउटा महत्वपुर्ण पाटो हो । नेपाल सरकारको सहयोगमासकटासन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि गैरसरकारी सेवा–प्रदायक संस्थासँग सम्बन्धनका मानदण्डहरू, २०७४ अनुसार हिंसा प्रभावितहरुका लागि आश्रय सहितको विभिन्न प्रकारका सेवा उपलब्ध गराउन प्रदेश नं ५ अन्तर्गत विभिन्न जिल्लामा अल्पकालिन आश्रयस्थल सहितका सेवा केन्द्रहरु सञ्चालित थिए । यसै विषयलाई मध्यनजर गर्दै प्रदेश नं ५ को आ. व. २०७६/०७७ को वजेट वक्तव्यको बुदा नं ८७ मा महिला विरुद्ध हुने सबै किसिमका हिंसा, दुर्व्यवहार, भेदभाव र शोषणको अन्त्य गरी घरेलु हिंसामुक्त प्रदेश निर्माणमा जोड दिईएको र यसका लागि १२ वटै जिल्लामा घरेलु हिंसा प्रभावितलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम व्यवस्था गरिएको उल्लेख छ। तसर्थती आश्रय केन्द्रहरुलाई निरन्तरता दिन र आश्रय केन्द्रहरु नभएका जिल्लामा गैर सरकारी संघ संस्था संगको साझेदारीमा सेवा केन्द्र सञ्चालन गर्न आवश्यक देखिएको हुँदा प्रदेश सरकारले हिंसा

प्रभावितहरुका लागि संचालित अल्पकालिन आश्रयस्थल सहितका सेवा केन्द्र (safe house) सचालन अनुदान कार्यक्रमतय गरेको हो।

३. कार्यक्रमको उद्देश्य :घरेलु हिंसाबाट पीडित तथा प्रभावित भएका महिला र बालबालिकाहरुको संरक्षणको लागि सेवा केन्द्र (safe house) सञ्चालनमा सहयोग पुर्याउने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. संकटासन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि गैरसरकारी सेवा–प्रदायक संस्थासँग सम्बन्धनका मानदण्ड निर्माण गर्ने ।

२. प्रदेश अन्तर्गतका विभिन्न जिल्लामा सरकारको सहयोगमा सञ्चालित सेवा केन्द्रहरुको सूची तयार गर्ने,

३. नेपाल सरकारको सहयोगमा सञ्चालित सेवा केन्द्रलाई सङ्घीय सरकार वा स्थानीय सरकारबाट प्रदान गरिएको सहयोगमा दोहोरो नपर्ने गरी मन्त्रालयले सोझै सम्झौता गरी अनुदान प्रदान गर्ने रसङ्घीय/ स्थानीय सरकारको सहयोग प्राप्त नभएका जिल्लामा गैरसरकारी सेवा–प्रदायक संस्थासँगको साझेदारीमा सेवा केन्द्र छनौटको लागि प्रस्ताव आव्हान गर्ने ।

४. स्वीकृत मानदण्डको आधारमा उपयुक्त संस्था छनौट गर्ने,

५. छनौट भएको संस्था सँग नियमानुसार सम्झौता गरी आवश्यकता र उपयुक्तताको आधारमा अनुदान वितरण गर्ने ।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश अन्तर्गतका १२ जिल्लाहरु ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :अनुदानकोलागि छनौट भएको संस्था ।

७. बजेट परिचालन गर्ने निकायः सामजिक विकास डिभिजन कार्यालय

८. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत मानदण्ड एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । कार्यक्रमकार्यान्वयनका लागि आवश्यक तयारी बैठक, स्रोत सामग्री एवं तथ्यांक संकलन, मानदण्ड निर्माण तथा संस्था छनोट सम्बन्धी प्रक्रियाका लागि कार्यक्रममा स्वीकृत कुल बजेटको अधिकतम १० % सम्म रकम विनियोजन गरिनेछ ।

९. अपेक्षित उपलब्धि :संकटासन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि १२ जिल्लामा सेवा केन्द्र (safe house) सञ्चालन भई हिंसा प्रभावितहरुको संरक्षण भएको हुनेछ ।

१०. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

११. कार्यक्रमको प्रतिवेदन प्रणाली: अनुदान प्राप्त गर्ने संस्थाले आर्थिक तथा प्रगति प्रतिवेदन चौमासिक रुपमा सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ ।सामाजिक विकास मन्त्रालयले वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नु पर्नेछ ।

## दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | वटा | १० | ३००० | | | | |
| (प्रचार, प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | | | | | | | |

२. कार्यक्रमको परिचय: महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुको हक अधिकारको प्रचारप्रसार तथा प्रवर्धन र संरक्षणका लागि विभिन्न खालका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक हुन्छ । यसै अनुरुप सामाजिक विकास मन्त्रालय प्रदेश न ५ अन्तर्गत आ.ब. २०७६/०७७ का लागि कम्तिमा १० वटा दिवसीय कार्यक्रम (मानब वेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवस, राष्ट्रिय बाल दिवस, अन्तर्राष्ट्रिय बाल अधिकार दिवस,जातीय छुवाछुत विरुद्धको दिवस,अन्तर्राष्ट्रिय अपाङ्गतादिवस,लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, अन्तर्राष्ट्रिय महिला दिवस, बाल श्रम विरूद्धको अन्तर्राष्ट्रिय दिवस र राष्ट्रिय महिला अधिकार दिवस) संचालन गरिने छ ।

३. कार्यक्रमको उद्देश्य :दिवसीय कार्यक्रम मार्फत लक्षित वर्गको हक अधिकारको संरक्षण तथा प्रवर्द्धन सम्बन्धी सचेतना अभिबृद्धि गर्ने।

४. कार्यक्रम कार्यान्वियन प्रकृया :

१. सरोकारवालाहरु सँग समन्वय वैठक आयोजना गरी वैठकको निर्णय अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

२. सम्बन्धीत विषयसँग मिल्ने गरी सामुदायिक रेडियोमा बहस, अन्य मिडिया मार्फत सूचनामूलक सामाग्री हरु प्रकाशन र प्रशारण गर्न सकिने ।

३. सरोकारवाला निकायसगको समन्वय र सहकार्यमा अन्य रचनात्मक कार्यक्रमहरु समेत आवश्यकता अनुसार सञ्चालन गर्न सकिने ।

४. आवश्यता अनुसार मन्त्रालयमा बैठक बसी निर्णय गर्न सकिने ।

५. दिवसको उपलक्ष्यमा बाल सुधार गृह, बाल वालिका विकास केन्द्र, पुनःस्थापना केन्द्र आदिमा लजिस्टिक सहयोग

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश अन्तर्गतका विभिन्न स्थान ।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय, र सामाजिक विकास डिभिजन कार्यालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ ।

८. अपेक्षित उपलब्धि :१० वटा दिवसीय कार्यक्रम सम्पन्न भई नागरिकहरुमा सचेतना अभिवृद्धि भई लक्षित वर्गहरुको हित तथा संरक्षणमा टेवा पुगेको हुनेछ ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र सामाजिक विकास डिभिजन कार्यालय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः दिवसीय कार्यक्रम संयोजकले कार्यक्रम सम्पन्न भएको ७ दिन भित्र प्रतिवेदन तयार गर्नुपर्नेछ। उक्त प्रतिवेदन सामाजिक विकास महाशाखाले,सामाजिक विकास मन्त्रालयको चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत संप्रेषण गर्नेछ ।

नीति तथा कानून निर्माण

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | वटा | १० | ३००० | | | | |
| (अध्ययन/सर्वेक्षण/अनुसन्धान) | | | | | | | |

२. कार्यक्रमको संक्षिप्त परिचय : नेपालको संविधानको धारा १९७ र १९८ तथा अनुसूची ६, ७ र ९ मा भएको व्यवस्था तथा प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार सामाजिक विकास मन्त्रालयलाई पनि केही कानून निर्माण गर्ने अधिकार रहेको छ । सामाजिक विकास मन्त्रालय महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा अल्पसंख्यक लगायतका वर्गको फोकल मन्त्रालय भएको कारणले उनीहरुको हक अधिकार स्थापित गर्न विभिन्न ऐन नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरु तयार गर्न यो कार्यक्रम राखिएको हो ।

३. कार्यक्रमको उद्देश्य :महिला ,ज्येष्ठ नागरिक ,बालबालिका ,अपाङ्गता भएका व्यक्तिहरु को अधिकारलाई सम्बोधन हुने गरी सामाजिक विकास मन्त्रालयका कार्यक्षेत्रसँग सम्बन्धी विषयमा आवश्यक कानून निर्माण गरी उनीहरुको अधिकार सुनिश्चित गर्ने ।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

१. आवश्यक कानूनको सूची तयार गरी सम्बन्धीत विषय विज्ञको खोजी गर्ने ।

२. मन्त्रालयलमा अन्य सरोकारवाला निकायलाई समेत समावेश गरी कानून तर्जुमा समिति गठन गर्ने।

३. आवश्यकताअनुसार परामर्शदाताको TOR बनाइ निजसँग संम्झौता गरी सेवा लिने / परामर्शदाताको सेवा लिई मस्यौदा तयार गराउने ।

४. मस्यौदा गरिएको कानून उपर उपर छलफलका लागि सरोकारवाला बीच अन्तरक्रिया आयोजना गर्ने।

५. मन्त्रालयमा रहेको कानून मस्यौदा समिति तथा आवश्यकता अनुसार विज्ञहरु समेतसँग छलफल गरी कानून निर्माण गर्ने।

६. सो अन्तरक्रिया बाट प्राप्त सुझावका आधारमा आवश्यक्ता अनुसार मन्त्रालयमा बैठक बसी अन्तिम रुप दिने ।

७. तयार गरिएका कानुनको आवश्यकता अनुसार विज्ञबाट पुनरावलोकन गर्ने।

८. कानून स्वीकृतका लागि मन्त्रालयले मन्त्रिपरिषदमा नियमानुसार प्रस्ताव पेशका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने।

५. कार्यक्रम सञ्चालन स्थान :प्रदेश राजधानी बुटवल / सामाजिक विकास मन्त्रालयले तोकेका अन्य स्थान।

६. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय

७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत वजेट बाँडफाँट अनुसार खर्च गर्नु पर्नेछ।

८. अपेक्षित उपलब्धि :सामाजिक सशक्तिकरण, लैंगिक विकास, बाल अधिकार, आदि विषयलाई समेत सम्बोधन हुने गरी सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धीत १० वटा कानून निर्माण भएको हुनेछ।

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :प्रदेश सरकार / मुख्यमन्त्रि मन्त्रिपरिषदको कार्यालय ।

१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः कानून शाखाले प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ। सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

११. खर्च क्षेत्रः कानून मस्यौदा समितको खर्च, अन्तरक्रिया गर्दा लाग्ने खर्च, बैठक भत्ता, विज्ञबाट पुनरावलोकन खर्च, परामर्शदाताको खर्च, आदि।